# प्राचीन नेपाल
# ANCIENT NEPAL

संख्या १६७
बैशाख २०६५

Number 167
May 2008

**सम्पादक मण्डल**
प्रधान सम्पादक
**कोशप्रसाद आचार्य**
सम्पादक
**विष्णुराज कार्की**
**राजेश माथेमा**
**श्यामसुन्दर राजवंशी**

**Editorial Board**
Chief Editor
**Kosh Prasad Acharya**
Editor
**Bishnu Raj Karki**
**Rajesh Mathema**
**Shyam Sunder Rajbanshi**

# विषय-सूची
# Contents

## अंग्रेजी खण्ड
## English Section


**Kathmandu Valley: Removing from the List of World Heritage Site in Danger**
***Suresh Suras Shrestha*** ................................................ ***1-6***


## नेपाल खण्ड
## Nepali Section


कमल
***हरिराम जोशी*** ................................................ ७-११

राणाकालीन विकासको नमूना : वि.सं. १९९९ को बजेट
***डा. भवेश्वर पंगेनी*** ................................................ १२-२५

नक्साल स्थित भगवान वहाल (शङ्कर कीर्ति महाविहार) को प्रस्तावित कार्य योजना एक अध्ययन
***श्यामसुन्दर राजवंशी*** ................................................ २६-३९

तुलनात्मक अनुसन्धानमा लिच्छविकालका अभिलेखहरूको वैज्ञानिक महत्व
***मिचिहिरो नारिता*** ................................................ ४०-४७

जङ्गबहादुरको भोट युद्धको गताङ्कको बाँकी ................ ४९

# KATHMANDU VALLEY: *REMOVING FROM* THE LIST OF WORLD HERITAGE SITE IN DANGER

*Suresh Suras Shrestha*

**Introduction**

There are numerous properties, which are important heritage of the human genius and are the medium of the human culture. These properties are the heritage of human beings of the universe. Recognizing the threat on these unique and universal valuable heritages, from the human activities, many conventions and recommendations were made by UNESCO. Among them, ***Convention Concerning the Protection of the World Cultural and Natural Heritage*** was adopted on 16 November ***1972***, which was executed from 1975. The Convention defines the Cultural and Natural heritage as:

**Monuments:** architectural works, works of monumental sculpture and painting, elements or structures of and archaeological nature, inscriptions, cave dwellings and combination of features, which are of outstanding universal value from the point of view of history, art or science;

**Groups of buildings:** groups of separate or connected buildings which, because of their architecture, their homogeneity or their place in the landscape, are of outstanding universal value from the point of view of history, art or science;

**Sites:** works of man or the combined works of nature and of man, and areas including archaeological sites which are of outstanding universal value from the historical, aesthetic, ethnological or anthropological points of view.

Nepal had ratified the convention in 1978 and proposed Kathmandu Valley Heritage Site for the nomination as the World Heritage in 1979. It was listed in the list of WHS in the same year and Lumbini (the birth place of Lord Buddha) was also listed as World Cultural Heritage later in 1997. Besides, Chitawan National Park and Sagarmatha National Park were also listed in the list of WHS as the World Natural Heritage Sites. Kathmandu Valley World Heritage Site comprises of seven monument zones. They are: Hanumandhoka Durbar Square Monument Zone, Patan Durbar Square Monument Zone, Bhaktapur Durbar Square Monument Zone, Pashupatinath Monument Zone, Changunarayan Monument Zone, Swayambhunath Monument Zone and Boudhanath Monument Zone.

**Criteria and values for the inscription in the list of World Heirtage Sites:**

The KVWHS has been inscribed on the WH list under criteria III, IV and VI. These are:

III) bear a unique or at least exceptional testimony to a cultural tradition or to a civilization which is living or which has disappeared;

IV) be an outstanding example of a type of building, arcxhtectural or technological zone or landscape which illustrates (a) significant state/s in human history;

VI) be directly or tangibly associated with events or living traditions, with ideas, or with beliefs, with artistic and literary works of outstanding universal significance.

The seven monument zones of the Kathmandu Valley was inscribed on the list of World Heritage based on its outstanding universal value. According to the operational Guidelines, outstanding universal value means cultural and/or natural significance, which is to exceptional as to transcend national boundaries and to be common importance for present and future generations of all humanity. (Operational Guidelines 2005)

The authenticity of the Kathmandu valley world heritage property is based on the understanding that its values are expressed by the attributes presented by the listed monument and their surrounding.

As per the Operational Guidelines, properties nominated under criteria (I) to (VI) must meet the conditions of authenticity. Authenticity is a measure of the degree to which the values of a property may be understtod to have been credible, truthful and genuinely expressed by the attributes of the property. (Operational Guidelines 2005)

The integrity of the Kathmandu Valley World Heritage property is based on the understanding that each monument zone is comprised of listed monuments within a unique context.

As per the operational guidelines, all properties nominted for inscription on the world heritage list most satisfy the conditions of integrity. Integrity is a measure of the wholeness and intactness of the natural and/or cultural heritage and its attributes. (Operational Guidelines 2005)

The extent to which the property includes all elements necessary to express its outstanding universal value, is of adequate size to ensure the complete representation of the features and process which convey the property's significance, suffers from adverse effects of development and/or neglect.

As per the operational guidelines, the delineation of boundaries is an essential requirement in the establishment of effective protection of nominated properties and should be drawn to ensure the full express of the outstanding universal value and the integrity and/or authenticity of the property wherever necessary for the proper conservation of the property, and adequate buffer zone surrounding the nominated property should be provided for which has completely legal and/or customary restrictions placed on its use and development. (Operational Guidelines 2005)

**NOMINATION in 1979**

When the Kathmandu Valley was inscribed in the WH List, it was a special moment for the country. It helped to spread the news around the world about this beautiful kngdom. The Valley was still virgin and less distrubed from imported civilization and the traditional society of the Valley looked happy and innocent from technological progress.

KVWHS was nominated as the sigle site comprising seven separate heritage zones within Kathmandu Valley. It includes three Durbar Squares of the royal cities (but in the case of Bhaktapur the all city is

included), two famous Hindu temple sites: Pashpatinath and Changu Narayan and two Buddhist stupa sites: Boudhanath and Swayambhunath, Pashupatinath is one of the main Hindu sites of the world, where the urban texture mixes up with the landscape. Swayambunath is sacred both for Hindus and Buddhists, and occupies the whole of a hill, separated from the city at the time of the nomination. Equally remote was Boudhanath, the great Buddhist Stupa, a gem isolated in the middle of paddiy field, while Changu Narayan was the centre of a tiny historic centre, on the top of a hill.

The place appeared perfect for nomination, not only for the exceptional interest of a heritage both relevant and widespread, but also for it's being almost un-contaminated. It is in coincidence with the nomination that the first buildings with a reinforced concrete frame start to appear. This is the medium that allows a dangerous hybridization.

The choice was well balanced, from the point of view of the quality of the objects, but risky, for the extension of the total area involved and of each single zone. Moreover, the sites were different in their character, managed by different bodies, with different religious requirements and involved with different ethnic realities.

## THE INSCRIPTION ON THE LIST OF WORLD HERITAGE IN DANGER

Inscribing the Kathmandu Valley on the list of World Heritage, in fact, the supposedly ideal conditions, that possibly was fated to disappear in time, with the sudden introduction of modern technology and of the process of "westernization". The consequences were the same as in so many other development countries: the unbearable urbanization and the passage from rural to urban economy generated a fast erosion of the built, urban and environmental heritage. World Heritage Committee had indicated its ***grave concern that the traditional vernacular heritage of KVWHS has partially or significantly lost its authenticity and outstanding universal values since the time of inscription, resulting in general loss of authenticity and integrity of the property as a whole; the threat of uncountrolled development has persisted.*** The committee had decied ***to inscribe the Kathmandu Valley property on the list of World Heritage in Danger, and simultaneously recommended to redefine the core and buffer zones of all Monument Zones, accompanied with management mechanisms to adequately conserve the remaining World heritage values of the property*** on its 27th session 2003.

### Activities done for removing Kathmandu valley WHS from the list of WHS in Danger:

After inscribing KVWHS in the list of WHS in danger, Department of Archaeology, the major responsible body of state party-Government of Nepal for conservation of the monument zones and archaeological sites, initiated several activities for removing Kathmandu Valley from the list of WHS in danger; as per the suggestions and recommendations of World Heritage Committee. Some tangible and remarkable activities, which are either completed or on the process of being completion, can be listed as below:

1) **Redefinition of Core and buffer Zones of all Monument Zones:**

On inscribing the Kathmandu Valley on the list of World Heritage in Danger the World Heritage Committee requested the state party to legally redefine the boundaries- Core and Buffer zones. All the seven monument zones of Kathmandu valley were inscribed in the list of World Heritage Sites based on the nomination document including maps specifying boundaries, which were not officially approved by the World Heritage Committee. In such a condition, DoA prepared the redefination of the boundaries in

close consultation with the local authorities, related stakeholders and taking account the recommendations made by the International Technical Workshop held in Kathmandu in May 2004 (WHC/DoA/UNESCO Kathmandu) and the ICOMOS/WHC Mission to Kathmandu valley in 2005 and 2006. It was officially approved by the WHC on its 30th session in July 2006.

Now, there are redefined core and buffer zones in each monument zones of KVWHS; however at the time of inscribing in 1979 there was no concept of core and buffer zone, only the boundary ensured the Protected Monument Zone, which was the boundary of WHS.

**2) Integrated Management Plan/Framework:**

On inscribing the Kathmandu Valley on the list of WHS in Danger in 2003, the WHC also requested to the state party to establish a management mechanism to adequately converve the remaining World Heritage values of the property in the long term. The WHC also requested to prepare and implement the Integrated Management Plan (IMP) to manage all monument zones of Kathmandu valley. DoA prepared the IMP/F in close consultation with local authorities, conservation experts, academicians, related stakeholders, heritage management experts etc. and taking into account the recommendations made by the ICOMOS/WHC Missions to Kathmandu Valley 2006 and 2007.

The IMP/F has been prepared and executed to protect the outstanding universal values of the World Heritage property as well as to protect the locally recognized heritage values. The concept of the IMP is to develop a management structure and system, which clearly defines the roles and responsibilities of all stakeholders; and IMF is a conceptual version of IMP, which was especially prepared for allowing official adaptation by government of Nepal. It defines how the IMP be implemented.

**3. Building Bylaws:**

The bylaws are prepared and executed separately for each monument zones, addressing the specific needs, challenges and problems of each individual monument zones; that also addresses the necessity for conservation and controlled development of all components of the monument zone. These are prepared by making amendment on previously existing bylaws, which is also a part of IMP/F.

**4. Categorized Inventory:**

The DoA is preparing the categorized inventories for each monument zone; which includes the full inventories with grading of monuments of core and buffer zone in World Heritage Sites. It has also prepared street elevation of each monument zones.

**5. Conservation Activities:**

Many individual projects were undertaken by DoA as well as by the site managing authorities and other partners. The main activities include the ongoing restoration of the 55-Windows Palace in Bhaktapur, which has been fully restored, based on iconographic documentation including the complete restoration of a series of interior mural paintings.

Kathmandu Valley Preservation Trust and the American Embassy in Kathmandu also made significant efforts for the conservation of the monuments in the heritage sites.

Many magnificent temples and monuments were restored in Kathmandu Durbar Square (Hanumandhoka Monument Zone). The Kathmandu Valley Preservation Trust has also agreed to fund for the restoration of the monuments of Patan Durbar Monument Zone.

In the rest of monument zones most efforts were focused on the regular maintenance of the monuments

and upgrading of the local infrastructure.

### 6. Awareness Programs:

Both the DoA and UNESCO have set up several awareness raising initiatives throughout the Kathmandu Valley; which have shown an increased interest in cultural and heritage related issues within Kathmandu Valley.

DoA has been working to increase awareness and understanding of WHS by the local people. Several explanatory panels providing information on the existing guidelines for protected monument zone areas were placed by DoA in the monument zones of WHS for providing information to the inhabitants.

The DoA has also continued its community interation programs within the WHS for providing a forum for local inhabitants of WHS to interact with the site managers and with DoA. In the same way, Heritage in Young Hands Program, Heritage Passport, DVDs, Wave Magazine, Publications of Heritage Booklets etc. were conducted through the UNESCO office in Kathmandu.

In this way, DoA is making its efforts to preserve and conserve the WHS to ensure the coordination among responsible local bodies, inhabitants of the area and the DoA. To facilitate the implementation of the IMP, a Coordinative Working Committee (CWC) has been created, comprising the representative of the local bodies, site managers of each monument zone and chaired by DoA. DoA has been working as its secretariat. As formulated in the IMP, CWC is also the main body to monitor the implementation of IMP and the state of conservation of the site.

Evaluating all the efforts made by DoA and progress in the conservation of KVWHS, UNESCO WH Committee had removed the KVWHS from the list of World Heritage in Danger remarking that its ***"satisfaction to the efforts of the state party to complete the Integrated Management Plan and with the acknowledgement of the establishment of an integrated conservation management system"*** by its 31st Session in July 2007.

After this, DoA has more responsibilities to preserve and conserve the World Heritage Sites including implementing Integrated Management Plan (IMP) and monitoring of its execution.

## CONCLUSION

Kathmandu Valley is rich on its cultural (tangible and intangible) properties. It was also recognized by UNESCO by inscribing seven monument zones of Kathmandu Valley on the list of World Heritage in 1979. The valley was completely untouched from western civilization and innocent from the technological progress at the time of inscription on the World Heritage Sites. But it could not remain uncontaminated for a long time and it also has come to the process of Westernization. The unbearable urbanization and the westernization of society has imbalanced the environment of the world heritage property and exposed to the risk of loss of its authenticity and itengrity. As the result, UNESCO/WHC had decided to list the Kathmandu Valley in the list of World Heritage in Danger in 2003.

DoA, the responsible body of state party-Government of Nepal, has been working to conserve and preserve the authenticity and integrity of KVWHS and done several activities as recommended by UNESCO. After its effort and cooperation from other stakeholders, the KVWHS has been removed from the list of World Heritage in Danger in the last July 2007.

The decision of UNESCO/WHC of its 27th -31st session in relation to KVWHS shows that each and every world heritage site should be well managed

with a clear vision of planning for the activities do and/or don't; and should not do any acitivity which can cause the loss of the universal values, authenticity and integrity of the property as a whole.

At the end, DoA has more responsibilities for conserving and preserving the WHS in future, which is very complex in the context of the society that is in the ongoing process of urbanization and westernization.

**Bibiliography:**


1. Nepal, Bhim Prasad; World Heritage Conventions and Kathmandu Valley World Heritage Sites (In Nepali). UNESCO Secretariat for National Commission Nepal, Kathmandu. 2058.
2. Department of Information, Heritage Sites of Nepal in World Heritage List; DoI, Government of Nepal, Ministry of Communication and Information, Kathmandu, 2007.
3. DoA, Govt. of Nepal, Nomination Document for inscription of the Kathmandu Valley on the World Heritage List, 1978.
4. DoA, Ancient Nepal, No. 110-112, DoA, Kathmandu. 1989.
5. UNESCO/WHC, Operational Guidelines for the Implementation of World Heritage Convention 2005, UNESCO Paris. 2005.
6. Gupta, Divey/Junko Okahashi; Report of the ICOMOS/WHC Reactive Monitoring to the Kathmandu Valley, UNESCO, Paris, 2005.
7. Stovel, Herb/Junko Okahashi; Report of the UNESCO Mission to the Kathmandu Valley, 2006.
8. Stovel, Herb/Junko Okahashi; Report of the Joint ICOMOS-UNESCO Mission to the Kathmandu Valley, 2007.
9. Decisions of UNESCO/WHC- 27th -31st session, UNESCO Paris, 2003-2007.
10. DoA, Integrated Management Plan/Framework, DoA/UNESCO office in Kathmandu. 2007.
11. DoA, Kathmandu Valley World Heritage Site Progress Report, DoA, 2003.
12. DoA, Kathmandu Valley World Heritage Site Progress Report, DoA, 2004.
13. DoA, Kathmandu Valley World Heritage Site Progress Report, DoA, 2005.
14. DoA, Kathmandu Valley World Heritage Site Progress Report, DoA, 2006.
15. DoA, Kathmandu Valley World Heritage Site Progress Report, DoA, 2007.
16. DoA, Brochures of Kathmandu Valley World Heritage Site, DoA, Kathmandu.

# कमल

हरिराम जोशी

हिलोयुक्त जलमा उम्रने एक प्रकारको विरुवामा फुल्ने फूल विशेषको नाम हो कमल । यो फूल पानीमै फुल्ने, पानीमै विकसित हुने औ पानी मैं ओइलाउने भएको कारण जलका सत्ताईस नाममध्ये कमल पनि एक मानिन्छ अर्थात् कमललाई जलकै पर्यायको रुपमा लिइएको छ । अमरकोश अनुसार कमल समेत गरी जलका सत्ताईस नामहरु
यी हुन् :

**"आप : स्त्री भूम्नि वार्वारि सलिलं कमलं जलम् ।**
**पयः कीलालममृतं जीवनं भुवन वनम् ॥३॥**
**कबन्धमुदकं पाथः पुष्करं सर्वतोमुखम् ।**
**अम्भो र्णस्तोय-पानीय-नीर-क्षीराम्बु- शम्बरम् ॥४॥**
**मेघपुष्पं घनरसः"**

**अमरकोषः, प्रथमं काण्डं, वारिवर्गः**

यी कमलका अनेकौ नामहरु छन् । तिनीहरुमध्ये निम्नलिखित एक्काईस नामहरु अमरकोषमा वर्णित भए अनुसार विशेष उल्लेख्य छन् ।

**"वा पुंसि पद्मं नलिनमरविन्दं महोत्पलम् ॥३९॥**
**सहस्रपत्रं कमलं शतपत्रं कुशेशयम् ।**
**पङ्केरुहं तामरसं सारसं सरसीरुहम् ॥४०॥**
**विसप्रसून- राजीव-पुष्कराम्भोरुहाणि च ।**
**पुण्डरीकं सिताम्भोजम् अथ रक्तसरोरुहे ॥४१॥**
**रक्तोपनं कोकनदं"**

**- अमरकोषः, प्रथमं काण्डं, वारिवर्गः**

माथि वर्णित भइसकेको छ कि कमल हिलोयुक्त जलमा फुल्ने एक प्रकारको फूल विशेषको नाम हो । हिलोयुक्त जलमा फुल्ने भएतापनि यो फूल हिलोबाट सर्वथा निर्लिप्त रही आफ्नो सुन्दरताले सबैलाई मोहित पार्न सक्षम रहेको छ । अनि कमलमा निहित यी नै विशेषताको कारण मनुष्यलाई यसले जीवनको मूलभूत आदर्श के हो ? भन्ने कुरो को महत्वपूर्ण शिक्षा प्रदान गरेको निश्चयै लाग्दछ । हिलोयुक्त जलमा रहेर पनि यो फूल सुखा रहेको हुन्छ । कमलका यो गुणको नाम हो अलिप्ता । संसारमा मनुष्यले यसरी नै निर्लिप्त भई बाच्नु पर्दछ । राग द्वेषादि विकारहरुबाट अलिप्त भएरै भवबन्धनबाट मुक्ति प्राप्त गर्न सकिन्छ ।

कमलमा निहित यिनै विशेषताहरुको कारण कमललाई सभ्यताको प्रारुप भएदेखि नै ज्यादै आदरसाथ हेरिन लागेको थियो । मोहन्जोदडो उत्खननमा एक मूर्ति प्राप्त भएको छ । त्यस मूर्तिलाई पृथ्वीको प्रतीक रुपमा लिइएको छ । नग्न, नितंविनी तथा स्तनका भारयुक्त ती देवीले आफ्ना दुवै स्तरहरुलाई आफ्नै दुवै हातले माथि उठाइराखेकी छिन् । जस्तो पृथ्वीले पनि विन्ध्य र हिमाललाई यस्तै किसिमले माथि उठाइराखेको छ । त्यस मूर्तिको शिरमा कमलको फूल लगाइएको छ ।

विश्वका प्राचीनतम ग्रन्थको रुपमा मान्य ऋग्वेदमा कमलका दुई जातिहरुको उल्लेख पाइन्छ । तिनीहरु हुन्: पुण्डरीक (श्वेत कमल) तथा पुष्कर (नील कमल) दुई जातिको अतिरिक्त कमलको अर्को एक जाति पनि छ जसको नाम हो कोकनद् (ताम्रवर्णको कमल) तैत्तिरीय

ब्राह्मणमा कमलमालाको उल्लेख छ । पञ्चविंश नामक ब्राह्मण ग्रन्थमा कमलको उत्पत्ति नक्षत्रहरुको सामुहिक तेजवाट हुने कुराको वर्णन पाइन्छ । यस्तो भनिन्छ कि पुष्कर जातिको कमल अश्विनी कुमारहरुलाई अन्यन्त प्रिय रहेको छ । इजिप्तमा पनि ज्यादै प्राचीन कमलासना देवीको प्रतिमा पाइएको छ जसलाई कतिपय मानिसहरु लक्ष्मीकी वहिनी भनी मान्छन् । इस्लामी संस्कृतिका अनुसार सातौं स्वर्गमा खुदाको तख्तछ, जसको दायाँतिर कमलको फूल फुलीराखेको हुन्छ ।

कमल नेपाल एवं भारतीय संस्कृतिको एक अत्यन्त प्रिय तथा अर्थपूर्ण प्रतीक रहेका छ ।कमल एवं सूर्यको सम्बन्ध ज्यादै घनिष्ठ छ । सूर्यलाई कमलिनीका पति भनिन्छ र, विष्णु द्वादशादित्य मध्ये एक भएको कारण कमल तिनका सम्पूर्ण जीवनमा ओतप्रोत छिन् । विष्णुका चार हात मध्ये एकमा कमल सदा सुशोभित रहेका हुन्छ । महाराष्ट्रका महान् सन्त तथा ज्ञानेश्वरीका रचयिता ज्ञानेश्वर महाराजको अनुसार भक्तहरुको पूजा गर्नको लागि कमल सदैव विष्णु भगवानका हातमा हुने हुन्छ ।

**"हात्तीं चे नि लीला कमलें । पूजूं तयां ते ।"**

सर्वाङ्ग सुन्दर रहेका भगवान् विष्णुका चरण, हात, मुख, नेत्र एवं हृदय कमल समान् छन् । साँच्चै भन्ने हो भने भगवान् स्वयं कमल रुप छन् । यसैले तिनको पूजा कमल पुष्पहरुद्वारा गरिनु जरुरी छ । विष्णुको पूजामा सरोवरका कमल तथा तुलसीदल दुवै अनिवार्य मानिन्छ ।

विष्णुलाई सागर भनौं या जल (नार) मा शयन गर्ने हुँदा नारायण नामले पुकार्ने गरिएको छ । जसको कारण विष्णुलाई जलको प्रतिमूर्तिको रुपमा पनि लिइएमा कुनै फरक नहुने कुरा स्पष्ट छ । भगवद्‌गीता १०.३१ मा विष्णुका अवतार रहेका भगवान् श्रीकृष्णले आफूलाई नदीहरुमा गङ्गा भएको कुरा अभिव्यक्त गरेको छ ।

**"पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।**
**झषाणां मकरश्चास्मि स्रोतसामस्मि जान्हवी ॥३१॥**
**- भगवद्‌गीता, अध्याय १०**

फेरि, पुराणहरुमा भगवान् विष्णुका वायाँ चरणका औंलाका नङ्गवाट गङ्गाको उत्पत्ति भएको कुरा वर्णन गरिएको छ । यी आधारहरुवाट भगवान् विष्णु सागर नै रहेको कारण तिनको नाभीस्थलबाट एक डाँठ निस्केर कमलको फूल विकसित भएको आख्यान पुराणमा वर्णित भएको देखिन्छ । अनि सो फूलमा सृष्टिकर्ता ब्रम्हा उत्पत्ति भई तिनवाट यो सम्पूर्ण विश्वब्रम्हाण्डको सृष्टि भएको कथानक हाम्रो पौराणिक साहित्यमा भेटिन्छ । यिनै आख्यानसित मिल्दोजुल्दो आख्यान अनुमान तः सोह्रौं (१६) शताब्दी ई मा रचित स्वयम्भू पुराणमा पनि भेटिन्छन् यो ग्रन्थ नेपालका बौद्धहरुमा ज्यादै लोकप्रीय छ । यस पुराणमा वर्णित वर्णन अनुसार नेपाल उपत्यका आदिम कालमा नागदह भइरहेको समय यसको माझमा एक डाँठ निस्केर त्यसमा कमलको फूल फुलेर विकसित भई त्यसमाथि स्वयम्भू ज्योतिर्लिङ्ग को उत्पत्ति भएको थियो । यी विभिन्न यथार्थताहरूको प्राप्तिले यो विश्व ब्रम्हाण्डको उत्पत्तिको खास कारक तत्व नै कमल भएको तिर औंल्याएको स्पष्टतः लाग्दछ ।

कमलको महत्ता हिन्दु धर्म संस्कृतिको साथसाथै बौद्ध धर्ममा पनि प्राचीन समयदेखि नै स्थापित भएको थियो । बौद्धहरुका दश पारमिताहरुमा प्रज्ञापारमिता नै बुद्धका सहचारिणी मानिन्छ । तिनका हातमा कमल हुनुको साथै त्यसमाथि पुस्तक रहेको छ । बौद्धहरुको अनुसार बुद्ध जब हिड्दथे तिनका पाउ परेको स्थानमा कमलको फूल फुल्दथे । ललितविस्तरमा वर्णित भए अनुसार नरनायक (बुद्ध) को जन्म हुँदा देवताहरुले फूल वर्साए । बल तथा वीर्यले युक्त वीर (भगवान्) जन्मनासाथ सात पाइला हिडे । जहाँ जहाँ भगवानले पाइला टेकेका थिए, त्यहाँ त्यहाँ सबै रत्नले विभूषित शुभ तथा उत्तम कमल फुले ।

**"क्षिपन्ति मुरतः पुष्प जातेऽस्मिन् नरनायके ।**
**क्रम सप्तपदां वीरः क्रमते बल वीर्यवान् ॥२२१॥**
**पादौ निक्षिपते पत्र भूमौ पद्मवराः शुभाः ।**
**अभ्युद्‌गच्छन् ततो मह्यां सर्वरत्नविभूषिताः ॥२२२॥"**
**- ललितविस्तर, जन्मपरिवर्तः**

महायान बौद्ध धर्मका सर्वश्रेष्ठ बोधिसत्व अवलोकितेश्वर रहेको छ, जो पद्मपाणि हो । उनीद्वारा प्रति पादित "ॐ मणि पद्मेहुं" महायान बौद्धधर्मको मूलमन्त्र रहेको छ । यसमा पनि मणिकमलकै उच्चारण हुन्छ । तिव्वतीहरु यसलाई सौभाग्यको मन्त्र सम्झेर सदैव जप्ने गर्दछन् ।

हिन्दु एवं बौद्ध शिल्पमा पनि कमललाई औधी महत्व

दिइएको पाइन्छ । मुस्लिम शिल्पमा पनि केही हदसम्म कमललाई स्थान दिइएको छ । लक्ष्मण शास्त्री जोशीले लेखेका छन्-

*"हिन्दुस्तानमा मुस्लिम वास्तुकलाको विशवविश्यात उदाहरण आग्राको तामजमहल मानिन्छ । संसारका अरु इस्लामी इमारतहरु हेरी यो इमारत भिन्न प्रकारको छ । यसको निर्माण हिन्दु शिल्प शास्त्रका सिद्धान्तहरुको अनुसार गरिएको छ । गुम्बजहरुको जडमा कमलका पंखुडिहरु छन् र शिखरमा औंधो कमल छ ।"*

उपर्युक्त विभिन्न आधारहरुबाट प्राचीनकालदेखि नै कला एवं साहित्यको क्षेत्रमा कमलको महत्व अत्यधिक मात्रामा स्थापित भएको कुराको जानकारी मिल्छ । नेपाल एवं भारतीय कला दर्शनका प्रकाण्ड विद्वानको रुपमा मान्य डा. आनन्द कुमार स्वामीसित एक पटक कुनै एक व्यक्तिले त्यो कुन चाहि वस्तु हो जसको विना भारतीय साहित्य एवं शिल्प शून्य हुने हुन्छ भनी प्रश्न गर्दा डाक्टर आनन्द कुमारास्वामीले तत्काल "कमल" भनी उत्तर दिए । यस्तो हाम्रो प्राचीन साहित्य एवं कलाको फाँटमा कमलको औधी महत्वको परिचय मिल्छ ।

माथि वर्णित भइसकेको छ कि हिन्दु धर्म संस्कृतिको साथै अन्य धर्म, संस्कृतिमा पनि कमलको महत्व अत्यधिक मात्रामा रहेको छ । जैनहरुको 'अभियान चिन्तामणि' नामक ग्रन्थ अनुसार जैनहरुका छैठौं र एक्काइसौं तीर्थङ्करहरूका प्रतीक रुपमा कमल तथा नीलकमल रहेका छन् । महायान बौद्ध धर्म वैदिक मतको अनुरुप भगवान्को अस्तित्व कमल मैं हुने कुरो तिर महायानीहरु विश्वस्त छन् । 'ॐ मणि पद्मे हुं' महायान बौद्धधर्मको सर्वमान्य मन्त्र रहेको छ । यसबारे माथि वर्णित भइसकेको छ । नेपालमा प्राप्त प्रायश: बौद्ध मूर्तिहरुमा कमल नै आसनको रुपमा रहेको देखिन्छ । पञ्चध्यानी बुद्धमध्ये अमिताभको चुडाचिन्ह फुलेको कमल रहेको छ । मञ्जुश्रीको आसन कमल रहेको औ पद्मपाणि लोकेश्वरको प्रहरण पनि पद्म नै मानिने कुरा अनुमानित सातौं शताब्दी ई. को ल.पु. त्यागल टोलस्थित एक सानो चैत्यको अभिलेखबाट जानिन्छ ।

**"सद्धर्मरत्नकुसुमस्तवका चिताङ्गम्बुद्ध समन्तकुसुमन्नमताब्जवत्याम् मञ्जुश्रियम्परम धर्म विदङ्कुमारन्नित्यञ्च सुस्थितमतिङ्गुणैकताम् महाप्रज्ञालोकक्षतभवमहामोहतिमिरं सुखावत्यं वन्दे सततममिता भञ्जिनरविम् सलोकेशं लोकोद्भवभयहरम्पङ्कजधरम्महास्थामप्र... पा स्निग्धमन (सम्)" ।**

**- ल.पु. त्यागल टोलस्थित सानो चैत्यको अभिलेख**

यसरी बौद्धधर्ममा कमलले खास स्थान ओगटेको छ भन्न कर लाग्छ ।

कमललाई वैदिक कालदेखि नै खास मान्यता मिल्दै आएको कुराको उल्लेख माथि गरिसकेको छु । माथि वर्णित महायान बौद्धधर्मको मूलमन्त्र "ॐमणिपद्मे हुं" अथर्ववेदको निम्न मन्त्रसित ज्यादै तादात्म्य राख्तछ ।

**"पुण्डरीकं नवद्वारं त्रिभिर्गुणेभिरावृतम् ।**
**तस्मिन् यद् यक्षमात्मन्वत् तद्वै ब्रम्हाविदो विदुः ॥"**

**- अथर्ववेद १०.८.४३**

प्रस्तुत मन्त्रको प्राप्तिले वैदिककालमै नवद्वार युक्त कमल भगवानको वासस्थलको रुपमा मान्यरहेको निश्चित नै लाग्दछ । पछिगएर अष्टदल, षोडशदल आदियुक्त कमलकै बढ्ता प्रचार भएको थियो । उत्तर प्राचीनकालीन संवत् १५७ को पशुपतिको अभिलेखमा भगवान पुशपतिनाथलाई अष्टदल युक्त कमल चढाएको कुरा वर्णन गरिएको छ । हिन्दु धर्ममा कमलको महत्व अत्यधिक मात्रामा स्थापित भएकाको कारण कमललाई बुझाउने अब्ज शब्दलाई जोडेर अनेकौं देवताहरु बनेका छन्, जस्तो कि-

अब्जज= ब्रह्मा ।
अब्जयोनि = ब्रह्मा ।
अब्जासन = ब्रह्मा ।
अब्जबान्धव =सूर्य ।
अब्जहस्त =सूर्य ।
अब्जनाभ =विष्णु ।
अब्जालया या अब्जनिलया = लक्ष्मी ।

**"अन्येऽब्जप्रमुखा देवाः सिद्धास्तद्ध्यानवै भवात् ॥**
**तस्मादशेषलोकानां त्रिपुराराधनं विना ॥३१॥"**

**- ब्रह्माण्ड पुराणम् ४.५.३१**

त्रिमूर्तिमध्येका सृष्टिकर्ता ब्रह्मा कमलयोनिः, कमललोदभव तथा कमलासन नामले पनि विख्यात छ । विष्णुलाई पुण्डरीकाक्ष एवं पद्मनाभ पनि भनिन्छ । यसको अतिरिक्त यिनकी पत्नी लक्ष्मी पद्मा, पद्मालया, कमलानामले

प्रख्यात छ । द्वादश लक्ष्मीको नाम क्रममा तिनको पद्माक्षी नाम पनि आएको छ ।

हिन्दुधर्ममा त्रिवर्गमा एक-कामको भिन्नै देवताको रुपमा कल्पना गरिएको छ, जसलाई कामदेव भनिन्छ । तिनका पञ्चपुष्पायुधमध्ये नीलोत्पल पनि एक रहेको छ ।

**"अरविन्दमशोकञ्च चूतञ्च नवमल्लिकाः ॥**

**नीलोत्पलञ्च पञ्चैते पञ्चवाणस्य सायका : ॥"**

कामदेवका पञ्चपुष्पायुधको पुरातात्विक आधारमा पहिलो स्पष्ट उल्लेख पाँचौ शताब्दी ई.को मन्दसोर अभिलेखमा आएको छ ।

**"स्पष्टैः अशोकतरुकेतव- सिन्धुवार**

**लोला ऽतिमुक्तकलता-मदयन्तिकानाम् ।**

**पुष्पोद्गमैरभिनवैरधिगम्य नून-**

**मैक्यं विजृम्भितशरे हरधूतदेहे ॥"**

**- मन्दसोर अभिलेख**

महाकवि कालिदास विरचित 'कुमार सम्भव' महाकाव्यमा तपस्या रत महादेवमा कामुकता जगाउने हेतु कामदेवले पञ्चपुष्पायुधको प्रयोग गरेको कुरा वर्णन गरिएको छ । उक्त कुमारसम्भव महाकाव्यकै आधारमा कुँदेका अनुमानित पाँचौ, छठौं शताब्दी ई.का शिलामूर्तिहरु काठमाडौं नःघल, टंकेश्वरी आदि स्थानमा प्रतिष्ठापित गरिएको पाइएबाट नीलोत्पल सहित पञ्चपुष्पायुधको ज्ञान नेपालमा पुरातात्विक आधारमा पाँचौ, छैठौं शताब्दी ई. देखि भइसकेको निश्चित छ ।

फेरि, पेरियपुराण ग्रन्थमा वर्णित शैव अनुश्रुतिको अध्ययनमा शिवको निर्देशनमा ब्रह्माद्वारा अमृतघटको निर्माण भई सोही अमृतघट पछि शिवद्वारा किरांती रुप लिई वाणले हानी फुटालिएको हुँदा त्यसबाट सुवर्ण कमलयुक्त तलाउ बनेको कुरा स्पष्टरुपले देखिन आउँछ । प्रस्तुत शैव अनुश्रुति अनुसार कमलको उत्पत्तिको कारण यथार्थतः शिव नै रहेको छ । अर्को, शिवको शक्तिको रुपमा रहेकी पार्वतीका द्वादश नाम मध्ये एक कमला पनि रहेको छ । अष्टोत्तर शतनामकाली स्तोत्रमा पनि कालीको एक नाम कमला नै पाइन्छ । शिवपुराण अनुसार शिवको चक्र प्राप्त गर्ने हेतुले विष्णु शिवलाई प्रतिदिन एक सहस्र कमल पुष्पले पूजा गर्दथे । शिवले अनि विष्णुको भक्ति एवं शक्तिको परीक्षा गर्नको लागि ती कमल पुष्पहरुमध्ये एकलाई गायब गरिदिंदा विष्णुले आफ्नै नेत्र (विष्णुको नेत्रलाई कमल-नयन भनिन्छ राखी पूजा गरेका थिए । यस अनुश्रुति अनुसार कमल पुष्प महादेवको ज्यादै प्रिय पुष्प रहेको यथार्थता जानिन्छ त कमल भगवान् कै अंश मानिने परम्परा प्राचीनकाल मै रहेको तथ्यको पत्तो हुन्छ । विष्णुले कमलको रुपमा आफ्नै नेत्र प्रदान गरेकोलाई यहाँ उदाहरणको रुपमा लिन सकिन्छ ।

पुरातात्विक आधारमा पछिल्ला कुषाणकालमै शिव एवं पार्वतीका प्रहरण स्वरुप नीलोत्पल रहेको कुराको यथार्थता मथुरा स्थित कर्जन संग्रहालयको उमासहित मूर्तिमा उमा एवं शिव दुवैले नीलोत्पल समातिराखेको देखाइएबाट विदित हुन्छ । नेपालका अभिलेखहरुमा भगवान् श्री पशुपतिनाथलाई संवत् १५७ को पशुपतिको अभिलेखमा अष्टदलयुक्त रजत-कमल चढाएको कुरा वर्णित छ । अष्टदल युक्त कमल शिवको तान्त्रिक प्रतिमायन्त्रस्थित वृत्त अभिन्नको वाहिर हुन्छन् । आठ कमल दल प्रकृतिका आठ रुप हुन्- पञ्चतत्व, मन, बुद्धि र अहङ्कार । यी तथ्यहरुले शिव-पशुपति र कमलको बीच घनिष्टता रहेको कुरा सिद्ध गर्छन् । चम्पास्थित शैव मूर्तिहरुमा पनि शिवका प्रहरणको रुपमा कमलडाँठ रहेको पाइन्छ । ११ औं, १२ औं शताब्दी इ. को खजुराहोका एक अभिलेखमा शिवको मुखलाई कमल भनी वर्णन गरिएको छ जुन मुखमा माहुरी कमलमा अवस्थित हुने जस्तै सरस्वती बस्दछे ।

**"पशुपतिवदनच्छद्मनि पद्मसद्मनी सदा या ।**

**जयति विलक्षणरुपा शुक्लाभा भारती भ्रमरी ॥"**

**सन्दर्भ कृतिहरुः**


१. हरिराम जोशी, उत्तर प्राचीनकालीन मुद्रा, साझा प्रकाशन, नेपाल, वि.सं.२०३३
२. A.C. Bose, The call of the vedas, Bharatiya Vidya Bhavan, Bombay, 1960 A.D.
३. हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, ने.रा.प्र.प्र., २०३० वि.सं. ।
४. J.H. Dave, Immortal India, Vol. I, Bharatiya Vidya Bhavan, Bombay,
५. वाराणसीबाट प्रकाशित हुने "आज" दैनिक, ३ मार्च १९७३; अप्रिल १९७३
६. R.C. Majumdar, Champa, The Punjab Sanskrit Book Depot, Lahore, 1927 A.D.
७. The Age of Imperial Unity, Bharatiya Vidya

Bhavan, Bombay, 1953 A.D.
८. D.C. Sircar, Select Inscriptions, Vol. I, University of Calcutta, 1965 A.D.
९. कालिदास, अभिज्ञान शाकुन्तलम्, मडर्न बुक एजेन्सी, कलकत्ता, १९५३ ई.
१०. कालिदास ग्रन्थावली, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, १९९६ ई.
११. महादेव शास्त्री जोशी, हमारी संस्कृति के प्रतीक सस्ता साहित्य मण्डल प्रकाशन, नई दिल्ली, १९८९ ई.
१२. अमरकोषः, चोखम्बा विद्याभवन, वाराणसी, १९९५ ई.
१३. श्रीमद्‌भगवद्‌गीता, गीताप्रेस, गोरखपुर, वि.सं.२०३८
१४. स्वयम्भू पुराण, नागार्जुन बौद्ध अध्ययन संस्थान, ललितपुर, ११२१ नेपाल सम्वत्
१५. ललित विस्तर, उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, १९८४ ई.सं.
१६. Gopinath Rao, Elements of Hindu Iconography, Motilal Banarsidass, Delhi-7, 1968 A.D.
१७. ब्रम्हाण्डपुराणम्, मोतीलाल बनारसी दास, १९८३ ई.सं.
१८. हरिराम जोशी, अभिनव संस्कृतिकोष, जोशी रिसर्च इन्स्टिच्युटको लागि सुशीलराम जोशी र नवीन्द्रराज जोशी, २०५८ वि.सं.
१९. राहुल सांकृत्यायन, तिब्बत में बौद्धधर्म, १९४८ ई.
२०. J.H. Dave, Immortal India, Bharatiya Vidya Bhavan, Bombay, 1959 A.D.
२१. पं. श्री राम शर्मा आचार्य, तन्त्र महाविज्ञान, द्वितिय खण्ड, संस्कृति संस्थान, उत्तरप्रदेश, १९७१ ई.
२२. बलदेव प्रसाद मिश्र, नैपालका इतिहास, शक १८५१ ।

# राणाकालीन विकासको नमूनाः वि.सं. १९९९ को बजेट

डा. भवेश्वर पंगेनी

### परिचय

सामान्यतया 'जनताको सुविधाका निम्ति विकास' भन्ने आधुनिक धारणाको पहुँच भै नसकेको तत्कालीन नेपालमा शासकले आफ्नो सुविधा, रुची तथा आवश्यकताका लागिमात्र विभिन्न निर्माण मर्मतको कार्य गरेको पाइन्छ । यसैक्रममा मध्यकालीन उपत्यकाका उल्लेख्य कलाकृतिका धरोहरका रुपमा रहेका भक्तपुरको ५५ भ्याले दरवार, काठमाडौंको हनुमानढोका, ललितपुरको कृष्णमन्दिर उदाहरणमात्र हुन् । यी सवै तत्कालीन शासकले व्यक्तिगत शोखबाट निर्माण गराएको देखिन्छ । यसैगरी आधुनिककालका धरोहरका रुपमा रहेका वसन्तपुरदरबार, धरहरा, घण्टाघर, सिंहदरबारलगायत पनि यसैका प्रकृतिका हुन् । राणाकाल पूर्वका यस्ता निर्माणका लागि राज्यले निश्चित अड्डा खडागरेको भने पाइँदैन भने राणाकालको आरम्भतिरदेखि नै राज्यको संलग्न रहेको निर्माण मर्मतका लागि केही हदसम्म भए पनि निश्चित निकायलाई जिम्मा दिइएका देखिन्छ । यसै सन्दर्भमा प्रधानमन्त्री चन्द्रशमशेरले एउटा छुट्टै अड्डा खडागरी निर्माण मर्मतको जिम्मा दिएका थिए । उनले '**पब्लिक वर्क मधेसपाहाड् रिपोर्ट निक्सारी अड्डा**' नामको अड्डाबाट यस्ता कार्य गराउँथे । सामान्यतया यस पूर्व नदेखिएको सो अड्डाका बारेमा यहाँ सामान्य प्रकाश पार्ने प्रयास गरिएको छ । यसका अतिरिक्त विकास र निर्माणका दृष्टिले कुनै पनि प्रयास नगरिएको भनिने राणाशासनकालको उत्तरार्द्धमा खासगरी प्रधानमन्त्री जुद्धशमशेरले यसै अड्डा मार्फत् एक वर्षमा मुलुकका पहाडी तथा मधेशका विभिन्न जिल्लाहरूमा अस्पताल, औषधी पसल, सर्वसाधारणलाई पिउने पानीका लागि इनार, मन्दिर/पाटीपौवा, भ्यालखाना, विभिन्न अड्डा-अदालत-अमिनीका भवनलगायतको निर्माण गराएको पाइन्छ । यसै सन्दर्भमा वि.सं. १९९९ सालमा मात्र उनले राजधानी बाहिर मधेस र पाहाडका विभिन्न जिल्लाहरुमा उपरोक्त निर्माण एवम् मर्मतका लागि ठूलो रकम छुट्याएर कामको निर्देशन दिएको एउटा उदाहरण छ, जुन राणाशासनकालको एउटा उल्लेख्य उपलब्धि पनि मान्न सकिन्छ । प्रस्तुत लेखमा एक वर्षमा प्रधानमन्त्री जुद्धशमशेरले विकास निर्माण क्षेत्रमा 'पब्लिक वर्क मधेशपाहाड् रिपोर्ट निक्सारी अड्डा' मार्फत् के कस्ता कार्यहरु गराएका थिए भन्ने विषयको यथासक्य चर्चा पनि गरिएको छ ।

### निमार्ण मर्मतसँग सम्बन्धित अड्डा

इतिहासको आरम्भदेखि नै राजतन्त्र भएको यस मुलुकको शासन सञ्चालनमा विभिन्न पद तथा अड्डाहरु हुनु स्वाभाविकै हो । प्राचीनदेखि राणाकालसम्मको सन्दर्भ उठाउँदा कतिपय पुराना पद तथा अड्डाहरु हराउँदै तिनमा नयाँ बन्ने एवम् परिमार्जन हुने क्रम पनि रहेको पाइन्छ । पहिलो किराँती राजा येलुङ् वा यलम्बर[१] लगायत सिंगो किराँतीले राज्य सञ्चालनका लागि के कस्ता पदहरु सिर्जना गरेका थिए वा सो वंशको शासनकालमा कस्ता अड्डा एवम् पदहरू थिए

भन्ने विस्तृत जानकारी नपाइए तापनि राजा नै राज्यप्रमुख भई आधुनिक राजनीतिक व्यवस्थाका कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाका प्रमुख पनि उनै हुन्थे ।[२] लिच्छवी शासनकालमा भने महाप्रतिहार, सर्वदण्डनायक, दूतक,[३] भट्टारक महाराज, राजा, बडामहारानी[४] राजकुमार, राजकुमारी, चाटभट मुखिया, दूतकवार्त्त, पानीयकर्मान्तिक, दौवारिकका अतिरिक्त अर्जवेगी, छरिदार, विचारी, उमराव[५], सार्थवाह, गोतियार[६], सिन्द्रिर दौवारिक, वैत्रदौवारिक, स्थानदौवारिक[७], महासामन्त[८] आदि जस्ता पदहरु देखिन्छन् । त्यस्तै कुथेरअधिकरण, शुल्लीअधिकरण, लिङ्ग्वलअधिकरण, माप्चोकअधिकरण, पश्चिमाअधिकरण, पूर्वाधिकरण, भट्टाधिकरण, पीटल्जाधिकरण आदि नामका अड्डाहरूको विकास भए ।[९] त्यसो त कौटिल्यले पनि कोशगृह (सुवर्णरत्न आदि जम्मा हुने ढुकुटी घर) पण्यगृह (सरकारी बिक्रीहुने वस्तुहरू जम्मा गरिने घर) कोष्ठागार (अन्न आदि खाद्यवस्तुहरु जम्मा हुने कोठा) कुप्यगृह (साल आदि उत्तम काठहरु जम्मा हुने जिन्सी भन्डार) आयुधागार (हतियारहरू राखिने भण्डार घर) बन्धनागार (झ्यालखानाहरु) आदि जस्ता अड्डाहरुको उल्लेख गरेकाले सो समयदेखि नै राज्य सञ्चालनका क्रममा यस्ता अड्डाहरु यस क्षेत्रमा विकसित भइसकेको देखिन्छ ।[१०]

मध्यकालसम्म आइपुग्दा खासगरी काठमाडौं उपत्यकामा देश, दुवार, कोट्ट, ठाना (थाना), पञ्चायत, कचहरी, ग्राम, टोल आदि जस्ता विभिन्न प्रशासनिक निकाय प्रचलनमा थिए ।[११] यसै समयमा यहाँ राज्यबाट गरिने निर्माण/मर्मतको काममा जनताको प्रत्यक्ष संलग्नता रहन्थ्यो । जस्तो गढ पर्खाल, पुल, मन्दिर, कुलो, पोखरी आदि निर्माण एवम् मर्मतको काम तथा आवश्यकताअनुसार लडाइँ आदिसमेत उर्दिबमोजिम जनता संलग्न हुनुपर्दथ्यो । यसमा कसैले आनाकानी गरे त्यस्तासँग पैसा दण्ड गर्ने, देश निकाला गर्ने लगायत दण्डसजायको भागी हुनुपर्दथ्यो ।[१२] राज्यबाट गरिने वा जनताबाट हुने निर्माण/मर्मत कार्यका लागि छुट्टै निकाय वा अड्डाको विकास भइसकेको नदेखिए तापनि मल्लकालमा नै 'छेभडेल' नामक अड्डाको अस्तित्व भेटिन्छ जो राणाकालमा पनि रहेको देखिन्छ । राणाकाल पूर्व ई.सं. १७९९ (वि.सं. १८५६) मा दरवार, सार्वजनिक भवन, पाटीपौवा, मन्दिर धर्मशाला आदिको निर्माण/मर्मतको दायित्व यस अड्डालाई दिइएको भन्ने पाइन्छ ।[१३] त्यतिहुँदा पनि छेभडेल अड्डाले तोकिएकै कार्य गरेको उदाहरण भने त्यति पाइँदैन ।

निश्चित अड्डालाई निर्माणको दायित्व दिइएको भन्ने उल्लेख पाइए तापनि लिखतमा भने त्यसको उदाहरण नपाइने कुरा आधुनिक कालका पृथ्वीनारायण शाह, भीमसेन थापालगायतको निर्माण कार्यलाई उदाहरणका रूपमा लिन सकिन्छ । पृथ्वीनारायण शाहले भक्तपुर विजय गर्नासाथ ई.सं. १७६९ नोभेम्बर (वि. सं. १८२६) मा जमीनबाट २७ हात जति उँचाई र ९ तल्ला भएको बसन्तपुर नामक रजपूत शैलीको दरबार बनाउन लगाएका थिए । यसमा

---

१ बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रुपरेखा, वाराणसी: श्रीमती कृष्णकुमारी देवी, वि स २०२७, पृ. ६४,७३ ।
२ तुल्सीनारायण श्रेष्ठ, नेप्लीज एडमिनिस्ट्रेशन ए हिस्टोरिकल प्रर्स्पेक्टिव, काठमाण्डौ राइनो पब्लिकेशन, ई स १९८९, पृ. १० ।
३ धनवज्र बज्राचार्य, लिछविकालका अभिलेख कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र वि. सं. पृ. १८२ १८३ ।
४ ऐजन, पृ. १४, ५२, ६७, ८३, ९३, १०६, २२६, २४५, ३०३, ५६७ ।
५ धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, पाञ्चाली शासन पद्दतिको ऐतिहासिक विवेचना, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३५, पृ. २१६-२१७, १३२ र १६६ ।
६ जगदीशचन्द्र रेग्मी, लिच्छवि-इतिहास: नेपालको चौथो शताब्दीदेखि आठौं शताब्दीसम्मको छोटकारी इतिहास, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. ३६, २२२ ।
७ हरिराम जोशी (सम्पा.), नेपालको प्राचीन अभिलेख, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३०, पृ. ४७२ ।
८ नयराज पन्त र अरु, लिच्छविसंवत्को निर्णय, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३०, पृ. २५६ ।
९ क. वज्राचार्य र श्रेष्ठ, पाद टिप्पणी नं. ५, पृ. ५१-५७ ।
ख. धनवज्र वज्राचार्य, "लिच्छविकालको शासनपद्धति", पूर्णिमा, वर्ष-६, अङ्क- ३, पूर्णाङ्क-२३, वि.सं. २०२६, पृ. १६९-१८० ।
ग. वज्राचार्य, पाद टिप्पणी नं. ३, पृ. ११०-११, ३०१-२, ५६३-६५, ६५९ ।
१० सोमनाथ शर्मा (सम्पाद.), कौटिल्यको अर्थशास्त्र (संस्कृत-मूलसहित नेपाली-भाषानुवाद र विशिष्ट शब्दकोश), काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०२४, पृ. ९७-१०६ ।
११ जगदीशचन्द्र रेग्मी, नेपालको वैधानिक परम्परा (प्रारम्भदेखि ई. १८४६ सम्म), प्रकाशन स्थान अनुल्लिखित, तन्नेरी प्रकाशन, वि.सं. २०३६, पृ. १५२-१६३ ।
१२ ऐजन, पृ. १५३ ।
१३ तुल्सीराम वैद्य र त्रिरत्न मानन्धर, आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१), प्रकाशन स्थान अनुल्लिखित, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. ४३-४४ ।

नुवाकोट र लामीडाँडा इलाकाबाट आएका अग्राख र चाँपका काठ, कीर्तिपुरका डकर्मी, ललितपुरका सिकर्मी र लोहकर्मी तथा भक्तपुरबाट आएको पाँचामाटो उपयोग गरिएको थियो । नवनिर्मित यस दरबारको नैऋत्य (दक्षिण-पश्चिम) कुनाका बुर्जाको नाम 'बसन्तपुर कैलाश' र उँचाई २७ हात, वायव्य (उत्तर पश्चिम) कुनाका बुर्जाको नाम 'बंगला' (धातुको छाना) र उँचाई ४९ हात, ईशान (उत्तर-पूर्व) कुनाका बुर्जाको नाम 'लक्ष्मीविलास मन्दिर' र उँचाई ५० हात तथा आग्नेय (पूर्व दक्षिण) कुनाका बुर्जाको नाम 'विलास मन्दिर' र उँचाई ५१ हात थियो ।[१४] यस्तो भव्य एवम् त्यसबखतसम्म उपत्यकाका तीनैवटा शहरमा नयाँ शैलीको मानिएको दरबारको निर्माणमा कुनै निश्चित अड्डा अफ मल्लकालीन 'छेभडेल'को संलग्नता रहेको चर्चा भने पाइँदैन ।

यसैगरी भीमसेन थापाले काठमाडौंको मुटुमा पर्ने टुँडिखेलनेर दुई ठूला तथा अग्ला धरहरा बनाउन लगाएका थिए । एउटा वि.सं. १८९० सालको भूकम्पमा भत्किएको थियो भने बाँकी रहेको पनि यसको शताब्दी पछि वि.सं. १९९० सालको भूकम्पमा भत्केपछि प्रधानमन्त्री जुद्धशमशेरले जीर्णोद्धार गराएका हुन् ।[१५] यसका अतिरिक्त उनले पिउने पानीका निम्ति धरहरानेर सुनधारा पनि बनाए । त्यस्तै उपत्यकामा बाह्रै महिना चल्ने कुलो बनाई त्यसको सुरक्षा र मर्मत आदिका लागि पाटन, सुनागुठी, ठेचो, चापागाउँका द्वारेहरूका नाममा पनि तैनाथी लालमोहर जारिगरेका थिए । कीर्तिपुरको कुलोमा जस्तै यी कुलोहरुमा पनि पालोपहराका निम्ति व्यक्तिको संख्या तोकेर सो कार्य गुठीको जिम्मा छोडिएको थियो । त्यस्तै पिउनका अतिरिक्त सिचाइसमेतका निम्ति भीमसेन थापाले कुलो एवम् पोखरीहरु निर्माण गर्न लगाएका उदाहरणहरु पनि पाइन्छन् । यसै सन्दर्भमा उनले काठमाण्डौ कीर्तिपुरस्थित रानीवन दुधपोखरीको पानी ढल वा कुलाबाट कीर्तिपुरमा ल्याई पोखरी बनाई त्यसमा पानी संगाल्न सो क्षेत्रका बिभिन्न खोला दहमा माछा पाल्ने जस्ता काम पनि गराएका थिए । यसका लागि उनले सो क्षेत्रका विभिन्न व्यक्तिहरुलाई जिम्मा नै तोकि दिइएका थिए ।[१६] रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरासुन्दरीले वर्तमान थापाथलीमा वाग्मतीमाथि एउटा पुल बनाउन लगाएकी थिइन् । यसका लागि भीमसेन थापाले डिठ्ठा लक्ष्मीनारायण, सुब्बा लोकनाथ पांडे र पिहुर लामा, सुबेदार जयद्रथ र दलवारलगायत अनेक मानिस लगाई वि.सं. १८६८ साल चैत महिनामा १३५३ हातको पुलको उत्सर्ग गराएका थिए ।[१७] त्यस्तै मुलुकको 'प्राइमिनिष्टर' भएपछि माथवरसिंह थापाले छाउनीको म्यूजियम घर बनाउदा "पाँच सरकारको काम सबैले गर्नु पर्दछ र म पनि गर्छु" भन्दै हात्तीमाथि २/४ वटा इँटा राखी बाँकी सबै फौजी जवानलाई बोक्न लगाई निर्माण गराएका हुन् ।[१८] उल्लेख्य कुरा के छ भने यी सबै निर्माणहरूमा छेभडेल लगायत अड्डाको भूमिका देखिँदैन ।

जहाँसम्म सडक निर्माण एवम् मर्मतको सन्दर्भ छ जंगबहादुरले काठमाडौंबाट पूर्वमा मेची र पश्चिममा डोटीसम्म बाटो बिस्तारका लागि रु. तीन लाख खर्च गरेको देखिन्छ ।[१९] उनकै उत्तराधिकारी चन्द्रशमशेरले भने विद्यमान घाट, साँगु, डोरी (नदी पारगर्ने फलामको मोटो तार) आदि लगायतका ठाउँमा झोलुङ्गे पुल निर्माण गराएका थिए । यो कार्य राजधानी काठमाडौं उपत्यकामा नख्खु खोलाको पुललगायत पूर्वमा कर्रा, सामरी, सिर्सिया आदि तथा पश्चिममा काली गण्डकीको रिडी, राम्दीलगायत थुप्रै खोला, नदीहरूमा तथा काठको पुल भने अन्य धेरै खोला-नदीमा राख्न लगाएका थिए ।[२०] यतिमात्र नभएर तराईको वीरगंजदेखि सिमरासम्म साढे चौध माइल लामो तथा २० फीट चौडा मोटरकार र हलुका वाहन हिँड्न मिल्ने सडक एवम् धुर्सिङ्देखि काठमाडौं उपत्यकाको किसिपिडीसम्म १४ माइल लामो एवम् ४,५०० फीट उँचाइसम्मबाट एकतर्फबाट प्रति घण्टा ९ टनसम्म

---

१४ बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (ई.सं. १७२३-७५) भाग- ३, नेपाल: श्री महाराजाधिराजका प्रमुख संवाद सचिवालय, वि.सं. २०२५, पृ. ५१८, ५४४ ।

१५ चित्तरञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०३५, पृ. १५५ ।

१६ ऐ.जन, पृ. १५६-७ ।

१७ योगी नरहरिनाथ, *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह (भाग- १)*, दाङ आध्यात्मिक सम्मेलन, वि.सं. २०२२, पृ. २१६-१७, २३१-३२ ।

१८ नेपाली, *पाद टिप्पणी नं. १५, पृ. ७१ ।*

१९ पर्सिभल ल्याण्डन, हिष्ट्रि अफ नेपाल (भोलम- १), दिल्ली: आदर्श इन्टरप्राइज, ई.सं. २००१, पृ. १९७ ।

२० ऐ.जन, पृ. १९९ ।

सामान बोक्ने क्षमताको रोपवेको निर्माण गराएका हुन् ।[२१] त्यस्तै उनले मुलुकमा पहिलो पटक पानीबाट विजुली उत्पादन गर्न काठमाडौं नजिकै पर्ने फर्पिङ्ग जलविद्युत निर्माण तथा सञ्चालन गरेका थिए ।[२२]

तुलनात्मकरूपमा काठमाडौं उपत्यकामा रहेका तीन शहरहरूमध्ये अविकसित ललितपुर राणाकालको उत्तरार्द्धसम्म पिउने पानीको सुविधाबाटसमेत वञ्चित पाइन्छ । सम्भवतः यो कुराबाट परिचित चन्द्रशमशेरकी पहिलो श्रीमती लोकभक्त लक्ष्मीदेवी आफैं पाटनवासीको यो समस्याप्रति रूची लिएर उनकै प्रयासमा शहरको ४/५ माइल दक्षिणबाट मूलको पानी पिउनका लागि पाटनमा ल्याइएको भन्ने पाइन्छ । यो कार्यको प्राविधिक पक्षमा नेपाली इन्जिनियरहरू कर्णेल किशोरनरसिंह तथा उनका भाइ कर्णेल कमा(र?) नरसिंह संलग्न थिए । उनीहरूले वाग्मती नदीमाथि भण्डै एक शताब्दी पहिले भीमसेन थापाले निर्माण गरेको पुलको स्थानमा ३०० फिट लामो भोलुङ्गे पुल निर्माण गरी सोही पुलबाट पानीको पाइप ल्याएका थिए । यो पुल निर्माण भने इन्जिनियर कुमा(र?) नरसिंहले गराएको थियो । पाटन शहरमा ल्याइएको यो पानीको तत्कालीन राजाबाट ई.सं. १९०५ (वि.सं. १८६२) मा उद्घाटन गराइएको थियो ।[२३] त्यसैगरी चन्द्रशमशेरकी अर्की श्रीमती वालाकुमारीदेवीको जन्मस्थल पश्चिम नेपालमा पर्ने जाजरकोटमा ई.सं. १९२४ (वि.सं. १९८१) मा पिउने पानी वितरणको कार्य सम्पन्न भयो । ई.सं. १९२१ (वि.सं. १९७८) मा आफ्ना जेठा छोरा वालशमशेरको स्मृतिमा ववरशमशेरले पोखरामा पिउने पानीको व्यवस्था गराएका थिए । पूर्वको धनकुटामा पनि पाइपवाट पानी वितरण गर्ने कार्य चन्द्रशमशेरको समयमा नै भएको थियो ।[२४] यस्ता निर्माण कार्यमा कुनै अड्डाको सक्रियतामा एवम् संलग्नता भने देखिंदैन ।

राणाकालको मध्यतिरसम्म भएका उपरोक्त महत्वपूर्ण निर्माण कार्यमा निश्चित अड्डाको उल्लेख्य भूमिका नपाइए तापनि लिखतमा भने निर्माण, मर्मत एवम् व्यवस्थापनका निम्ति विभिन्न समयमा विभिन्न नामका अड्डाहरुको अस्तित्व भेटिन्छ । छेभडेल, घरकाज अड्डा, रिपोर्ट निक्सारी अड्डा आदि यसका उदाहरण हुन् ।

छेभडेल अड्डा- मल्लकालको 'भूवदेल' ले जस्तै जंगबहादुरको समयमा 'छेभडेल (चिवन्डेल) ले सार्वजनिक निर्माण विभागले जस्तै पुराना घर, भ्यालखाना, मन्दिर, शिलखाना आदि निर्माण एवम् मर्मत गर्नुका अतिरिक्त काठमाडौं उपत्यका भित्र भने सडक मर्मतको पनि गर्ने गरेको कुराको कतिपय लिखतमा उल्लेख पाइन्छ ।[२५] फारसखान नामक अड्डाले भने फर्निचर, कार्पेट, सुकुल बिस्तरा आदिको व्यवस्था तथा मर्मत गर्ने कुराको चर्चा पनि पाइन्छ । राजधानी काठमाडौंमा ई. सं. १८४८-४९ (वि. सं. १९०५-६) मा एक जना सुव्वालाई फारसखानाको प्रमुख बनाइएको थियो । त्यसै समयतिर पश्चिम तराईको बुटवल जिल्लामा पनि एउटा फारसखाना अड्डा रहेको भन्ने उल्लेख नपाइने होइन ।[२६]

घरकाज अड्डा- घरकाज अर्थात् सार्वजनिक निर्माण अड्डा प्रधानमन्त्री वीरशमशेरले स्थापना गरेको देखिन्छ । यसलाई राजा र प्रधानमन्त्रीको दरबार निर्माण-मर्मत गर्ने दायित्व दिनुका अतिरिक्त उच्चपदस्थ राणापरिवारको आवासको डिजाइन, निर्माण, तथा मर्मत गर्ने दायित्व दिइएको थियो । यस अड्डाको प्रमुख भने हजुरिया जनरल हुन्थ्यो । यो अड्डामा ओभरसियरका अतिरिक्त सिकर्मी, डकर्मी, पेन्टर, प्लम्बरलगायत सीपयुक्त कामदारका साथै ठूलो संख्यामा अन्य कामदारहरू रहन्थे । त्यतिमात्र नभएर आवश्यकताअनुसार यसले बन्दीलाई पनि काममा लगाउन

---

२१ गेजन, पृ. १९९-२५१ ।

२२ क. भवेश्वर पंगेनी, "फर्पिङ्-सुन्दरीजल विजुली बत्ती र 'चन्द्रप्रकाश बिजुली अड्डा', अभिलेख, वर्ष-२२, पूर्णाङ्- २२, वि.सं. २०६१, पृ. ५१-६४ ।
ख. भवेश्वर पंगेनी, "अभिलेखमा सीमित चन्द्रबत्ती" गोरखापत्र वि.सं. २०६१ असोज १६ गते शनिवार पृ. क

२३ ल्याण्डन, पाद टिप्पणी नं. १९., पृ. १९६ ।

२४ गेजन, पृ. १९७ ।

२५ कृष्णकान्त अधिकारी , नेपाल अन्डर जङबहादुर १८४६-१८७७ (भोलम-१) काठमाण्डौ : बुक् ई.स १९८४, पृ. ७९ ।

२६ गेजन, पृ. ८२ ।

२७ एड्रीन सेभर, नेपाल अन्डर द रानाज, न्यूदिल्ली : अक्स्फोर्ड एण्ड आइ. वि एच पब्लिशर्स, इ.स १९९३ पृ. २५० ।

२८ वैद्य र मान्नधर, पाद टिप्पणी न १३ पृ. १७६ ।

सक्थ्यो भन्ने जस्ता जानकारी पाइन्छन् ।[२७] यस अड्डालाई पाँच मुख्य शाखासमेतमा विभाजन गरिएको पाइन्छ जसमा- लगत र चेक फाँट, नगदी फाँट मालगोदाम, काठगोदाम र बनाउने अड्डा थिए । पछिगएर यसको दुई नयाँ शाखाहरू खोलिए । तीमध्ये एकले दरबारहरूमा बिजुली जडान गर्ने काम गर्थ्यो भने अर्कोले मेच-टेबुल आदिको प्रबन्ध गर्थ्यो ।[२८] यति भए तापनि सम्वन्धित कार्यमा यस अड्डाले कसरी के-कस्ता कार्य गऱ्यो भन्ने विस्तृत जानकारी दिने सामग्री भने पाइएको छैन । वि. सं. १९९९ सम्म आइपुग्दा भने निमार्ण मर्मतका लागि राज्यले निश्चित प्रक्रिया अपनाएको देखिन्छ । राजधानी बाहिरका जिल्लालाई समग्रमा पहाड र मधेश दुई भागमा विभाजन गरिएको सन्दर्भमा यी दुवै प्रशासनिक क्षेत्रलाई पूर्वी तथा पश्चिमी गरी दुई छुट्टाछुट्टै समूहमा विभाजन गरिएको पाइन्छ ।

रिपोर्ट निक्सारी फाँट- जिल्लाहरूबाट शान्ति सुव्यवस्था, मालपोत तथा प्रशासनलगायतका बारेमा रिपोर्ट सङ्कलनका लागि प्रधानमन्त्री चन्द्रशमशेरले आफ्नै मातहतमा यो अड्डा खडा गरेको देखिन्छ ।[२९] दरवार तथा सरकारी अड्डा निर्माणका लागि भनिएको यसलाई पनि उनले आफ्नो प्रत्यक्ष नियन्त्रणमा राखेका थिए । त्यति हुँदा पनि उनले रु. ५० लाख खर्चगरी १४०० कोठाको सिंहदरवार निर्माण कार्यमा ती अड्डाहरूको भूमिकाका बारेमा भने त्यति स्पष्ट जानकारी पाइँदैन ।[३०]

आफ्ना छोराहरूलाई दरवार निर्माणका लागि वीरशमशेरले पहिलो पटक 'घरकाज अड्डा' खडा गरेका हुन् भन्ने कुरा बाबुराम आचार्यले भनेको प्रसङ्ग अग्रवालले उल्लेख गरेका छन् । दाजुले स्थापना गरेको घरकाज अड्डालाई चन्द्रशमशेरले पुनर्संरचना गरेका हुन् । यसले प्रधानमन्त्रीको दरवार (सिंहदरबार), राजदरवार (नारायणहिटी दरवार) अन्य सरकारी आवासका अतिरिक्त महत्वपूर्ण राणा दरवारहरू पनि हेर्दथ्यो । सेनामा ब्रिगेडियर कर्णेलसमेत भएका राणा नै प्रमुख इन्जिनियर रहने यो अड्डाको आरम्भका प्रमुखमा कुमार नरसिंह देखिन्छन् । चन्द्रशमशेरको समयमा यसलाई लगत र चेक फाँट, नगदी फाँट, मालगोदाम, काठगोदाम, बनाउने अड्डा आदिको जिम्मा दिइएको भन्ने उल्लेख पाइन्छ ।[३१]

वि.सं. १९७६ को सवाल अनुसार यसमा प्राविधिक एवम् अप्राविधिक दुई किसिमका कामदार रहन्थे । प्राविधिकमा प्रमुख इन्जिनियर, ओभरसियर, नाइके, कारिगर, सिकर्मी, डकर्मी आदि पर्दथे भने अप्राविधिकमा मुखिया, हाकिम, बनाउने हाकिम, खरिदार, कारिन्दा, राइटार र नौसिन्दा आदि पर्दथे ।[३२] त्यसो त बाटोकाज अड्डा, अस्पताल अड्डा जस्ता निर्माणसँग सम्वन्धित अड्डाहरू पनि नभएका होइनन् ।[३३]

विन्तिपत्र निक्सारी अड्डा- चन्द्रशमशेरले ई.सं. १९०७ (वि.सं. १९६४) मा स्थापना गरेको यो अड्डा सोझै प्रधानमन्त्रीको नियन्त्रणमा रहन्थ्यो । साधारण जनताले चढाएका विन्तिपत्रहरू यस अड्डामा प्राप्तहुनासाथ प्रधानमन्त्री समक्ष पेश गर्नुपर्ने, तिनलाई उनले अध्ययन गरी सम्वन्धित अड्डाका नाममा तोक-आदेश जारी गर्ने र सो मुताविक सम्वन्धित अड्डाले आवश्यक कारवाही अगाडि बढाउँथ्यो । विन्तिपत्रमा उल्लिखित सबै विषयमाथि छानबिनगरी प्रमाण, साक्षी, कागजात आदि आवश्यक प्रमाण जुटाई आफ्ना राय सहित मुख्तियारछेउ पठाउनु पर्दथ्यो । मुख्तियारले त्यस्ता विन्तिपत्र एवम् प्रमाण/दस्तावेजहरू अध्ययनगरी रायसहित विन्तीपत्र निक्सारी अड्डामार्फत प्रधानमन्त्रीछेउ प्रस्तुत गर्थे जसलाई प्रधानमन्त्रीले अन्तिम निर्णयका साथ सम्वन्धित व्यक्ति वा अड्डालाई कार्यान्वयनका लागि पठाइन्थ्यो । प्रधानमन्त्रीको नाममा आउने साधारण चिट्ठीहरूमाथि छिनाफाना गर्न एउटा छुट्टै निक्सारी अड्डाको पनि स्थापना भयो । यसबारे साधारणतया मुख्तियारले नै निर्णय गर्दथे ।[३४]

रिपोर्ट निक्सारी फाँट- जिल्लाका अड्डाले नियमित रूपमा त्यहाँका गतिविधिबारे मुलुकी अड्डामा रिपोर्ट पठाउनु पर्दथ्यो । प्राप्त रिपोर्टमाथि आवश्यक कारवाही गर्ने जिम्मेवारी

---

२९ संभर, पाद टिप्पणी नं. २७, पृ. २४८-२५१ ।

३० हेमनारायण अग्रवाल, द एड्मिनिस्ट्रेटिव सिस्टम अफ नेपाल: फ्रम ट्रेडिशन टु मोडर्निटी, न्यूदिल्ली: विकास पब्लिशिङ हाउस, ई.सं. १९७६, पृ. १९ ।

३१ ऐजन, पृ. ५३ ।

३२ ऐजन, पृ. ५८ ।

३३ ऐजन, पृ. १०६ ।

३४ वैद्य र मानन्धर, पाद टिप्पणी नं. १३, पृ. १५१-५२ ।

रिपोर्ट निक्सारी फाँटको थियो । यस फाँटलाई तीन भागमा विभाजित गरिएको थियो । पहाड रिपोर्ट निक्सारी फाँटले पहाडी जिल्लाबाट आएका रिपोर्टहरू अध्ययन गरी आवश्यक कारवाहीका लागि मुख्तियार मार्फत प्रधानमन्त्रीमा जाहेर गर्थ्यो भने नेपाल रिपोर्ट निक्सारी फाँटले उपत्यकाभित्रबाट आएका रिपोर्टहरूमाथि आवश्यक कारवाही गर्दथ्यो । तराईका जिल्लाबाट आएका रिपोर्ट हेर्ने काम मधेश रिपोर्ट निक्सारी फाँटका दुई हाँगा-पूर्वी मधेस फाँट र पश्चिमी मधेश फाँटले गर्थे ।[३५]

### प्रशासनिक विभाजन

वि.सं. १९९९ सम्म आइपुग्दा भने निर्माण/मर्मतका लागि राज्यले निश्चित प्रक्रिया अपनाएको देखिन्छ । राजधानी बाहिरका जिल्लालाई समग्रमा पहाड र मधेश (तराई) दुई भागमा विभाजन गरिएको सन्दर्भमा यी दुवै प्रशासनिक क्षेत्रलाई पूर्वी तथा पश्चिमी गरी दुई छुट्टाछुट्टै समूहमा विभाजन गरिएको पाइन्छ । वि.सं. १९९९ को एउटा सामग्री (जसको विस्तृत चर्चा तल गरिएको छ) अनुसार पहाडलाई २० प्रशासनिक क्षेत्रमा विभाजन गरेको थियो । यो विभाजनअनुसार राजधानीदेखि पूर्वतर्फ पूर्व नं. १ साँघु, २ दोलखा, सिंधुलीगढी, लगायत ईलाम, उदयपुर, काभ्रेपलांचोक, चीसापानीको उल्लेख छ भने राजधानीदेखि पश्चिमतर्फ नं. १ वेत्रावती, नं. २- गोरखा, नं. ३- वन्दिपुर, नं. ४ लगायत पाल्पा, प्यूठान, डोटी, जुम्ला छन् । अझ निर्माण एवम् मर्मतका हिसावले यी पहाडी क्षेत्रलाई २० इकाइमा विभाजन गरिएको पाइन्छ । त्यसैगरी मधेश (तराई) को सन्दर्भमा उठाउँदा यसलाई पनि पूर्व एवम् पश्चिमगरी दुई भागमा विभाजन गरिएको छ । उल्लिखित सामग्रीले पश्चिम तराईलाई खासगरी वुटवल तथा नत्रामुलुकगरी दुई मुख्य क्षेत्रमा विभाजन गरेको छ । वुटवलअन्तर्गत शिवराज, खजहनी, परासी, माझखण्ड, नवलपुर, दाङदेउखुरी, दुडुवापहाड, तथा यसैअन्तर्गत पटना अलैचीकोठीलाई पनि राखिएको पाइन्छ । त्यसैगरी नत्रामुलुकअन्तर्गत नेपालगंज, बर्दिया, कंचनपुर, बाँकेलाई राखिएको थियो । पूर्वी तराईलाई भने प्रमुख चार क्षेत्रमा विभाजन गरिएको थियो । यीनमा वीरगंज, महोत्तरी, सप्तरी तथा मोरङ थिए । यी चार क्षेत्रअन्तर्गत विभिन्न जिल्लाहरु थिए । वीरगंजअन्तर्गत वीरगंज, कटरवन, रौतहट, कलैया, रक्सौल, पर्सा, भवानीपुर, वैरिया, भौराटार (?), सिमरा, इनरुवा, मधुवन, पर्दथ्यो । यसैगरी महोत्तरीअन्तर्गत जलेश्वर, कटैया (?), सुकेश्वर (?), महोत्तरी, जनकपुर थिए । मोरङ जिल्लाअन्तर्गत मोरङ, विराटनगर, विजयपुर र झापा पर्दथ्यो भने सप्तरीअन्तर्गत सिराहामात्र परेको देखिन्छ ।

### राणाकालमा विकासको एउटा नमूना : वि.सं. १९९९ को बजेट

पब्लिक वर्क मधेशपहाड रिपोट् निक्सारीका ताल्लुकवाला ब्रिगेडियर कर्णेल डिल्लीजङ्ग थापा छेत्रीको विन्तिपत्रअनुसार वि.सं. १९९९ मा मधेश, पहाडतर्फ बनाउने कामका लागि बजेट निकाशा गरिएको थियो । यो बजेटानुसार भएको निर्माणकार्यलाई राणाकालको उत्तरार्द्धको विकासको एउटा उल्लेख्य नमूना मान्न सकिन्छ । पब्लिक वर्क मधेशपहाड रिपोट् निक्सारी अड्डाका का.मु. ताल्लुकवाला लेफ्टिनेण्ट कर्णेल इन्द्रबहादुर बस्नेत छेत्रीको विन्तिपत्रबमोजिम साविक भनाई भई आएबमोजिमका चार जनालाई साविकमा खाईपाई आएबमोजिमको खान्गी दर्जामा साविकबमोजिम तर्फतर्फकै निकासा अङ्कको दामासाहीले कौसी (कोसितोसाखाना) बाट हस्तेवारी ल्याई मुलुकीखानामा सोधभर्ना मिलाउने गरी तलव खुवाउने गरी वर्ष १ को म्याद थप गरिएको वि.सं. १९९९/९/२९/४ मा पब्लिक वर्क मधेशपहाड रिपोट् नक्सारी अड्डाको नाममा एक छापे सनद दिइएको थियो । यस सनदमा देहायका मुख्य प्रसङ्ग उल्लेख पाइन्छ ।[३६]

"*कौसीतोसापानका हाकींकारींदाले पुर्जिहेरि. यो सालदेपी. मध्येसपाहाड्. तर्फ वनाउने कांलाई. नोठ रु ३४५००० वजेट नीकासा वक्सी. नत्रा कीसींबाट. काजकां गर्ने सवालसनद. गरिवक्सेको र यस अडाका नाउँमा भयेका*

३५ ऐजन, पृ. १५४ ।

३६ पब्लिक वर्क मधेश पहाड रिपोट निक्सारीका ताल्लुकवाला ब्रिगेडियर कर्णेल डिल्लीजङ्ग थापा छेत्रीको विन्तिपत्रानुसार वि.सं. १९९९ सालदेखि मधेशपहाडतर्फ बनाउने कामका लागि बजेट निकाशा गरिएको सम्बन्धमा कौशीतोसाखानाको नाममा वि.सं. १९९९ साल माघ २२ गते रोज ५ मा जारिगरिएको सनद । विस्तृत जानकारीका लागि यो सनद इतिहास केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरको अभिलेख शाखामा सुरक्षित रहेकोले हेर्न सकिन्छ ।

*९८ साल आस्विन २७ गते ६ का. सनदको २५ दफावमोजिं. कां गर्नालाई. पव्लिकवर्क मध्येसपाहाड् रिपोट नीक्सारिलाई चाहीने मदत. मसलंद श्रीकम्यांडर इंनचिफ्. का तजविजले जवानै भर्ना रापनु पर्ने. जवानै र साविक जवानलाई. थप दीनुपर्ने भया सोस्मेत नीकासा वक्सेका. रुपैञामध्येवाट सोदभर्ना गर्नेगरि. दीयेका मदत मसलंद. लि कांगर्नु भनेर १० दफामा बनाउने कांमा मदत मसलंदस्मेत. दी कां गराउनुपर्ने. भयामा र. वनाउने अडर भयेका. जिल्लामा. पनी वनाउने अडालेमात्र नभ्याउने भै. छुट्टै मदत मसलंद. ली कां गराउनु पर्ने. देपीयमा. स्मेत नीकासामध्येवाट. तर्फतर्फकै नीकासावाट चाहीने मदत मसलंद. नीकासा दि. म्यादी हुनाले. वेपास्को (?) भया पनी. भर्नागरि कां चलाउनुं लाउनु हाम्रामजुर्मा दर्सन गराउन र. कीतापमा दर्ता गर्न. दर्सनभेट् सलामी. रकंकट्टा केही गर्नुपर्दैन...*

*...कौसीवाट हस्तेवारि ल्याई मुल्कीपानामा सोधभर्ना गर्नेगरी. पुवाउनु भंने ९८ ९/१० ४ मा वक्सभै आयेका. १ छापेमुताविक्. तपसीलका. पांगी दर्ताका. जवान भर्ना भै कांकाज. गरिआयाको. अव सो जवांहरुको. तपसीलका मीतिमीतिदेपी. म्याद भुक्तांहुने र. यो सालपनी माथी लेपीयावमोजिं. कांकाज गर्नेगरि. मध्येपाहाडतर्फ वनाउने कांलाई तर्फतर्फ. वाट नीकासा दीनेगरि. अपत्यारी ज्मा नोठ रु. ३२६८१५ ॥ वजेटनीकासा वक्सेको. हुनाले. सोवमोजिं कांकाज गर्नालाई. तपसीलका साविक् भर्ना भै पाईपाई आयावमोजिमं. काजकांलाई. भुक्तानी मीतिमीतिले साविकवमोजिमं तर्फतर्फका नीकासा अंकको दामासाहीले पानेगरी साविक जवां ४ चारलाई वर्ष १ को म्याद थपगरि. वक्सनुपर्ने...*

*...भंने. कौसीतोसापानाका नार्उमा सनद गरिवक्सनु पर्ने ठहरायुं जो मर्जिहुकुं भनी. पवलिकवर्क मध्यसपाहाड्. रिपोट् नीकसारीका. हाकींकारिंदाले हाम्रा हजुर्मा विंती पार्दा जाहेर भयो तसर्थ. सो ठहरायकोमा हामी वाट पनी सदर गरिवक्सेकोछ सोवमोजिम गर्ने काम गर ..."*

उल्लेख्य कुरा के देखिन्छ भने उक्त सनद वि.सं. १९९९ मा लेखिएको भए तापनि वि.सं. १९९८ साल पौष १० गते मंगलवारका दिन तयार गरिएको १ छापे सनदबमोजिम जिल्लाको विकास निर्माणमा निर्धारित रकम खर्च गर्नुपर्ने थियो । यसका अतिरिक्त उक्त सामग्रीको थालनीमा नै '...यो सालदेपी. मध्येसपाहाड्. तर्फ वनाउनेकांलाई. नोठ रु. ३४५००० वजेट नीकासीवक्सी. नञाकीसींवाट. काजकांगर्ने सवालसनद. गरिवक्सेको...' उल्लेख भए तापनि 'अव सो जवांहरुको. तपसीलका मीतिमीतिदेपी. म्याद भुक्तांहुने र. यो सालपनी माथी लेपीयावमोजिं. कांकाज गर्नेगरिं मध्येसपाहाडतर्फ वनाउने कांलाई तर्फतर्फ. वाट नीकासा दीनेगरि अपत्यारी ज्मा नोठ रु. ३२६८१५ ॥ वजेटनीकासा वक्सेको. हुनाले...' उल्लेख गरिनाले वास्तवमा निकाशा रकममा झण्डै रु. १८१८५ को फरक किन गरियो भन्ने स्पष्ट देखिंदैन । यति हुँदाहुँदै पनि सो सनदका आधारमा सो वर्ष मुलुकका विभिन्न पहाडी र मधेशका जिल्लामा केकस्ता प्रमुख विकास/निर्माण कार्यका लागि केकति रकमको व्यवस्था गरिएको थियो तथा के कस्ता कार्य भए भन्ने सन्दर्भ देहाय अनुसार देखिन्छ । वजेटमा उल्लेख गरिएअनुसार यहाँ पाहाडी जिल्ला, मधेश पूर्वफाँट र मधेश पश्चिमफाँटगरी छुट्टाछुट्टै चर्चा गरिएको छ ।

**पहाडी जिल्ला**

वि.सं. १९९९ सालमा राजधानी बाहिरका सम्पूर्ण पहाडी जिल्लाहरूमा खासगरी मालको तहविल कचहरी, अदालतको कचहरी, गोश्वारा कचहरी, गौंडाको ज्मादार-हुद्दा-सिपाहीहरू बस्ने छाउनी, जङ्गी परेट्को राईफल तथा तोप राख्ने घर, भयालखाना, हुलाक घर, व्यारेक घर, अस्पताल/अस्पतालको अप्रेशन र ड्रेसिङरुम आदिको निर्माण, माल, कचहरी, अदालत, अमिनी लेफ्टेन आदिका प्रमुख अर्थात् हाकिम बस्ने घर निर्माण/मर्मत -यस्ता निर्माणमा कतिपय भवनलाई कर्कटपाताको, कतिपयलाई फुसको तथा कतिपयलाई झिंगटीको छाना लगाउनेगरी रकम छुट्याइएको देखिन्छ), सरकारी गोदामको चारैतर्फ गाऱ्हो लगाउने, वेत्रावती पुलको रिटेनशनवालको निर्माण गर्ने, पाठशालाको मर्मत गर्नेलगायत विभिन्न देवल, पाटीपौवाको निर्माण/मर्मत गर्ने निर्देशनका साथ रकम छुट्याइएको देखिन्छ । उपरोक्त निर्माण/मर्मतका लागि जम्मा रकम रु. ४४५४७/१२ निकाशा दिइएको थियो । त्यतिमात्र

नभएर भैपरी आउने शीर्षकबाट रु. ४७३१/२१ समेतगरी जम्मा रकम रु. ४९२७८/३३ छुट्याइएको देखिन्छ। उपरोक्त निर्माण/मर्मतका लागि जम्मा रकम रु. ४४५४७/१२ निकाशा दिइएको थियो। त्यतिमात्र नभएर भैपरी आउने शीर्षकबाट रु. ४७३१/२१ समेतगरी जम्मा रकम रु. ४९२७८/३३ छुट्याइएको देखिन्छ। निर्माणको सन्दर्भमा उठाउँदा पहाडी क्षेत्रका विभिन्न २१ ठाउँहरूमध्ये तहविल कचहरी, माल कचहरी तथा अदालत कचहरीगरी जम्मा ८ वटा निर्माणका लागि रकम छुट्याइएको थियो। यसैगरी माल, अदालत, अमिनी, तहविल जस्ता जिल्लाका प्रमुख अर्थात् हाकिम वस्नका लागि जम्मा ७ ठाउँमा सरकारी आवास (घर) निर्माण गर्नका लागि रकम छुट्याइएको देखिन्छ। विभिन्न कचहरी तथा सरकारी आवासका लागि छुट्टाछुट्टै नभएर एकमुष्ट रकम छुट्याइएकाले सो दुई शीर्षकमा जम्मा रकम रू १७८५८ देखिन्छ। सिन्धुली गढीमा जमदार, हुद्दा र सिपाहीहरू बस्नका लागि छाउनी घर तीनवटा, वन्दिपुर जङ्गीपरेट्को राईफल, तोप राख्ने घर एउटा चीसपानीमा एउटा ब्यारेक घरसमेत निर्माणका लागि क्रमशः रु. ७४४९/७४, ८००/७७ र ७००० समेत जम्मा रकम रु. १५२५०/५१ छुट्याइएको थियो। त्यस्तै सर्वसाधारण जनताको स्वास्थ्यसुविधाका लागि राणाशासकले अस्पताल निर्माण गर्ने कार्य नितान्त उल्लेख्य मानिन्छ। वि.सं. १९९९ सालमा डोटी जिल्लामा एउटा अस्पताल निर्माणका लागि रु. ८००० तथा पूर्वको इलाम अन्तर्गत पशुपतिनगर अस्पतालको अप्रेशनरुम तथा ड्रेसिङरुममा सिमेंट लगाउनका लागि रु. ३५२/१४/३ समेत जम्मा रकम रु. ८३५२/१४/३ छुट्याइएको पाइन्छ। यसैगरी सर्वसाधारण नेपालीलाई शिक्षाको सुविधा दिनका लागि सोहीवर्ष पहाडी क्षेत्रअन्तर्गत चीसापानीको भीमफेदीमा रहेको पाठशाला मर्मतका लागि रु. ४८९/५६ छुट्याइएको थियो। माथि उल्लिखित निर्माणका अतिरिक्त वि.सं. १९९९ सालमा पहाडी क्षेत्रका विभिन्न मन्दिर तथा पाटीपौवा निर्माण/मर्मतका लागि पनि निश्चित रकम छुट्याइएको थियो। पश्चिम नं. ४ अन्तर्गत दौदारेखोलाको दुलाभित्र देवता उत्पत्ति भएको ठाउँमा पर्खाल निर्माण गर्न रु. ८३८/४४ नियमित बजेटबाट छुट्याइएको थियो भने पूर्व नं. १ को उदयपुर ब्रह्मायणीको देवलमा प्लाष्टर गर्न र पर्खालमा ढोका बनाउनलगायत अन्य तीन ठाउँमा मन्दिरको देवल, पाटी आदि निर्माणका लागि भैपरीआउने शीर्षकबाट जम्मा रकम रु. १४३६/०१ छुट्याइएको देखिन्छ। पहाडी जिल्लाहरूमध्ये प्यूठानमा विद्यमान झ्यालखानामा पुरुष तथा महिलाका लागि कोठा छुट्याउन, तल्ला थप्न र मर्मत गर्नका लागि रु. १००० तथा काभ्रेपलांचोकको अदालतको झ्यालखाना मर्मत गर्नका लागि रु. ६२१/४ गरी जम्मा रकम रु. १६२१/४ छुट्याइएको देखिन्छ। यस्तै गोरखामा हुलाक घर बनाउन रु. ५७२/७८ तथा प्यूठानमा हुलाक घर बनाउनका लागि ७२६/५८ र पाल्पा जिल्ला अन्तर्गत रिडीमा हुलाक घरको छाना कर्कटपाताले छाउन रू २२०/१२ समेत जम्मा रकम रु. १५१९/४८ खर्च गरिने उल्लेख थियो। नेपालको उत्तरी क्षेत्रमा पर्ने वेत्रावती नदीमाथिको पुलको रेटेनवाल निर्माणको लागि पनि आवश्यक रकम छुट्याइएको थियो। यसका लागि रु. ८४८/३४ थियो। समग्रमा सम्पूर्ण पहाडी क्षेत्रमध्ये २१ ठाउँका लागि रु. ४४५४७/१२, जिल्ला मर्मति रु. ७९९२/००, तालुकवाला जिल्ला मर्मति २४६०/०० तथा भैपरिआउने ११ स्थानको रु. ४७३१/२१ समेत जम्मा रकम रु. ५९७३०/३३ छुट्याइएको थियो। उक्त रकममध्ये १६ स्थानको तामेली रकम रु. १४३४१/८८, तालुकवाला मर्मति तामेली रकम रु. २४६०/०० तथा जिल्ला मर्मति रकम रु. ७९९२/०० समेत जम्मा तामेली रकम रु. २४७९३/८८ थियो। यसैगरी बनाउन नपर्ने भई सात स्थानको लगत कट्टी रकम रु. २३४४१/७१, वि.सं. १९९९ सालको बजेटमा सरी सात स्थानको लगत कट्टी रकम रु. ७०९९/७५ तथा सैकडी अपत्यारी स्मेतबाट (?) बचौट रकम रु. १२१४७/६६ अर्थात् जम्मा कट्टी रकम रु. ४२६८९/१२ देखिन्छ। उपरोक्त रकममध्ये जम्मा फछ्र्यौट रकम रु. ६७४८३/०० देखिन्छ भने काम चलिरहेको दुई स्थानको रकम रु. ४२०४/५० समेत गरी पहाडी क्षेत्रमा रु. ७१६८७/५० समेत जम्मा रकम रु. एकहत्तर हजार छ सय सतासी र पैसा पचास बजेटमा छुट्याइएको थियो।

**मधेश (तराई) जिल्ला**

मुलुकको दक्षिणी क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म फैलिएको समतल भूभागलाई मधेश (तराई) भन्ने गरिन्छ।

यो क्षेत्रलाई दुई भाग अर्थात् मधेश पूर्वफाँट तथा मधेश पश्चिम फाँटका रूपमा विभाजन गरिएको थियो । खासगरी बुटवलक्षेत्र (वर्तमान परासी) देखि पश्चिमलाई पश्चिमी र सोदेखि पूर्वलाई मधेश पूर्वफाँट भनिएको पाइन्छ । यी दुवै क्षेत्रका विभिन्न जिल्लामा ईनार, अमिनी कचहरी घर, विभिन्न अड्डाका प्रमुख (हाकिम) बस्ने घर, भ्यालखाना, अस्पताल डिस्पेन्सरीलगायत निर्माणका लागि रकम छुट्याइएको थियो ।

### मधेश पूर्वफाँट

यस क्षेत्रका खासगरी वीरगञ्ज, महोत्तरी, सप्तरी तथा मोरङ जिल्लाहरू प्रमुख थिए । त्यसो त यी जिल्लाको प्रशासनिक सीमाभित्र अन्य विभिन्न क्षेत्रहरू पनि पर्दथे । वीरगञ्जअन्तर्गत वीरगञ्जका अतिरिक्त कटहरवन, रौतहट, सर्लाही, कलैया, रक्सौल, पर्सा, भवानीपुर, वैरिया, भौराटार, सिमरा, इनरुवा, मधुवन आदि जस्ता क्षेत्र पर्दथे भने महोत्तरीअन्तर्गत महोत्तरीका अतिरिक्त जनकपुर, कटैया, सुकेश्वर, जलेश्वर, चिकनीमौजा, धिरेश्वरमहादेव क्षेत्र आदि पर्दथे । यसैगरी सप्तरीअन्तर्गत सिराहा प्रमुख क्षेत्र रहेको देखिन्छ भने मोरङअन्तर्गत हरैचा हात्तिसार, जोगवनी, विराटनगर, विजयपुर तथा झापासमेत पर्दथ्यो । यसै प्रसंगमा उल्लेख्य सन्दर्भ के पनि देखिन्छ भने वि.सं. १९९९ सालमा विकास/निर्माणका लागि रकम विनियोजन गर्दा निर्धारित जिल्ला अन्तर्गत भन्दा बाहिर अर्थात् अन्य जिल्लाको प्रशासनिक क्षेत्रमा पर्ने कतिपय निर्माणको दायित्व अर्कै जिल्लाको मातहतमा पनि राखेको पाइन्छ । यसको उदाहरणमा वीरगञ्जअन्तर्गत रहेको महोत्तरी-सर्लाही वनजाँच अड्डामा कचहरी घर तथा हाकिम बस्ने घर निर्माणका लागि वीरगञ्जको नाममा रकम छुट्याइएको देखिन्छ भने महोत्तरी-सर्लाही गोश्वाराका प्रमुख (हाकिम) बस्ने घर मर्मतका लागि महोत्तरीको मातहतमा रकम एवम् दायित्व दिइएको देखिन्छ । एक स्थानमा रहेको अड्डाले अर्को स्थानलाई पनि हेर्ने भएकाले यस्तो व्यवस्था गरिएको हुनुपर्दछ ।

### वीरगञ्ज

वीरगञ्जअन्तर्गतका विभिन्न स्थानमा एक वर्षमा विकास/निर्माणका लागि छुट्याइएको रकममा काठको मूल्यसमेतका लागि रकम रु. २५२५२/०० र बनाउन निकाशा भएको रकम रु. २६४०३।।।[3]।। थियो उक्त रकम रु. २६४०३।।।[3]।।मध्य तामेली अथार्त काम पुरा भइसकेको रकम रु २०१५३।ऽ।।।[?] बराबरको देखिन्छ । त्यस्तै वीरगञ्जतर्फ तीन ठाउँमा रु. ४९३९ ।।। बराबरको काम भइरहेको र तीनै ठाउँमा रु. १३१० ।।।[?]।।। को योजनाको काम नभएको देखिन्छ । समग्रमा यस क्षेत्रमा विभिन्न अड्डा, अस्पताल, हाकिम आवास एवम् इनारसमेत १९ स्थानमा निर्माण/मर्मतका लागि काठसमेतका लागि जम्मा रकम रु. ५१६५५।।।[3]।। छुट्याइएकोमा रु. १३१०।।।[?]।।। भने काम थालनीसमेत नभएकोले फिर्ता जाने अवस्थामा रहेको थियो ।

वीरगञ्ज क्षेत्रअन्तर्गत वीरगञ्ज र कटहरवन अमिनीको हाकिम बस्ने घर बनाउनका लागि रु. ३३९९।। का दरले रु. ६७९८ । तथा रौतहट-सर्लाही वनजाँच तल्लो तलामा कचहरी र माथिल्लो तलामा हाकिम बस्नका लागि घर निमार्ण गर्न रु. २०९१ऽ। समेत यो क्षेत्रमा खासगरी हाकिमको आवास निर्माणका लागि जम्मा रकम रु. ८८८९ जति छुट्याइएको थियो । यसैगरी स्वास्थ्यसँग सम्बन्धित अस्पतालको सन्दर्भमा वीरगञ्ज अस्पतालको मेहेतर घर एवम् भान्छाघरको निर्माणमा रु. ११३० ।।[?]। तथा सोही अस्पतालको ड्रेसिङरुम र नोकरको आवासको छाना मर्मत एवम् कम्पाउन्डर, ड्रेसर क्वाटरको छाना बदली टेरेसको छतगरी बनाउनको लागि रु. ९१०।[3]।।। समेत अस्पतालका लागि जम्मा रकम रु. २०४० जति छुट्याइएको थियो । कलैयामा झ्यालखाना बनाउन रु. २४१८।[?]।।। तथा वीरगञ्जमा विद्यमान (?) झ्यालखानामा थप गर्नका लागि रु. ४३९१ ।।।[3]।। समेत जम्मा रकम रु. ६८०९ जति छुट्याइएको देखिन्छ । यसैगरी रक्सौल टेलिफोन अफिसमा टपराखी बनाउन रु. ६९।३, कलैयामा पक्की हुलाक निर्माण गर्न रु. ४७९ ।।।[?] तथा वीरगञ्ज बनाउने अड्डालाई आवश्यक फर्निचर बनाउन रु. ४६।।।[3] छुट्याइएको थियो । पर्सा मालमा हुद्दा तथा सिपाही बस्ने गारतघर निर्माणका लागि रु. २३१९ ।।।[3] छुट्याइएको थियो । यी निर्माणका अतिरिक्त यस क्षेत्रका भवानीपुर, वैरिया मठ, भौराटार, सिमरा, भवानीपुर, इनरुवा जवाडी, रौतहट मटिवनक्षेत्रको नत्राटोल, मधुवन सिद्रमास मौजे वैरिया गाउँ समेत जम्मा ९ इनार निर्माण/मर्मतका लागि बढिमा

रु. २८२। तथा कम्तिमा रु. ५९।।।[२] गरी (२४५, ५९।।।[२], १४८।।।[२], १४८।।।[२], २७९।।।,[२] २६८॥[२], ११८।[२] र २८२।[१]) जम्मा रु. १६९५ जति खर्च गरिने योजना थियो ।

**महोत्तरी**

मधेश पूर्वफाँटअन्तर्गत अर्को प्रशासनिक क्षेत्र महोत्तरी थियो । यहाँका लागि पनि काठको मूल्यसमेतका लागि रकम रु. ३३४५४९२ र बनाउन निकाशा भएको रकम रु. ३६९७५९।।।[२] थियो । सो रु. ३६९७५॥[२] मध्ये तामेली अर्थात् काम पुरा भइसकेको रकम रु. ३१३६२ ।।। बराबरको देखिन्छ । त्यस्तै महोत्तरीतर्फ चार ठाउँमा रु. ५१६८।।।९[२] बराबरको काम भइरहेको र एक ठाउँमा रु. ४४४।।।[२] को योजनाको काम नभएको देखिन्छ । (यसरी अध्ययन गर्दा महोत्तरी क्षेत्रका १३ स्थानमा विभिन्न अड्डा हाकिम आवास, पोखरी, सडक कल्भट एवम् इनारसमेत निर्माण/मर्मतका लागि काठसमेतका लागि जम्मा रकम रु. ७०४२९ जति छुट्याइएकोमा रु. ४४४[२] भने काम थालनीसमेत नभएको देखिन्छ ।)

महोत्तरी क्षेत्रअन्तर्गतका १३ स्थानहरूमध्ये चन्द्रवक्स वितांमा पक्कि ईनार (रु. ३००), चिकनी मौजाको सेखटोलियामा ईनार बनाउन (२७८॥[३]), धिरेश्वर महादेवको नजिक पक्कि ईनार बनाउन (४४४[२]) र जलेश्वर गाउँमै जोडिएको पश्चिमतर्फको हुसाद मुसरको घर भएको ठाउँमा दुईवटा ईनार मर्मत गर्न रु. २६२ ।।।[३]) जम्मा पाँचवटा ईनार निर्माणका लागि जम्मा रकम रु. १२८४ जति खर्च गर्ने योजना थियो । जलेश्वर अमिनीको कैदीथुनुवाहरूलाई भान्छा तथा चर्पि निर्माणका लागि रु. २९०४॥ र जलेश्वर भ्यालखानाको भूईंतलामा भान्छा र माथिल्लो तलामा बन्दि राख्नेगरी निर्माण गर्न रु. २९०४॥ छुट्याइएको थियो । यसैगरी जलेश्वर अमिनीको हाकिम (४०२१।।।[२]॥), महोत्तरी मालको हाकिम (४०२१।।।[२]॥) तथा महोत्तरी-सर्लाही गोश्वाराका नासु वस्ने घर मर्मत गर्न रु. १८१[३] समेत जम्मा रकम रु. ८२२३ जति खर्च गरिने उल्लेख थियो । ईनरुवामा जडीबुटी राख्न गोदाम घर निर्माणका लागि रु. १०९८[३]।२ कटैयामा एउटा पोखरी निर्माणका लागि रु. २१६३ तथा जनकपुरदेखि धनुपसागरसम्म सडक र कलभटसमेत निर्माणका लागि रु. ३१८१।।।.।।। छुट्याइएको थियो । महोत्तरी क्षेत्रको कटैया र सुकेश्वर मन्दिरहरू निर्माणका लागि रु. १०२३७ जति खर्च गर्न बजेटमा उल्लेख गरिएको थियो ।

**सप्तरी**

यस क्षेत्रका बिभिन्न स्थानमा एक वर्षमा विकास निर्माणका लागि छुट्याइएको रकममा काठको मूल्यसमेतका लागि रकम रु २६८१४॥[२]॥ र बनाउन निकाशा भएको रकम रु ३०५५६॥[२]॥ थियो । बनाउन निकाशा भएको रकममध्ये तामेली अर्थात कम पुरा भइरहेको रकम रु. १९०१॥१ बराबरको देखिन्छ सप्तरीको पाँच स्थानमा रु. २८२२१॥[१] बराबरको काम भइरहेको र पाँचै स्थानमा रु.४३२ को योजनाको काम भने नभएको देखिन्छ ।

वि. सं. १९९९ सालमा एउटा अस्पताल निर्माणका लागि रु. १९७२३ जति ठूलो रकम छुट्याइएको थियो । यो रकमबाट सप्तरीअन्तर्गत सिराहामा १५ शैय्याको अस्पताल निर्माण गरिने भएको थियो । यति ठूलो अस्पतालको निर्माण गरिनु वास्तवमा राणाशासनकालमा उल्लेख्य उपलब्धि मान्नु पर्छ । यसैगरी सप्तरीअन्तर्गत सिराहा मालको हाकिम आवासका लागि रु. ३४०७।।।[१] तथा सिराहामा नै अमिनी कचहरी घर निर्माणका लागि रु. २२१४[२]॥ र मालको कचहरी घर निर्माणको लागि रु. ३४०७।।।[१] तथा सिराहामा नै अमिनी कचहरी घर निर्माणका लागि रु. २२१४[२]॥ र मालको कचहरी र अस्पताल निर्माणमा संलग्न हाकिम कारिन्दालाई निर्धारितभन्दा चार महिना थपका लागि तलव र मसलन्दका लागि रु. ४३२ भैपरिआउने वजेटबाट छुट्याइएको थियो । यस जिल्लामा एउटा मठका लागि पनि रकम छुट्याइएको देखिन्छ । यो रकम रु. १२०२[३] थियो । उल्लेख्य कुरा के देखिन्छ भने तत्कालीन राणा प्रधनमन्त्री जुद्धशमशेर सो क्षेत्रको भ्रमणका लागि बाटो निर्माण क्रममा खाजा वापतको रुपैयाँबाट ईनार निर्माण गरिने योजना बनाइएको र सो रकम रु. २०० रहेको देखिन्छ ।

**मोरङ**

यस क्षेत्रका विभिन्न स्थानमा विकास/निर्माणका लागि छुटयाइएको रकममा काठको मूल्यसमेतका लागि रकम रु. २५०३९।।।[३] र बनाउन निकाशा भएको रकम रु. २५९६७।।।.।।।१ थियो । निर्माणका निम्ति छुट्याइएको रकममध्ये

तामेली अर्थात काम पुरा भइसकेको रकम रु. ९५८४।$^{३}$ बराबरको देखिन्छ । त्यस्तै मोरङतर्फ पाँच ठाउँमा रु. १०४४३। बराबरको काम भइरहेको र सो क्षेत्रको दुई स्थानमा रु. ५९४०$^{१}$।।।१ को योजनाको काम नभएको देखिन्छ ।

मोरङले नै पूर्वको झापासम्मको प्रशासन सञ्चालन गरेको देखिन्छ । सोही कारण झापाको तोकलाहा बिर्तामा १२वटा ईनार निर्माणका लागि रु. ३४६८।।।$^{३}$ लिएर कार्य गर्ने योजना थियो । यो रकम भने 'भैपरिआउने' शीर्षकअन्तर्गतको देखिन्छ । त्यसो त मोरङमा खासगरी प्रधानमन्त्रीको सिकारको लागि निर्धारित बाटोमा आवश्यक ईनारहरु निर्माण गर्न ठूलो रकम अर्थात् रु. ३३२० छुट्याइएको देखिन्छ । यति ठूलो रकमबाट कहाँकहाँ के कति ईनारहरू निर्माण गरिने हो भन्ने स्पष्ट उल्लेख गरेको भने पाइँदैन । यो वर्षको बजेटमा बिराटनगरदेखि जोगबनीसम्म गाडा चल्ने सडक मर्मत गर्ने योजना पनि थियो । यसका लागि रु. १००० छुट्याइएको थियो । यिनका अतिरिक्त बिराटनगर बजार हाड्खोलामा दुईवटा सेडघर निर्माणका लागि रु. २४७१$^{३}$।।।१, विजयपुरमा एउटा हुलाकघर निर्माणका लागि रु. ८३९, हरैचा हात्तिसार गोदाम घर निर्माणका लागि रु. ११३२।। र अ.ई. विकेघरबस्ने (?) घरमा काठा थप गर्न रु.७७०।।। छुट्याइएको थियो । यसका अतिरिक्त मोरङ धुनीस्थानको मठमन्दिर निर्माणका लागि पनि निकै ठूलो रकम राखिएको थियो । यो रकम १०४४३। थियो ।

समग्रमा मधेश पूर्वफाँटका चार जिल्ला (वीरगञ्ज, महोत्तरी, सप्तरी र मोरङ)का लागि वि.सं. १९९८ सालको जम्मा बजेट निकाशा रु. १६०००० थियो । त्यसमध्ये बनाउनका निम्ति रु. ११९९०३।$^{३}$.।।३ छुट्याइएको देखिन्छ । यो रकममध्ये वीरगञ्ज, महोत्तरी, सप्तरी र मोरङलाई क्रमश: रु. २६४०३।।।$^{३}$।।, ३६९७५।।।२, ३०५५६।।$^{३}$।। र २५९६७।।.।।१ थियो । यसरी छुट्याइएको रकममध्ये वीरगञ्जतर्फ रु. २०१५३।।।।, महोत्तरीतर्फ रु. ३१३६२$^{१}$।।।, सप्तरीतर्फ रु. १९०३$^{१}$।। तथा मोरङतर्फ रु. ९५८४।$^{३}$ गरी जम्मा रकम रु. ६३००२।।।$^{३}$ तामेली अर्थात् काम पुरा भइसकेको थियो । यी जिल्लाहरूमा रु. ४८७७३।$^{३}$।२ को काम भइरहेको देखिन्छ भने रु. ८१२९$^{३}$।।१ को काम भने नभएको देखिन्छ ।

### मधेश पश्चिम फाँट

मधेश पश्चिम फाँटअन्तर्गत बुटवल र नयाँमुलुक पर्दथे । वि.सं. १९९८ सालमा यस क्षेत्रको निर्माण/मर्मतका लागि जम्मा रु. १३५००० (रु. एक लाख पैंतीस हजार) छुट्याइएको थियो । सो रकममध्येबाट बनाउनका लागि निकाशा भएको रकम रु. ११५४२१।।.।२ थियो । यसमा रु. ३१२९८।।$^{३}$।२ रकम बराबरको निर्माण कार्य सकिइसकेको थियो भने रु. १४४०१।$^{१}$।। बराबर रकमको काम भने नभएको देखिन्छ । उल्लेख्य कुरा के देखिन्छ भने 'सैकडी अपत्यारी र अरु कलंहरुबाटस्मेत बचौट्' शीर्षकमा रु. १९५७८।$^{३}$.।।२ लाई राखिएको छ । यो भने बटुवल र नयाँमुलुकको निर्माण/मर्मतका लागि छुट्याइएको रकमहरूबाट बचत भएको हो । यसरी पहिलेको बजेटमा छुट्याइएको रकमबाट बचत हुन आएको रकम भने सम्भवत: आगामी वर्षको बजेटमा पुन: छुट्याइने व्यवस्था व्यवस्था भएको जस्तो देखिन्छ ।

### बुटवल

मधेश पश्चिम फाँटअन्तर्गत शिवराज, खजहनी, परासी, माझखण्ड, दाङदेउखुरी, दुडेवापाहाड (?), दाङ तथा पटना अलैचीकोठीसमेत रहेको देखिन्छ । तत्कालीन प्रशासनिक विभाजनअनुसार बुटवललाई 'बुटवल चारतप्पा' नामकरणसमेत गरिएको थियो । बुटवल चारतप्पाअन्तर्गत पाल्ही, माझखण्ड, स्यूराज (शिवराज) र खजहनी नामक चारवटा जिल्लाहरू पर्दथे ।[३७] ती जिल्लाहरूलाई वर्तमानमा क्रमश: परासी, भैरहवा, बहादुरगञ्ज र तौलिहवाका नामले चिनिन्छ । त्यति भए तापनि नवलपुर, दाङ, देउखुरी, दुडुवापाहाडको प्रशासन पनि बुटवलबाट नै सञ्चालन गरिने कुरा वि.सं. १९९९ सालको बजेटमा उल्लिखित ती क्षेत्रमा

---

३७ ती जिल्लाहरूलाई वर्तमानमा क्रमश: परासी, भैरहवा, बहादुरगञ्ज र तौलिहवाका नामले चिनिन्छ । त्यति भए तापनि नवलपुर, दाङ, देउखुरी, दुडुवापाहाडको प्रशासन पनि बुटवलबाट नै सञ्चालन गरिने कुरा वि.सं. १९९९ सालको बजेटमा उल्लिखित ती क्षेत्रमा विभिन्न निर्माण कार्यका लागि छुट्याइएको रकमबाट स्पष्ट देखिन्छ । यसै सन्दर्भमा अर्को उल्लेख्य कुरा के पनि देखिन्छ भने बुटवलले नै भारतको पटना स्थित नेपाली अलैचीकोठीलाई हेर्ने गरेको कुरा पनि सो बजेटले स्पष्टत: देखाएको छ ।

विभिन्न निर्माण कार्यका लागि छुट्याइएको रकमबाट स्पष्ट देखिन्छ । यसै सन्दर्भमा अर्को उल्लेख्य कुरा के पनि देखिन्छ भने बुटवलले नै भारतको पटना स्थित नेपाली अलैचीकोठीलाई हेर्ने गरेको कुरा पनि सो बजेटले स्पष्टतः देखाएको छ ।

बुटवल क्षेत्रअन्तर्गतका शिवराज, खजहनी, परासी, माफखण्ड, नवलपुर, दाङ, देउखुरी, दुडुवापाहाड, र पटना अलैचीकोठीका विभिन्न १४ स्थानमा निर्माण/मर्मतका लागि वि.सं. १९९८ सालमा 'मध्येश पश्चिमफाँटतर्फ' काठको मूल्यसमेत रु. ३९४६०[1] र 'तेसमध्येबाट बनाउने' शीर्षकमा रु. ५२५३४॥॥ छुट्याइएको थियो । त्यसमध्ये रु. १४०८३[3]। बराबरको काम पुरा भइसकेको र यस क्षेत्रका विभिन्न आठ स्थानमा रु. ३६३८५[3] बराबरको काम भइरहेको र रु. २०६५॥[3]॥ बराबर तीन स्थानको काम बाँकी रहेको देखिन्छ ।

यस क्षेत्रको शिवराज (वहादुरगञ्ज) मा रहेको धर्मभकारीलाई भ्यालखाना कायमगरी कम्पाउण्डसमेत पर्खाल निर्माणका लागि रु. ७८२५। तथा यहाँको अमिनी कचहरी घर निर्माणका लागि रु. १५३८।[1]। छुट्याइएको थियो । यसैगरी यहाँको मालका हाकिम बस्ने घरमा एउटा तथा मालकचहरीमा एउटा गरि दुईवटा ईनार निर्माणका लागि क्रमशः ४१७॥ र ४५० रूपैयाँ छुट्याइएको थियो । यस हिसावले शिवराज क्षेत्रमा निर्माणका लागि सो वर्ष कुल १०२३० जति रूपैयाँ खर्च गरिने देखिन्छ । यसैगरी अर्को जिल्ला खजहनी (तौलिहवा) मा भने दुई निर्माण कार्यका लागि रकम दिइएको थियो । यहाँको बनजाँचका हाकिमको निवास तथा कचहरी गर्ने घर निर्माणका लागि २१६७।[3]। रूपैयाँ र धर्मभकारी तथा राजभकारी भत्काई सिग्रीगेसं (?) निर्माणका लागि रु. ४५२॥ छुट्याइएको थियो ।

माफखण्ड (भैरहवा) मा भने मालको तीन साँचाको पूर्वपट्टी पाले पाटि निर्माणका लागि रु. ५७६[1]॥ छुट्याइएको थियो भने नवलपुरमा चार ईनार निर्माणका लागि रु. १०८५। र पटना अलैचीकोठीको हाकिम बस्ने घरसमेत निर्माणका लागि रु. ४७८।[3] छुट्याइएको थियो । यो वर्ष दाङमा एउटा ८ शैयाको अस्पताल निर्माणको योजना थियो । यसका लागि रु. १६०१९[1]। को बजेटको व्यवस्था थियो । त्यतिमात्र नभएर सो अस्पताल निर्माणको कार्यमा संलग्न नाइकेलाई महिनाको रु. ३५ का दरले छ महिनाका लागि थप रकम रु. २१० पनि भैपरिआउने बजेटबाट उपलब्ध गरिने भएको थियो ।

यसै प्रशासनिक क्षेत्रअन्तर्गतको दुडुवापाहाड(?) मा अमिनीको खोर (भ्यालखाना) निर्माणको लागि रु. ३०४७॥[3]।तथा यसै अड्डाका हाकिम बस्ने घर निर्माणका लागि रु. ३८२१[3] का व्यवस्था थियो । यसका अतिरिक्त दुडुवापाहाड अमिनी कचहरी खोरसमेत निर्माण कार्यलाई दाङ अस्पताल बनाउने हाकिम कारिन्दालाई महिना चारको थप मद्दतका लागि छुट्टै रकम रु. ४३२ छुट्याइएको थियो । यस्तै हुमाउजङ् राणाको रानीलाई घर निर्माणका लागि रु. १३०९। उपलब्ध गराइने भएको देखिन्छ । यहाँनेर स्मरणीय कुरा के पनि छ भने वि.सं. १९९९ सालको बजेटमा अन्यत्र यसरी व्यक्तिगत घर निर्माणका लागि कतै पनि रकम विनियोजन गरिएको पाइँदैन । हुमाउजङ राणा को थिए ? र उनको नाममा किन रकम उपलब्ध गराउनु पऱ्यो भन्ने कुरा भने उक्त बजेटबाट स्पष्ट हुँदैन ।

बुटवलमा पनि यो वर्ष निर्माणमा रकम विनियोजन गरिएको थियो । यहाँ कैदी तथा थुनुवालाई राख्नका लागि एउटा खोर अर्थात् भ्यालाखाना निर्माण गर्ने योजना थियो । सो प्रयोजनका लागि रु. ११७२॥[1]॥ छुट्याइएको थियो । यसका अतिरिक्त यहाँको अस्पतालका रोगीलाई पाइखाना र रोसंदान निर्माणका लागि रु. १८४॥ समेतको व्यवस्था गरियो ।

**नयाँमुलुक**

यस प्रशासनिक क्षेत्रअन्तर्गत नेपालगञ्ज, बर्दिया, कञ्चनपुर तथा बाँके पर्दथे । यो वर्ष यी जिल्लाहरूमध्ये नेपालगञ्ज, कञ्चनपुर तथा बर्दियामा अस्पताल, औषधालयलगायत अस्पतालसँग सम्बन्धित व्यक्तिहरूको आवास निर्माणका लागि बजेटको व्यवस्था गरिएको थियो । यसका अतिरिक्त नेपालगञ्ज, कञ्चनपुर र बाँकेका विभिन्न अड्डा तथा सम्बन्धित हाकिमका लागि आवास निर्माणको योजना थियो । त्यस्तै बाँके जिल्लाका विभिन्न स्थानमा निर्माण गर्न बाँकी रहेका ३४ इनारहरू निर्माणका लागि रु. ८५०३[3] छुट्याइएको थियो । यसै जिल्लाको अमिनीमा रहेको भ्यालखानाको भ्यालढोकाको एङ्गल र च्याप्टेपाता रिपिट् गर्नका लागि रु. ३९९॥[1]। तथा यस जिल्लाकै गोश्वाराका वडाहाकिमको भान्छा र चर्वि निर्माणका लागि रु. २२३९[3]। छुट्याइएको थियो । कञ्चनपुर जिल्लामा डिस्पेन्सरी तथा कम्पाउण्डर र ड्रेसरको आवास निर्माणका लागि रु. ११३९।[1]॥

तथा सोही जिल्लामा डिस्पेन्सरी र मालको हाकिमका लागि आवास निर्माण गर्न अर्को कलममा रु. ३७७२॥ को व्यवस्था गरिएको थियो । यसका अतिरिक्त त्यहाँको मालको हाकिमका लागि आवास निर्माण गर्न पनि रु. ४२४९[३]॥ बजेटमा व्यवस्था गरिएको थियो ।

नेपालगञ्जमा रहेको अस्पतालका कम्पाउण्डर र ड्रेसरका लागि आवास निर्माणमा रु. २३९२।.॥, यसै जिल्लाको अपिलका हाकिमका लागि आवास तथा कचहरी घरसमेतका लागि रु. ८४४३॥।[१] तथा सोही जिल्लाको अस्पतालका डाक्टरलाई आवाससमेतका लागि रु. १५९६१।.॥ छुट्याइयो । उपरोक्त शीर्षकका अतिरिक्त बनाउने अड्डालाई सेप खरिद गर्नका लागि पनि रु. ६० छुट्याइएको थियो ।

समग्रमा नक्शाँमुलुक क्षेत्रका लागि रु. ५१२१८॥।[३].॥ बजेटको निकाशा भएको थियो । यो रकममध्ये 'बनाउने' शीर्षकमा रु. ६२८८६॥।[३].॥२, सोमध्ये तामेली रु. १७२१५[३]॥।२, काम सुरु भइरहेको रु. ३३३३६[१] र काम नभएको बाँकी रु. १२३३५॥[३] थियो ।

## उपसंहार

वि.सं. १९९९ सालको प्रस्तुत सामग्रीका अतिरिक्त अगाडि वा पछाडिको यस किसिमको सामग्रीको सन्दर्भ नपाइएकाले राजधानी बाहिर मुलुकभरको विकास/निर्माणका लागि केन्द्रबाट कहिलेदेखि बजेट छुट्याउने प्रचलनको थालनी भएको हो भन्ने कुराको जानकारी पाउन सकिएको छैन । यति भए तापनि प्रस्तुत सामग्रीले राणाशासनकालको उत्तरार्द्धमा आइपुग्दा राज्यले बजेट बनाएर विकास/निर्माणमा खर्च गरिने प्रचलन व्यवहारमा नै रहेको यथार्थता स्पष्ट हुन्छ । अझ यस्ता सामग्री प्राप्त गर्न सकेका खण्डमा नेपालको बजेट व्यवस्थाका बारेमा अझ विस्तृत जानकारी पाउन ठूलो मद्दत मिल्दछ । यसका लागि अझ गहन अध्ययन-अनुसन्धान गर्नु आवश्यक देखिन्छ । जहाँसम्म माथि उल्लिखित बजेटको सन्दर्भ छ यसबाट राणाकालीन नेपालमा राजधानी बाहिरका जिल्लाहरूमा पनि महत्वपूर्ण विकास/निर्माणका कार्यहरू भएको यथार्थता पाइन्छ । बजेटानुसार निर्धारित विकास/निर्माणका कार्यहरूमध्ये अधिकांश वि.सं. १९९९ सालको अन्त्यसम्म समाप्त भएको र केही बाँकी कार्य पनि सञ्चालनमा रहेको देखिन्छ । सो वर्ष पहाडी जिल्लाहरूमा करिब रु. २८५१४ लगानी गरेर ११ अड्डा (सरकारी भवन) तथा मधेशमा रु. ४२७६२ लगानी गरेर २५ अड्डा (भ्यालखाना, माल, ब्यारेक, शिलखाना, हुलाक, छाउनी, कचहरी, धर्मभकारी, अदालत आदि) निर्माण गरिएका थिए । यसैगरी पहाडमा करिब रु. ८७९३ को लगानीमा ५ तथा मधेशमा करिब रु. ४००२० को लगानीमा ११ सरकारी आवास निर्माण गरिएका थिए । यसका अतिरिक्त मधेश पूर्व र पश्चिमका जिल्लाहरूमा पिउने पानीका लागि ६८ ईनारको निर्माण तथा एउटाको मर्मतसमेतका लागि करिब रु. २०७२२ बजेटको व्यवस्था गरिएको थियो । यसै सन्दर्भमा उल्लेख्य कुरा के पनि देखिन्छ भने वि.सं. १९९९ सालमा प्रधानमन्त्री जुद्धशमशेरको मधेशपूर्वअन्तर्गत मोरङको शिकार भ्रमणका क्रममा आवश्यक पर्ने क्षेत्रमा ईनार निर्माणका लागि रु. ३३२० छुट्याइएको थियो । भैपरीआउने शीर्षकबाट झापा जिल्लाको तोकलाहा बिर्तामा एउटाका लागि करिब रु. २८९ का दरमा १२ वटा ईनार निर्माणका लागि करिब रु. ३४६८ छुट्याइएकाले मोरङका आवश्यक विभिन्न स्थानमा उक्त रु. ३३२० बाट १२ वटा जति नै ईनार निर्माण गर्न सकिने देखिन्छ । यस हिसाबमा माथि उल्लिखित रकमबाट ६८+१२=८० ईनार निर्माण हुन जान्छ । त्यस्तै महोत्तरी क्षेत्रको कटैयामा एउटा पोखरी निर्माणका लागि रु. २१६३ को व्यवस्था गरिएको थियो । यो पोखरी के प्रयोजनका लागि निर्माण निर्माण गरिने हो भन्ने कुरा भने स्पष्ट छैन । यी उदाहरणका अतिरिक्त विभिन्न स्थानमा मन्दिर, पाटीपौवा निर्माण/मर्मत गरिने, कारसम्म चल्ने सडकको निर्माण गर्ने, भारतको पटना स्थित अलैचीकोठीको हाकिम बस्ने घरको निर्माण गर्ने आदि कार्य पनि भएको देखिन्छ ।


सिराहामा १५, दाङदेउखुरीमा ८ र बर्दियामा ८ शैय्यागरी जम्मा ३१ शैय्याको अस्पताल निर्माणका लागि क्रमश: करिब रु. १९७२३, १६०१९ र १५९६१ छुट्याइएको थियो । डोटी अस्पताल निर्माणका लागि रु. ८००० छुट्याइए तापनि कति शैय्याको निर्माण गरिने भन्ने स्पष्ट गरिएको छैन । सिराहामा अस्पतालको एक शैय्या निर्माणका लागि करिब रु. १३१५ र दाङदेउखुरीमा करिब रु. २००३ लाग्ने देखिन्छ । दाङदेउखुरीमा छुट्याइएको रकम र अस्पतालको शैय्या संख्यालाई आधार बनाउने हो भने डोटीमा छुट्याइएको रु. ८००० बाट चार शैय्याको अस्पताल निर्माण हुनसक्ने

देखिन्छ । वि.सं. १९९९ सालको बजेटको आधारमा मुलुकका मधेश र पहाडमा जम्मा ३५ शैय्याको तीन वटा अस्पतालहरू निर्माणका लागि बजेटको व्यवस्था गरिएको देखिन्छ । यसका अतिरिक्त विभिन्न सरकारी औषधालय स्थापना, विभिन्न अस्पतालमा ड्रेसिङरूम, डाक्टरलगायतका लागि आवाससमेतगरी सो वर्ष स्वास्थ्य क्षेत्रका लागि करिब रु. ८०३६१ छुट्याइएको थियो । यहाँनेर के कुरा पनि स्मरणीय छ भने बजेटमा उल्लिखित स्वास्थ्यसँग सम्बन्धित प्रायः सबै निर्माणकार्य सोही वर्ष सकिएको थियो । जस्तो सिराहामा निर्माण गरिने १५ शैय्याको अस्पताल वि.सं. १९९९ सालको चैत्र महिनासम्ममा डाक्टर, कम्पाउण्डर र ड्रेसर आवास तथा भान्छाघर तयार भइसकेको र अस्पताल बन्दै गरेको जानकारी केन्द्रमा पठाइएको पाइन्छ । यसैगरी वि.सं. १९९९ सालको चैत्र महिनासम्ममा बर्दिया अस्पताल निर्माणको कार्य सम्पन्न भइसकेको तर भित्तामा प्लाष्टर गर्ने र झ्यालढोका राख्ने काम मात्र बाँकी रहेको देखिन्छ । यस हिसाबमा काम भएको भए डोटी अस्पताल निर्माणको कार्य पनि वर्षको आखिरमा सकिएको हुनु पर्दछ । यसबाट बजेटमा छुट्याइएको रकमले निर्धारित समयमा निर्माण कार्य प्रायः सकिएको दृष्टान्त मिल्दछ ।

वि.सं. १९९९ सालमा पाहाड, मधेशको लागि व्यवस्था कुल बजेट रकम करिब रु. ३२६८१५ मान्ने हो भने स्वास्थ्यका लागि छुट्याइएको रकम करिब २४.५८ प्रतिशत हुनआउँछ । सर्वसाधारण नेपाली जनतालाई दासको व्यवहार गरिने राणाशासनकालमा एकै वर्षमा राजधानी बाहिरका जनताको स्वास्थ्य उपचारसँग सम्बन्धित अस्पतालको निर्माण एवम् मर्मतका लागिसमेत यति ठूलो धनराशी खर्च गर्नु विकासका दृष्टिले नितान्त उल्लेख्य एवम् सराहनीय कार्य मान्नु पर्दछ । यो कार्यका लागि प्रधानमन्त्री जुद्धशमशेरको सराहनीय नै गर्नु पर्ने देखिन्छ । अस्तु ।

## परिशिष्ट

पब्लिक वर्क मधेश पाहाड रिपोट निक्सारीका ताल्लुकवाला ब्रिगेडियर कर्णेल डिल्लीजङ्ग थापा छेत्रीको विन्तिपत्रानुसार वि.सं. १९९९ सालदेखि मधेशपाहाडतर्फ बनाउने कामका लागि वजेट निकाशा गरिएको सम्बन्धमा कौशीतोसाखानाको नाममा वि.सं. १९९९ साल माघ २२ गते रोज ५ मा जारिगरिएको सनद् ।



[illegible]

# नक्साल स्थित भगवान वहाल (शङ्कर कीर्ति महाविहार)को प्रस्तावित कार्य योजना एक अध्ययन☆

**श्यामसुन्दर राजवंशी**

**परिचय**

काठमाडौं महानगरपालिका वडा नं. १ नक्साल स्थित शङ्करकीर्ति महाविहार नामक प्राचीन बौद्ध विहार हाल भगवान वहाल तथा भों वहालको नामले चिनिन्छ । यो वहाल नक्सालको नन्दीकेशर वहालको पूर्व र नक्साल भगवती मन्दिरको पश्चिम भागमा चारढुंगे टोलमा विहार अवशेषको रुपमा रहेको छ । यिनै पुरातात्विक अवशेष कै आधारमा यो ठाउँ महत्वपूर्ण धामिंक स्थल मात्र होइन अपितु बौद्ध धर्मावलम्बीको लागि पनि धार्मिक एवं सांस्कृतिक केन्द्र थियो भनी चिनाइएको छ ।

बौद्ध परम्परामा काठमाडौं उपत्यकालाई मञ्जुगर्त भन्ने गरेको पाइन्छ । स्वयम्भू पुराणमा उपत्यकालाई कालीह्रद मानेको छ । मल्लकालमा उपत्यकालाई नेपाल मण्डल समेत भन्ने गरियो र यस नेपाल मण्डललाई उपछन्दोह क्षेत्र पनि भनिन्छ । पछिल्लो मल्लकालमा आएर उपत्यकालाई नेपाल खाल्डो पनि भन्ने गरियो साथै तीन शहरको नाम दिएको सम्म भेटिन्छ ।

नेपालको भाषावंशावली, साहित्य र केही स्थानीय पुराणहरूमा बुढानीलकण्ठदेखि कट्वाल दहसम्म फैलिएको विशालनगर ९९००० घरको शहर रहेको वर्णन पाइन्छ । सो शहरको स्थापना काशीबाट आएको धर्मदत्त राजाले गरेको भन्ने वर्णन पाइन्छ । यो विशालनगर आठौं शताब्दीमा आगलागी भई ध्वस्त भएको चर्चा पनि पाइन्छ । यसै प्रसंगमा राजा भोजको पालामा नवसागर भगवती (नक्साल भगवती) को अघिल्तिर रहेको कुवाबाट निस्केको आगोबाट विशालनगर ध्वस्त भएको बताइएको छ । यसबाट विशालनगर क्षेत्र भन्नाले नवसागर अर्थात् नक्साल क्षेत्र पनि परेको बुझिन्छ ।

यस्तै किसिमले वंशावलीहरूमा विशालनगर र मञ्जुपतन समानार्थी शहरको नामबाट चर्चेको पाइन्छ । भनिन्छ- त्रेतायुगमा स्वयम्भुदेखि गुहेश्वरीसम्म फैलिएको उपत्यकामा दोस्रो पल्ट पानीको तलाउ जम्न जाँदा मञ्जुश्री बोधिसत्वले त्यो पानी सुकाएको हुँदा त्यो ठाउँ मञ्जुपतन रहन गएको थियो । यही मञ्जुपतनका पहिलो राजा धर्माकर भए बाट उनै धर्माकरको वंशजका सुधन्वा नाम गरेको राजाले मञ्जुपत्तनभित्र इक्षुमतीको किनारमा संकाश्यनगरीको शहर स्थापना गरे । यसरी यिनै कथनबाट मञ्जुपत्तनको विस्तारित नाम संकाश्यनगरी हुनगयो । काशीबाट आएको धर्मदत्त राजाले उक्त संकाश्यनगरीलाई अझ विस्तार गरी

☆ आ.व. ०६०/०६१ मा तयार भएको नक्साल स्थित भगवान वहाल (शङ्कर कीर्ति महाविहार) संरक्षण तथा पुनर्स्थापना सम्बन्धि प्रस्तावित कार्ययोजना-रिपोर्टमा आधारित

विशालनगर नामकरण गरेको भन्ने भनाई वंशावलीहरूबाट बुझिन्छ ।

यसरी विस्तारित विशालनगर अन्तर्गत रहेको हाडीगाउँलाई नन्दल याने नर पनि भनिन्छ । त्यस्तै गरी नक्साललाई नीलीशाला प्रणाली भनी उल्लेख गरिएको छ ।

लिच्छविकालमा नीलीशालाको नामले प्रसिद्ध रहेको ठाउँ मध्यकाल आधुनिककालको इतिहासबाट गुज्रँदै आएपछि ननिसाल, नंसार, नंसाल हुँदै नक्साल नाम कायम हुन गएको भेटिन्छ ।

यस नक्साल मध्ये पनि चार ढुंगे भन्ने ठाउँको नाम भग्नावशेषको रूपमा रहेको भग्नदेवलको चिन्ह अद्यापि रहेको छ । खासगरी यो के देवलको अवशेष हो भन्ने ज्ञात हुन नसक्ने हुँदा ढुंगाको चार खम्बाको टुटेफुटेको भाग रहेकोले चार ढुंगे नाम रहन गएको भन्ने सम्म विदितै रहेको छ । यिनै चारढुंगेको नामले चिनिएको ठाउँबाट लगभग १०० फिट उत्तर गएपछि बाटोको पश्चिमपट्टि भगवान वहाल पस्ने गल्ली भेटिन्छ । यही गल्लीभित्र पस्नासाथ मल्लकालीन चैत्य आउँछ र यस चैत्यको पछाडि पश्चिम भागमा वहाल आउँछ । वहालको वर्तमान स्थिति हेर्दा विनासकारी भूकम्पले क्षति पुऱ्याएर अस्तव्यस्त भएको जस्तो देखिन्छ ।

**ऐतिहासिक बिवरण**

यस विहारको ऐतिहासिक तथ्य केलाउने क्रममा यहाँ रहेका ७औं शताब्दीतिरको लिच्छविकालीन चैत्यले लिच्छविकालमा यो ठाउँ बौद्ध धर्मावलम्वीहरूको आस्थाको केन्द्र थियो भन्ने प्रस्ट रूपमा दर्शाउँछ ।

हाल हनुमानढोकाको डि.एस.पि. कार्यालयमा सुरक्षित रहेको पद्‌मपाणी लोकेश्वरको मूर्ति जुन यहाँ वहालबाट चोरी भइ चोरबाट बरामद गरिएको र यस मूर्तिको प्राचीनता झण्डै १३औं शताब्दीको भएकोले त्यतिबेला विहारको स्वरूपको साबुद रूपमा थियो भन्ने सहजै भन्न सकिन्छ । त्यस्तै गरी काठमाडौं कमल पोखरीको प्रहरी कार्यालयमा सुरक्षित रहेको ध्यान मुद्राको काठको बुद्ध मूर्तिले पनि मल्लकालमा यस भगवान वहालको भौतिक अवस्था राम्रै रहेको दर्शाउँछ । त्यस्तै गरी तामामा सुन जलप लगाएको चैत्य नन्दीकेश्वर वहालको पुजारीसँग सुरक्षित रहेको छ । यस चैत्यको अवशेषले र १५औं शताब्दीको महाँकालको प्रस्तर मूर्ति उपलब्ध हुनुले पनि यस वहालको भौतिक अवस्था राम्रै अवस्थामा जिउँदो थियो भन्ने जनाउँछ ।

यस वहालको परिसरमा रहेको मल्लकालीन चैत्यहरू, मूल वहालको द्य छेँ घरमा रहेको लोकेश्वर, पादपीठमा सिंह एवं वज्र चित्र अंकित आसन तथा द्य छेँ घरको द्वारपाल सिंहको पादपीठमा ने.सं. ७७०- वि.सं. १७०६) को अभिलेख अंकित पाइएबाट कान्तिपुरका राजा प्रतापमल्लको समयमा यस वहालको मर्मत संभार लगायत विहारको थप रौनकता प्रदान गरेको तथ्यलाई उजागर गर्दछ ।

एवं रीतले आजभन्दा करिव डेढसय वर्ष अघिसम्म पनि यस वहालमा थप निर्माणका कार्यहरू हुँदै थियो भन्ने कुरा पुरिएर रहेको माटो पन्छाउने क्रममा भेटिएका एक दुई अवशेपहरूले पनि दर्शाउँदछ ।

प्रचलित किंवदन्तीका आधारमा यस वहालको निर्माण नवौं शताब्दीमा भएको थियो ताकि भारतबाट नेपाल आएका शंकराचार्यले यहाँका अमर बाँडालाई शास्त्रार्थमा हराएपछि उनका सम्पूर्ण ग्रन्थ जलाएर यो ठाउँमा बौद्ध विहार निर्माण गराएको थियो भन्ने लोक धारणा पनि छ ।

तर जेहोस् लोक धारणा तथा वंशावली आदिमा जे भनिए तापनि लिच्छविकालमा बनेका प्रस्तर चैत्य हालसम्म पनि यही वहालको प्रांगणमा उपलब्ध रहेबाट शंकरकीर्ति महाविहारको निर्माण लिच्छविकाल भएको भन्नेमा बढी संभावना रहेको छ ।

**भगवान वहालको वर्तमान भौतिक अवस्था**

**मुख्य द्य छेँ (आगम घर)**

पद्मपाणी लोकेश्वरको सुन्दर प्रस्तर मूर्ति विराजमान रहने गरेको उत्तर मोहडा भएको आगमघर जहाँ ढुंगाको पेटी लगायत सिँढी सहित द्वारपाल सिंह रहेबाट मुख्य द्य छेँ (आगमघर) को सुन्दरता उत्कृष्ट रहेको आँकलन गर्न सहजै गर्न सकिन्छ । यस प्रकारको मुख्य आगम घरलाई विहारको क्वापाद्य छेँ भन्ने पनि चलन छ ।

हाल लोकेश्वरको उक्त मूर्ति यहाँ नभए तापनि अरू मूर्तिको पादपीठ सिंह तथा वज्रकुल चिन्ह अंकित आशनलाई विशेप उल्लेखनीय अवशेपको रूपमा लिन सकिन्छ ।

यस आगम द्य छेँको अन्य कलाकृतिहरू लोप भइसकेको हुँदा शेप कलाकृतिका भरमा एकिनका साथ यही

हो भन्न गाह्रो छ । यस क्वापा द्य छेँ मा नित्य पूजाको व्यवस्था पनि भएको हुनुपर्ने र पर्वपर्व र चाडबाडमा यस लोकेश्वरको विशेष पूजाको बन्दोवस्त भएको हुनुपर्ने देखिन्छ । प्रत्येक संक्रान्ति र पूर्णिमा आदि पर्वहरूमा पनि विशेष पूजाको बन्दोवस्त भएको देखिन्छ । तर शिलालेख ताम्रपत्र जस्ता अभिलेखको अभावले गर्दा थप अनुसन्धानको खाँचो छ ।

**पद्मपाणी लोकेश्वर**- हनुमानढोका प्रहरी कार्यालयमा रहेको छ ।

नक्साल स्थित भगवानवहालको सांस्कृतिक नाम शंकर कीर्ति महाविहार हो । यस विहारको मूल आगमघर मन्दिरमा रहेको पद्मपाणी लोकेश्वरको मूर्तिलाई १३औं शताब्दी मानिएको छ । यो लोकेश्वरको मूर्ति काठे सिम्भु नघलमा रहेको नवौं शताब्दीको पद्मपाणी लोकेश्वरसँग मिल्दोजुल्दो रहेको छ । पद्मपाणी अवलोकितेश्वरको उल्लेखित मूर्ति चारपाटे पादपीठको माथि कमलगट्टा र त्यसपछि समभङ्ग मुद्रामा उभिएको स्थानक मूर्ति हो । मूर्तिकारले यस मूर्तिलाई हृष्टपुष्ट रूपमा बनाएको छ । यसको दाहिने हात दाहिने घुँडासम्म पुगी वरद मुद्रामा देखाएको छ भने देब्रेहात घुँडादेखि अलि माथि अंकुश मुद्रामा देखिन्छ । यसको पाखुरामा केयूर र नाडीमा वाला रहेको छन् । यसको अनुहार वाटुलो लाम्चो आँखी भौं र अर्ध उन्मीलन आँखा रहेका छन् कानमा कर्ण कुण्डल शिरमा एक चोसे मुकुट देखिन्छ । यसको पछाडि पट्टि शीर्षभागमा पनि किनारमा ज्वालावाली रहेको तीन कुने प्रभामण्डल छ । लोकेश्वरको घाँटीमा हार कम्मरदेखि माथि पूरै भाग उदाङ्ग र कम्मरमा पेटी छ । कम्मरमा बाँधिएको धोतीको लप्का दुई तिघ्राको बीचबाट रेसादार तहतह भएर तल पादपीठ सम्म पुगेको छ ।

पद्मपाणी लोकेश्वरको उत्पत्ति सम्बन्धमा एउटा प्रचलित कथा छ । एउटा हात्ती वन जंगल घुम्दै आउँदा बाटोमा सफा पोखरी देखेछ र त्यस पोखरीमा रंगीचंगी कमलको फूल फुलिरहेको देखेछ । त्यस पोखरीको पानी पिएपछि त्यहाँ रहेको रातो कमलको फूल टिपेर नारायणलाई चढाउन मन लागेछ । त्यो फूल टिप्न भनी जाँदा हात्तीलाई पोखरीको तल तानेर लगिएछ । त्यस हात्तीले आफू अत्यन्त विपदमा पर्न लाग्दा रोएर नारायणलाई पुकार्न थाल्यो । त्यतिकैमा करूणामयले नारायणको रुप लिएर प्रकट भएर हात्तीलाई संकटबाट उद्धार गरे । हात्ती पोखरीबाट बाहिर निस्केपछि फूल चढाए । त्यही फूल ग्रहण गरेपछि के वरदान माग्छौ भन्दा हात्तीले आफू पशु जुनीबाट मुक्त हुन पाउँ भनेपछि नारायणले आफ्नो रूप छाडी अवलोकितेश्वर को रूप धारण गरी पशु जुनीबाट मुक्त होस् भनी आशिर्वाद दिए । त्यही कमलको फूल लोकेश्वरले बायाँहातमा समाएको हुन्छ र प्राणीलाई पनि उद्धार गर्दै रहे भन्ने विश्वास पाइन्छ ।

**चतुशाला प्राङ्गण**

प्रायः हरेक बौद्धविहारहरूमा एउटा चतुशाला प्राङ्गण अवश्य हुने गर्दछ । यस भगवान वहालको मुख्य वहाल प्राङ्गण माटोले पुरिएर रहेकोमा यहाँको माटो फिक्ने क्रममा तेलिया इटा बिछ्याइएको चतुशाला प्राङ्गण भेटिएको छ । यसै प्राङ्गणमा चैत्य एवं महाकाल मूर्ति पनि रहेका छन् । यो प्राङ्गणको मुख्य भागको साइज करिब १०५ फिट लम्बाई चौडाईको वर्गाकारको रूपमा रहेको छ ।

**मुख्य प्रवेशद्वार**

साधारणतः अन्य वहालमा मुख्य प्रवेशद्वार उत्तर लडमा वन्ने गर्दछ । तर यस वहालमा मुख्य प्रवेशद्वार पूर्वतर्फ परेको हुँदा पूर्वतर्फबाट प्रवेश गर्न हुने वहालहरूसँग सामिप्य लिन सकिन्छ । यस वहालमा पूर्वबाट प्रवेश गर्ने भएकोले प्रवेशद्वार पनि लोप भैसकेको अवस्था छ ।

**वज्रधातु चैत्य**

वहाल प्राङ्गणको पूर्वतर्फ रहेको मल्लकालीन चैत्यको जीर्णोद्धार कार्य २०५८/५९ को वर्षमा पुरातत्व विभागको विकास कार्यक्रमबाट सम्पन्न भैसकेको छ । यो चैत्य पूरा इट्टैइट्टाले बनेको चुना, सुर्की, वज्र प्लाप्टर गरिएको चार ध्यानी बुद्धको खोपा (गवाक्ष) भएको चैत्यको शीर्ष भागमा उष्णीष युक्त स्वयम्भू चैत्य छ । यस चैत्यलाई मुख्य तीन खण्डमा विभाजन गरी हेर्ने हो भने तल एक तह पेटी जुन पेटीमा पेटी ढुंगाको प्रयोग छ । बीचको गर्भगृह भाग तह तह परेको कार्नेस बुट्टा हाली बनेको छ । सबैभन्दा माथि प्रस्तरको स्वयम्भु चैत्य रहेको छ ।

यसै चैत्यको संगै प्रत्येक दिन राँगो वध गर्ने गरिन्थ्यो ।

सो कार्य बौद्ध चैत्य जस्तो अत्यन्त पवित्र ठाउँमा यस्तो अत्यन्त अशोभनीय रूपमा रहेको थियो । सो कार्य हाल बन्द गराइसकेको छ ।

**महाँकाल मूर्ति**

वहालको प्राङ्गणको पश्चिम भागमा खुल्ला देवस्थलको रूपमा महाँकालको दुईवटा मूर्ति रहेको छ । यी महाँकालको मूर्तिलाई बौद्धहरूले वज्रवीर महाँकालको रूपमा पुज्ने गर्दछन् । प्रायः यस्तो महाँकालको मूर्ति रक्षक देवताको रूपमा स्थापना गरिने चलन अन्यत्र वहालहरूमा पनि पाइन्छ । यो वज्रवीर महाँकालको मूर्तिलाई प्रायः विद्वान्हरूले १५औं शताब्दीको प्रस्तरकलाको रूपमा मान्ने गरेको छ ।

**द्वारपाल सिंह**

मुख्य द्य छेँ घरको पेटीमा रहेको जोडी प्रस्तर सिंह प्रफुल्लित मुहारमा बनेको छ । यो मल्लकालीन सिंहको विशेषता हो । यी सिंहको हातमा कल्ली लगाइएको सौम्य स्वरूपको सिंह मूर्ति छन् । यी सिंहको पादपीठमा "सम्वत् ७७० पौष शुक्ल एकादशी कुन्हु तया पूर्णमि सिवाखरकन तया" भनी अभिलेख अंकित छ । यसको नेपालीमा अनुवाद "ने.सं. ७७० (तदनुसार वि.सं. १७०६) पौष शुक्ल एकादशीको दिनमा पूर्णिमा सेवा खलकले राखेको" हुन्छ ।

**लिच्छवी चैत्य**

बुद्ध बहुद्वार चित्र अंकित गोलाकार प्रस्तर चैत्य निश्चित रूपमा लिच्छविकालीन कला युक्त चैत्य मानिन्छ । यस्तै प्रकारले ७औं शताब्दीको चैत्य चावहील, वागमती लगायत अन्यत्र पनि रहेको छ । यस्तै चैत्यको शिरो भागमा उष्णीषको भाग हराइसकेको छ ।

**भगवान वहालको वर्तमान स्वरूप**

काठमाडौं महानगरपालिका वडा नं. १ को अन्तर्गत नक्सालका प्रमुख सांस्कृतिक सम्पदाहरूमा नक्साल भगवती नन्दीकेश्वर वहाल, नागपोखरी आदि जति महत्वपूर्ण सम्पदा शंकरकीर्ति महाविहार पनि हो । यस विहारलाई प्रचलित भाषामा भगवान वहाल र भों वहाल पनि भनिन्छ । यस महाविहारको विस्तृत इतिहास दर्शाउने खालको शिलापत्र कुनै नभेटिए पनि सांस्कृतिक सम्बन्धतर्फ विचार गर्ने हो भने पचलि भैरव नाच र भद्रकाली नाच यहाँ पनि नचाइने चलन रहेको पाइएको हुँदा यस वहालसँग अवश्य नै प्राचीन महत्व गाँसेको छ भन्न सकिन्छ ।

**१. मूल आगमघर**

शंकरकीर्ति महाविहारको उत्तराभिमुख भई रहेको मूल आगमघर मन्दिर नेपालका परम्परागत अन्य वहालका आगमघर मन्दिर जस्तै कलात्मक ढंगले छाने शैलीको र हेर्दा आकर्षक एवं मनमोहक हुने भव्य किसिमको आगमघर मन्दिर हुनु पर्ने भान सहजै हुन आउँछ । हाल यसको प्राचीन स्वरूप लोप भई सकेको हुँदा अन्य प्राचीन वहालहरूसँग तुलनात्मक रूपमा अध्ययन गरी हेर्दा मूल आगम घर चावहिलको चारुमती विहारका स्वरूप ल्याउनु उपयुक्त देखिएको छ किनकि भगवानवहालसँगको मूल विहारका स्वरूप ल्याउनु उपयुक्त देखिएको छ किनकि भगवानवहालसँगको मूल आगमघर मन्दिर लिच्छविकालीन वहालसँगै तुलना योग्य हुने सान्दर्भिक देखिन्छ । आगमघरलाई प्रचलित भाषामा क्वापाः देगः भनिन्छ । यसमा भिंगटी छाना हाली शोभायमान हुनुपर्ने देखिन्छ । यसको माथिल्लो तल्लामा क्वस्व भ्याः (विमानभ्याल) राखी खुल्ला चोटा बनेको हुन्छ ।

**वहालको प्रस्तावित स्वरूप**

**दक्षिणलङ द्य छेँ घर (आगमघर)**

यो आगमघरको जगको भाग बाहेक अरू भग्न भै मौलिक स्वरूपनै लोप भैसकेको छ । अवशेषको रूपमा रहेको पेटी र जगको आधारमा नयाँ स्वरूप प्रस्ताव गर्नुपर्ने देखिन्छ ।

१. सिँढी र पेटी मर्मत गरी पूर्व स्वरूप कायम राख्नु पर्ने ।
२. सिँढीको अगल बगलमा द्वारपाल सिंह पुनः जडान गर्नुपर्ने ।
३. मुख्य देवता पद्मपाणी लोकेश्वर राखिने भुइँतल्लाको भित्री बाहिरी कक्ष गरी बनाउनुपर्ने । भित्री कक्षमा लोकेश्वरको मूर्ति रहने र बाहिरी कक्षमा पुजारीहरूले पूजा गर्ने ठाउँ बनाउनु पर्ने ।
४. भित्री कक्षमा राखिने कलात्मक ढोका जस्तै बाहिर

पनि काठको कलात्मक ढोका र दायाँ बायाँ False windows हरू रहने गर्नुपर्ने ।

५. मोहडाको भागमा बुट्टेदारी कार्नेश बनाउनु पर्ने र परम्परागत निर्माण सामाग्री प्रयोग गरी बनाउनु पर्ने ।

६. पहिलो तला ५ मुखे (पासुका) झ्याल रहने गरी बनाउनु पर्ने र अन्य वहालहरूमा पाइने पासुका झ्यालहरूको नमुना हेरी कलात्मक बुट्टेदारी काष्ठमय झ्याल राख्नु पर्ने ।

७. भुईंतलाको उचाइ भन्दा अनुपातमा डेढी उचाइ रहने झिंगटीको दुइ पाखे छाना हाल्ने र छाना माथि बुर्जा फुचा छाना बनाउनु पर्ने, छानालाई थाम्ने टुँडाल काष्ठकलात्मक राख्नुपर्ने, टुँडालमा हाल देवी देवताको विभिन्न खालको कलाकारी झल्काउनु पर्ने ।

८. द्य छैं घरको दायाँ बायाँ घर बनाउनुपर्ने, सो पुजारी घर द्य छैं घरकै सादृश्य आउने गरी जमिन तलामा ढोका माथि तीनमुखे पासुका झ्याल र झिंगटी छाना हाली काष्ठकला युक्त टुँडाल राख्नु पर्ने ।

९. वहालको दक्षिणलङको मूल द्य छैं घरको बायाँ पट्टि (पश्चिम भाग) को ०-२-२-२ क्षेत्रफलको जग्गा अधिग्रहण गर्नु पर्ने ।

**पश्चिम र उत्तरलङ**

यस वहालको मौलिक स्वरूप लोप भैसकेको कारणले गर्दा पश्चिम लङ र उत्तरलङ गरी चारैतिर पाँच फिटको पेटी माअपाले बनाई पेटीढुंगा तेलियाँ इटा प्रयोग गरी बनाउनु पर्ने ।

- वहालको पश्चिम लङमा काठको बुट्टेदारी थामहाली एक तला पाटी निर्माण गर्ने । यस पाटीमा परम्परागत चली आएको गुठी पूजाआजा गर्दा भोज गर्न प्रयोजनका लागि पनि प्रयोग हुने ।
- वहालको पश्चिम उत्तर कुनाको भागमा पनि यस्तै पाटी बनाउने ।
- वहालको उत्तर तथा पूर्व भागमा दुई तहको ५/५ फिट फराकिलो पेटी बनाउने ।
- वहालको उत्तर पट्टि पेटीबाट दक्षिण भाग लम्बाई १० फिट चौडाई १० फिटको फूलवारी बनाउने ।
- वहालको पश्चिम पट्टि वहालसँग नागपोखरी ढुंगेधारासँग जोड्न खुला बनाउन पर्ने हुँदा ६/७ वटा घरहरू अधिग्रहण गर्नु पर्ने ।
- वहालको पश्चिमलङबाट लोकेश्वर मूर्ति भित्र्याउने प्रचलन रहेकोले सो प्रावधान पनि राख्नुपर्ने ।

**पूर्वलङ**

वहालको भित्री भाग पेटी र वाहिरी भाग वहाल प्रवेशद्वार ढोका रहनेछ ।

- वहालको पूर्वपट्टि प्रवेशद्वार निर्माण गर्ने र मूल सडकबाट वहाल प्रवेश गर्ने ठाउँमा पनि प्रवेशद्वारको परम्परागत स्वरुप दिने ।

**वहाल प्रवेश ढोका**

यस द्वारको डिजाइन वेग्लै तयार गर्नुपर्ने ।

**वज्रधातु चैत्य**


वहाल प्रवेशको बाहिर पट्टि पर्ने र यसको जीर्णोद्धार कार्य २०५८/०५९ मा भैसकेको छ ।


**वहाल प्राङ्गण**

प्राङ्गणमा तेलियाँ ईंटा विछ्याउने र चारैतिर स्लोप बनाई पानी जाने ठाउँ बनाउनु पर्ने ।

- प्राङ्गणको लिच्छविकालीन चैत्य र वज्रधातु चैत्यको मर्मत कार्य गर्नु पर्ने ।
- महाँकालको मूर्ति रहेको खुल्ला देवललाई दचि अपा र तेलिया इटाको प्रयोग गरी परम्परागत स्वरूप ल्याउनु पर्ने ।
- वहालभित्र पानी जम्न नदिन उचित ढलको व्यवस्था गर्नु पर्ने ।

वहालको प्रस्तावित स्वरुपको नक्साबाट उल्लेखित कार्ययोजना झल्काइएको छ ।



LEGEND
EXISTING BUILDING
PROPOSED DHYANCHHEN
TALIA BK FLOORING
STONE PAVING
PROPOSED SATTAL
PROPOSED OPEN PATI
FLOWER BELT
PROPOSED DOMOLISH BUILDING
BAHAL AREA
CHAITYA
CHAITYA
CHAITYA
BAHANKAL
TALIA BK PAVING
PROPOSED SIDE SATTAL
DHYACHHEN
PROPOSED SIDE SATTAL
GATE
GA HITTI
TEMPLE
TO NAGPOKHARI
JYAPU PATI
GANESH TEMPLE
TO POLICE HEADQUARTE
SHIVA LINGA
NARAYEN TEMPLE
TO BHAGABATI TEMPLE
CHAR DHUNGE
TO KAMALPOKHARI
Consultants: PLANNERS AND DESIGNERS ASSOCIATES
KAUSALTAR
N
PROPOSED
MASTER PLAN
SHANKARKIRKIRTI MAHABIHAR BHAGABAN BAHAL AREA
NAKSAL
Scale:





आगमघरको प्रस्तावित स्वरुप



बहाल प्रवेश ढोका मुख्य मार्ग



बहालको पूर्वपट्टिको चैत्य जीर्णोद्धार पछि




बहाल भित्रको द्यछें (आगमघर)





पद्मपाणी लोकेश्वर (हाल हनुमानढोका प्रहरी कार्यालयमा)



चैत्य (धातु) नन्दीकेशरको पुजारीसँग रहेको


काठको ध्यान मुद्राको बुद्ध


द्य छेँ प्रवेशद्वारका सिंह





द्य छेँ प्रवेशद्वारको तल्लो भाग




द्य छेँ प्रवेशद्वारको सिंह


बहाल प्राङ्गणको चैत्य


बहाल प्राङ्गणको चैत्य


बहाल प्राङ्गणको चैत्य


बहाल प्राङ्गणको चैत्य



बहाल प्राङ्गणको भग्न चैत्य



बहाल प्राङ्गणको वज्रवीर महाँकाल

# तुलनात्मक अनुसन्धानमा लिच्छविकालका अभिलेखहरूको वैज्ञानिक महत्व

**मिचिहिरो नारिता**

नेपालको इतिहास अति पूर्वकालदेखि नै सुरू भएको हो । गोपाल वंशावली, भाषा वंशावली तथा प्रचलित किंवदन्तीका आधारमा नेपालको प्राग ऐतिहासिककालका घटना विषयमा धेरै अनुमान गर्न सकिन्छ । तर प्रामाणिक रूपमा भने नेपालको प्राचीनकाल लिच्छविकालदेखि मात्र सुरु भएको मानिएको छ । हालसम्म अनेकौं विद्वान्हरूले अभिलेखहरूको सूक्ष्म विश्लेषणद्वारा प्राचीनकालका इतिहासबारे विभिन्न सामाग्रीहरू प्रकाशित गरेका छन् । त्यसको परिणामस्वरुप हामीले ती अनुसन्धानको प्रतिफल पाउन सकेका छौं ।

लिच्छविकालका अभिलेखहरू काठमाडौं उपत्यका तथा त्यसको वरिपरिमा पाइएका छन् । ती अभिलेखहरूको अनुसन्धानबाट तात्कालिक समाजको सांस्कृतिक, धार्मिक, राजनीतिक र आर्थिक स्थितिका बारेमा प्रामाणिक रूपले बोध गर्न सकिन्छ । तसर्थ ती अभिलेखहरूलाई प्राचीन नेपालको इतिहासको सूचक तथा द्योतक हुन् भन्न सकिन्छ ।

ती अभिलेखहरूको वैज्ञानिक अनुसन्धान सर्वप्रथम भगवान् लाल इन्द्रजी, वेन्दाल र सिल्वान् लेभी जस्ता विदेशी विद्वान्हरुले गरेका थिए । तर तिनीहरुको अनुसन्धानलाई संशोधन गरी त्यसको वैज्ञानिकता बढाएको कार्यमा बाबुराम आचार्य, नयराज पन्त, योगी नरहरि नाथ र बुद्धिसागर पराजुली जस्ता नेपाली विद्वान्हरूले नै महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यसपछि इतिहास संशोधन मण्डलले ती अभिलेखहरूको विस्तृत अनुसन्धान गरेर ठूलो योगदान गरेको थियो । त्यसमा धनवज्र वज्राचार्यको उल्लेखनीय योगदान रहेको देखिन्छ । उनले वि.सं. २०३० मा ती अभिलेखहरूको संग्रह "लिच्छविकालका अभिलेख" प्रकाशित गरेका थिए ।[१] त्यस ग्रन्थमा उनले अभिलेखको मूलपाठ र अनुवाद प्रस्तुत गरी सम्बद्ध पक्षको व्याख्या पनि गरेका छन् । त्यस ग्रन्थको जापानीभाषाको अनुवाद पनि प्रकाशित भइसकेको छ ।

ती लिच्छविकालका अभिलेखहरूले केवल नेपालका विषयमा मात्र सीमित नभई एशियाका सांस्कृतिक तथा ऐतिहासिक अनुसन्धानमा पनि दृढ प्रमाणहरू प्रस्तुत गर्छन् भन्ने कुरा तुलनात्मक अनुसन्धानबाट अवगत हुन्छ ।

---

१ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, त्रि.वि. नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३० ।

अर्थात् लिच्छविकालका अभिलेखहरूको वैज्ञानिक महत्व नेपालमा मात्र सीमित नभई अन्तर्राष्ट्रिय रूपमा मानिएको छ ।

लिच्छविकालका अभिलखेहरूको वैज्ञानिक महत्वमध्ये लिपिको शैली पनि एउटा पक्ष हो । लिपिविज्ञानको दृष्टिकोणबाट लिच्छविकालका अभिलेखहरूलाई अरू क्षेत्रका अभिलेखहरूसँग तुलना गर्दा लिपिको रूपान्तरणको विश्लेषणद्वारा सांस्कृतिक प्रचारक्रम तथा विकासक्रमका बारेमा नयाँ तथ्यको खोजी गर्न सकिन्छ ।

यसै प्रसङ्गमा उक्त तुलनात्मक अनुसन्धानको सम्भावनाबारे दृष्टिगत गराउने एउटा उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

दक्षिण एशियाको ऐतिहासिक अनुसन्धानमा लिपिविज्ञानको उल्लेखनीय योगदान रहेको छ । सिन्धु सभ्यतामा लेखनपरम्परा रहेको ऐतिहासिक प्रमाणहरू अहिले उपलब्ध भए तापनि तात्कालिक लिपिको अनुसन्धान हुन अझै बाँकी छ । तसर्थ मुख्य रूपमा संस्कृति भाषा तथा ब्राह्मी लिपिको अनुसन्धानबाट नै प्राचीनकालको दक्षिण एशियाको वास्तविक स्वरूपका बारेमा बोध गर्न सकिन्छ ।

वास्तवमा वैदिक वाङ्मयलाई लिपिबद्ध गर्ने परम्परा प्रागऐतिहासिक कालदेखि रहेको थिएन । 'श्रुति' शब्दले वैदिक वाङ्मयलाई खास गरी ऋक्, यजुः, साम र अथर्व भन्ने चार वेदका ब्राह्मण भागलाई जनाउने कुराबाट पनि स्पष्ट हुन्छ कि वैदिक वाङ्मयको विकास तथा संरक्षण श्रुतिपरम्परामा नै आधारित थियो । अर्थात् वैदिक सभ्यता मौखिक तथा अलिखित परम्पराका रूपमा मात्र जीवित रहेको थियो । त्यस्तो स्थितिमा इशापूर्व तेस्रो शताव्दीतिर ब्राह्मी तथा खरोष्ठी भन्ने दुई प्रकारका लेखन पद्धति दक्षिण एशियामा देखापरे । तत्पश्चात् संस्कृत भाषालाई लिपिबद्ध गर्ने परम्पराको सुरुआत भयो । हालसम्मको अनुसन्धानबाट प्राप्त गरिएका संस्कृत भाषाका अधिकांश प्राचीन अभिलेखहरू ब्राह्मी लिपिमै रचना गरिएका छन् । त्यसको पृष्ठभूमिमा संस्कृत भाषालाई लिपिबद्ध गर्न ध्वनि तथा वर्णका सम्बन्धमा खरोष्ठी लिपिभन्दा ब्राह्मी लिपि नै उचित थियो भन्ने कतिपय अनुसन्धानकर्ताहरूको भनाइ छ । ब्राह्मी लिपिको उत्पत्तिका सन्दर्भमा विद्वान्हरूबाट सेमेतिक उत्पत्ति, फिनिसियाई उत्पत्ति र भारतीय उत्पत्ति जस्ता विभिन्न मतहरू प्रस्तुत गरिएका छन्[२] ।

जे होस् ब्राह्मी लिपि दक्षिण एशियामा व्यापक रूपले प्रचलित हुँदै गयो । ब्राह्मीबाट विकसित लिपिहरूलाई उत्तरी शैली तथा दक्षिणी शैलीका रूपमा विभाजन गर्न सकिन्छ । उत्तरी शैलीमा क्रमशः गुप्त, कुटिल, नागरी, शारदा, बंगला र पश्चिमी जस्ता लिपिहरूको विकास भयो भने दक्षिणी शैलीमा क्रमशः मध्यप्रदेशी, तेलुगु, ग्रंथ, कलिंग, तमिल र बट्टेलुत्तु जस्ता लिपिहरूको विकास भयो[३] । भनाइको तात्पर्य के हो भने वर्तमान दक्षिण एशियामा प्रचलित विभिन्न लिपिहरूको मूल ब्राह्मी लिपि नै हो ।

ब्राह्मी लिपिका अभिलेखहरूमध्ये सर्वप्रथम मौर्य साम्राज्यका सम्राट् अशोकले निर्माण गरेका अभिलेखहरू प्रसिद्ध छन् । उनको शासनकाल इशापूर्व तेस्रो शताव्दी मानिएको छ । त्यस अवधिमा उनले साम्राज्यको सीमाक्षेत्र निर्धारण गर्ने हेतुले अभिलेखहरूको निर्माण गरेका थिए जुन अभिलेखहरू धर्मलिपिका नाममा प्रसिद्ध छन् । उनले स्थानअनुसार खरोष्ठी जस्ता अन्य लिपिको प्रयोग पनि गरेका छन् । तर अधिकांश अभिलेखहरूमा ब्राह्मी लिपिको प्रयोग गरिएका कारण तात्कालिक दक्षिण एशियामा ब्राह्मी लिपि नै बहुप्रचलित थियो भन्ने कुरा सहजै अवगत हुन्छ ।

नेपालमा रहेका उनका दुई अभिलेखहरूमध्ये लुम्बिनीस्थित स्तम्भलेखमा भगवान् बुद्धको जन्मस्थलका बारेमा वर्णन गरिएको छ । यसको वैज्ञानिक महत्व उल्लेखनीय छ र नेपाल राष्ट्रका लागि पनि यो एउटा

२ गौरीशंकर हीराचन्द ओझा, भारतीय प्राचीन लिपिमाला, तृतीय संस्करण, मुनशीराम मनोहरलाल, दिल्ली, सन् १९७१ पृ. १८
३ ऐजन पृ. ४२२
४ दिनेशचन्द्र रेग्मी, पुरालेखन र अभिलेख हिमालय बुक स्टल, काठमाडौं, वि.स. २०६०, पृ. १५७

गौरवको विषय बनेको छ ।

त्यसपछि उत्तर भारतमा गुप्त लिपिको विकास भयो र नेपालमा पनि त्यसको प्रभाव पऱ्यो । नेपालमा गुप्त लिपिलाई पूर्व लिच्छवि लिपि भनिएको छ र त्यसपछिको कुटिल लिपिलाई उत्तर लिच्छवि लिपि भन्ने नामकरण गरिएको छ ।

नेपालमा इशाको पाँचौं शताब्दी देखि काठमाडौं उपत्यका तथा त्यसको वरिपरि लेखन परम्पराका प्रमाणहरू नियमित रूपमा देखापरेका छन्[८] । मानदेव प्रथम र सुरुतिरको लिच्छवि शासकहरूका अभिलेख गुप्त लिपि सदृश पूर्व लिच्छवि लिपिमा कुँदिएका छन् भने अंशुवर्मापछिका अभिलेखहरूको लिपि कुटिल लिपि सदृश उत्तर लिच्छवि लिपि हुन् भनेर प्रायः मानिएका छन् । ती दुवै थरि अभिलेखहरूमा संवत्‌को उल्लेख पनि गरिएका हुनाले तिनलाई ऐतिहासिक अनुसन्धानका लागि अत्यन्त महत्वपूर्ण सामग्रीका रूपमा मान्न सकिन्छ ।

वास्तवमा कुटिल लिपिका प्रमाणहरू दक्षिण एशियामा मात्र सीमित नभई अन्य क्षेत्रमा पनि पाइन्छन् । वर्तमान कम्बोडिया वा मलेसिया जस्ता पूर्व दक्षिण एशियामा पनि कुटिल लिपिका अभिलेखहरू पाइएका छन् भने चीन र जापानमा पनि त्यसको प्रयोग ताडपत्रहरूमा गरिएका छन् ।

जापानमा कुटिल लिपिलाई 'सिद्धम्' लिपि भनिन्छ । वर्तमान जापानी समाजमा पनि त्यस लिपिको प्रयोग छँदै छ । खासगरी बौद्धमार्गीहरूको मृत्यु संस्कारमा मृतकलाई धार्मिक नाम प्रदान गर्ने चलन छ । त्यो धार्मिक नाम सिद्धम् लिपि अर्थात् कुटिल लिपिमा उल्लेख गर्ने परम्परा रहँदै आएको छ । तसर्थ उक्त संस्कारमा संलग्न हुने भिक्षुहरूले संस्कृत भाषा तथा कुटिल लिपिको अध्ययन पनि गर्नुपर्दछ ।

बौद्धधर्मको प्रचार-प्रसारका क्रममा संस्कृत भाषा र उक्त लिपि चीनबाट जापानमा पुगेका हुन् भन्ने इतिहासकारहरूको अभिमत छ । त्यो समय कहिले थियो भन्ने कुरा स्पष्टसँग नबुझिए तापनि 'स्योतोकु-ताइसि' भन्ने शासकले इशाको पाँचौं शताब्दीमा बौद्धधर्मलाई राष्ट्रधर्मका रूपमा निर्धारण गरेको घटनालाई आधार मानी त्यसभन्दा अगाडि नै बौद्धधर्मको प्रचार भइसकेको थियो भन्ने अनुमान गरिएको छ । त्यो बेला जापानी विद्वान्‌हरू बौद्धधर्मको सैद्धान्तिक अध्ययन तथा अन्य विद्याको खोजीमा चीनमा गएका थिए । त्यसको सिलसिलामा संस्कृत भाषा र लिपि पनि जापानमा पुगेको हो । यस्तो साँस्कृतिक सम्बन्ध कायम भएको मूल कारण नै बौद्धधर्म हो । जापानको साँस्कृतिक तथा साहित्यिक विकासका लागि महत्वपूर्ण माध्यमका रूपमा बौद्धधर्म रहेको छ । चीनबाट फर्केका भिक्षुहरूले जापानमा बौद्धधर्मको प्रचार-प्रसार कार्यमा सक्रिय हुँदै चीनमा हासिल गरेका वास्तुकला आदि विभिन्न ज्ञानद्वारा जापानको विकासका लागि योगदान गरेका थिए । बौद्धधर्मको सैद्धान्तिक अध्ययनका परिणामस्वरूप जापानमा संस्कृत भाषा तथा कुटिल लिपिको अध्ययनको परम्परा विकसित भयो । बौद्ध स्तोत्रहरूको मौलिक अर्थको खोजी गर्ने उद्देश्यले भिक्षुहरू सो अध्ययन-अध्यापनमा संलग्न भए । वास्तवमा सोही अध्ययनको परिणामस्वरूप वर्तमान जापानी भाषाको वर्णमाला पनि आविर्भाव भएको हो ।

यसै प्रसङ्गमा जापानमा रहेको कुटिल लिपिमा उल्लिखित संस्कृत भाषाको सामग्रीका बारेमा चर्चा गर्न चाहन्छु ।

जापानको मध्यभागको नारा अञ्चलमा अवस्थित होर्यूजि नामक बौद्ध मन्दिरमा एउटा हस्तलिखित ताडपत्र रहेको थियो । त्यस ताडपत्रमा 'प्रज्ञापारमिताहृदयसूत्र' भन्ने बौद्ध सूत्र लेखिएको छ । त्यो सूत्र संस्कृत भाषा लेखिएको छ भने त्यसको लिपि कुटिल लिपि हो । त्यो पत्र इ.सं. ६१० मा 'ओनोनो इमोको' भन्ने विद्वान्‌ले चीनबाट लिएर आए भन्ने उल्लेख "इकारुगा-कोजिबेन्रान्" भन्ने प्राचीन ग्रन्थमा पाइन्छ । तर त्यो उल्लेख होर्यूजिको निर्माण गरेका 'स्योतोकु ताइसि'को किंवदन्तीको सन्दर्भसँग गाँसिएका कारण त्यसलाई बैज्ञानिक प्रमाणका रूपमा मान्न सकिंदैन । उक्त ताडपत्रबारे सर्वप्रथम वैदिक विद्वान् Max Muller ले बैज्ञानिक विश्लेपण गरेका थिए । ताडपत्रमा उल्लेख गरिएको कुटिल लिपिको स्वरूपलाई अनुसन्धान गरी त्यसका आधारमा उनले उक्त ताडपत्र इशाको छैटौं शताब्दीसम्म भारतीय विद्वान्‌ले रचना गरेको हुनुपर्छ

भन्ने विचार व्यक्त गरे । त्यसपछि त्यो ताडपत्र अहिलेसम्म प्राप्त भएका सर्वप्राचीन ताडपत्रका रूपमा प्रसिद्ध भयो । त्यो ताडपत्र अहिले जापानको राष्ट्रिय सम्पत्तिका रूपमा टोकियोमा अवस्थित राष्ट्रिय संग्रहालयमा सुरक्षित राखिएको छ ।

परन्तु उक्त पत्रका बारेमा कतिपय विद्वान्हरूले फरक धारणा प्रस्तुत गरेका देखिन्छन् जुन धारणा Max Muller को मतसँग मेल खाँदैन । उक्त पत्र भूर्जबाट बनेको छ । भारतमा प्राप्त भएका ताडपत्रहरूसँग तुलना गर्दा बेग्लै किसिमको विशेषता त्यस पत्रमा देखिन्छ । भारतका ताडपत्रको सतहमा रेसा देखिन्छ, तर यस पत्रमा त्यस्तो रेसा देखिंदैन । सूक्ष्म रूपले उक्त पत्रलाई अवलोकन गर्दा अक्षरहरू बुरुसद्वारा लेखिएको जस्तो देखिन्छ । भारतीयहरूले बुरुसको प्रयोग गरेका थिएनन् । त्यसका अतिरिक्त पत्रमा चीनिया अक्षरहरू पनि लेखिएका छन् जुन अक्षरहरूको मसीको अवस्था कुटिल अक्षरको मसीको अवस्थासँग मिल्दछ । ती कारणहरूका आधारमा उक्त ताडपत्र भारतीय विद्वान्द्वारा रचना गरिएको नभई चीनिया भिक्षुद्वारा रचना गरिएको हुनुपर्छ भन्ने मत प्रस्तुत गरिएको छ[५] ।

अब त्यस ताडपत्रमा उल्लिखित 'प्रज्ञापारमिताहृदयसूत्र' लाई ध्यान दिंदा त्यसको भाषाको शैली संस्कृत भाषाको व्याकरणको दृष्टिमा त्यत्ति स्तरीय छैन । त्यसमा संस्कृत भाषाको गलत प्रयोग देखिन्छ भने कतिपय ठाउँमा पदको अभाव पनि देखिन्छ[६] । साथै अनावश्यक शब्द पनि लेखिएका हुनाले त्यो पत्र रचना गरेको व्यक्तिले बौद्धधर्मको शिक्षा तथा संस्कृत भाषाको ज्ञानमा उत्कृष्ट दक्षता हासिल गरेको थिएन भन्ने अनुमान गर्न सकिन्छ । जे होस् त्यो ताडपत्र लिपिविज्ञानको दृष्टिकोणमा, खासगरी कुटिल लिपिको विकासक्रमको अनुसन्धानका लागि प्रामाणिक सामग्री हो र त्यसमा विशेष महत्व रहेको छ भन्ने कुरामा कुनै सन्देह देखिँदैन ।

त्यसपछि उक्त ताडपत्रको रचना कालका बारेमा विचार गर्दा माथि वर्णन गरिएका Max Muller का मत अनुसार त्यसको रचना इशाको छैटौं शताब्दीसम्म भएको मानिएको छ । तर कुटिल लिपिको स्वरूपलाई तुलनात्मक दृष्टिकोणबाट हेर्दा Max Muller को मत त्यति उचित जस्तो देखिँदैन । नेपालमा लिच्छविकालका अभिलेखहरूमा कुटिल लिपिका प्रशस्त प्रमाणहरू पाइन्छन् । होर्युजिको पत्रका कुटिल अक्षरहरूलाई नेपालमा उपलब्ध भएका ती प्रमाणहरूका कुटिल अक्षरहरूसँग तुलना गर्दा लिच्छवि शासक नरेन्द्रदेवको पालामा रचना गरिएका अभिलेखहरूका लिपिको रुपसँग मिल्दछ । नरेन्द्रदेवको शासन काल सातौं शताब्दीको हो भन्ने अधिकांश इतिहासकारहरूको भनाइ छ । यदि होर्यूजिको ताडपत्र चीनमा रचना गरिएको हो भने कम से कम आठौं शताब्दीभन्दा पछिल्लो समयमा नै रचना गरिएको हुनुपर्छ भन्ने धारणा सिद्ध हुन्छ । अध्ययन-अनुसन्धानका लागि जापानबाट चीनमा विद्वान्हरूलाई पठाउने 'केन्तो-सि' भन्ने व्यवस्था इशाको ८९४ सालमा अन्त्य गरियो । त्यसको मूल कारण चीन देशको राजनीतिक अस्थिरता र अस्तव्यस्तता थियो । त्यसपछि जापानमा चीनको अनुशरण गर्ने परम्परा क्रमशः लोप भई जापानको मौलिक संस्कृतिको विकास हुन गयो । अर्थात् ई.सं. ८९४ सालपछि चीनसँगको प्रत्यक्ष सम्बन्ध अबरुद्ध भएको थियो ।

उपर्युक्त ऐतिहासिक घटनाहरू तथा अक्षरहरूको तुलनात्मक अध्ययनबाट होर्यूजिको ताडपत्रको रचना काल Max Muller ले उल्लेख गरेका समयभन्दा अझै पछिल्लो समय हो भन्ने अनुमान गर्न सकिन्छ । सम्भवतः ईशाको आठौंदेखि दशौं शताब्दीसम्मको अवधिमा उक्त पत्रको रचना भई जापनमा पुगेको थियो । यस विषयमा थप विस्तृत अनुसन्धान गर्नु आवश्यक छ ।

यसरी लिपिको विकासक्रममा आधारित दक्षिण एशियाबाट अन्य एशियाका क्षेत्रमा व्यापक रूपले फैलिंदै गएको साँस्कृतिक तत्व एवं त्यसको प्रभावका बारेमा सङ्क्षिप्त वर्णन गरें । दक्षिण एशियाबाट जापानसम्म

---

५ स्यूयो नाकुबो, बोन्जि सिद्धम्, चतुर्थ संस्करण, हिराकावा पब्लिकेशन, टोकियो, सन् १९८४, पृष्ठ ५३

६ ऐजन पृ ४४

पुगेका साँस्कृतिक तत्वहरू असंख्य छन् । तीमध्ये पनि माथि वर्णन गरिएका कुटिल लिपि अर्थात् उत्तर लिच्छवि लिपिको तुलनात्मक अनुसन्धानले साँस्कृतिक प्रभावको प्रसारक्रम तथा विकासक्रमलाई बैज्ञानिक रूपले पुष्टि गर्दछ र प्रामाणिक सामग्रीहरू प्रस्तुत गर्दछ । सोही अर्थमा नेपालमा प्राप्त भएका लिच्छविकालका अभिलेखहरूको वैज्ञानिक तथा ऐतिहासिक महत्वको बोध हुन्छ ।

वर्तमानकालका ती अभिलेखहरूको अवस्था विचारणीय देखिन्छ । कतिपय अभिलेखहरूमा संरक्षण गर्ने व्यवस्था तथा त्यसको उचित प्रयास नदेखिनु आपत्तिको विषय बनेको छ । ती अभिलेखहरूले वैज्ञानिक महत्व देखाउनुका साथै सांस्कृतिक सम्पदाको संरक्षण कसरी गर्ने भन्ने एउटा ठूलो प्रश्न र चुनौति हामीलाई दर्शाएका छन् जस्तो मलाई लाग्दछ ।

**सन्दर्भ ग्रन्थः**

**नेपाली भाषा**

१. दिनेशचन्द्र रेग्मी, पुरालेखन र अभिलेख, हिमालय वुक स्टल, काठमाडौं, वि.सं. २०६० ।

२. शङ्करमान राजवंशी, नेपाल लिपिविकास, दोस्रो संस्करण, श्यामसुन्दर राजवंशी, काठमाडौं, वि.सं. २०५९ ।

३. शङ्करमान राजवंशी, लिच्छवि-लिपिसंग्रह, वीर पुस्तकालय, काठमाडौं, वि.सं. २०२१

४. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, दोस्रो संस्करण, नेपाल र एशियाली अनुसन्धान केन्द्र-त्रिभुवन विश्वविद्यालय, काठमाडौं, वि.सं. २०५३ ।

५. हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि.सं. २०३० ।

**हिन्दी भाषा**

१. गौरीशंकर हीराचन्द ओझा, भारतीय प्राचीन लिपिमाला, तृतीय संस्करण, मुनशीराम मनोहरलाल, दिल्ली, सन् १९७१ ।

२. जार्ज व्यूलर, भारतीय पुरालिपिशास्त्र, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९६६ ।

**अंग्रेजी भाषा**

1. Ahmad Hasan Dani, Indian Palaeography, Munshiram Manoharlal, Delhi, 1997
2. D.R. Regmi, Inscriptions of Ancient Nepal, Shakti Malik Abhinav Publications, Delhi, 1983.


**जापानी भाषा**

१. स्यूयो ताकुबो, वोन्जि सिद्धम्, चतुर्थ संस्करण, हिराकावा पब्लिकेशन, टोकियो, सन्, १९८४ ।


## लिपिको तुलनात्मक भिन्नता

| देवनागरी | जापानका ताडपत्रको अक्षर | नरेन्द्रदवको पालाको अक्षर |
|---|---|---|
| १ आ | | |
| २ इ | | |
| ३ ए | | |
| ४ क | | |
| ५ न | | |
| ६ प | | |
| ७ म | | |
| ८ यो | | |
| ९ व | | |
| १० ह | | |







## पाटन दरवार लुँङ्याः चोकको अभिलेख



(क)



(ख)



'प्रज्ञापारमिता हृदय सूत्र' नामक हस्तलिखित ताडपत्र ग्रन्थ

गताङ्कको बाँकी

न· सवैवसी· भारि ओलि· त्यो भिन सिंह हरु हेरि वाटाको खर्च भरवन सेत मोल
गरि मालविक्रिगर्‍याव मोजिम का रुपैया तुरुंत असुल गरि चलाई पठाउ
न्या काम गर्दछौ श्री आज्ञा कुगामा पक्रियाका वधुवा भोट्या २८ नासि गाउमा
पक्रि केरुंमा रह्याको भोट्या ४ ज्मा वधुवा भोट्या ३२ सिपाही हरुका साथमा
लाई पठायाको छ हजुर मा दाखिल होला पाल्पाल् मा रह्याका खजाना ह
रु सवै नआकि ध्या भित्र मा साम्यौं किध्या आड वनाउदै छौं सिध्याउनाला
ई भरि सक्य सवैले तनमन गरि वनाउन लाग्याका छौं मुकाम कुगाकि
ध्या शुभम्

दफे· श्री प्राइम मिनिष्टरका हजुरमा श्री कम्यांडर कर्णेल सनकासंखवीवा
[illegible] आसाढ वदी ५ रोज ४ का दिन पल्टन् मोर्चाङ को
वाटो गरि कुगादेखी माथी का ओलामा आई वस्या· भोलि बिहिवार आज
आई पुगदछन् आई पुग्या पछी ओ आयाका फिकर पगरि पल्टन् नीआ
संग वसि विस्तार वुझीले षी पठाउन्या काम गरौंला थ काली सुवा वलवीर
ले कप्तान् अम्बर सिं कुवर राणा जी प्रभृती ले हजुरका चरणमा अ
र्जि लेख्याको जी आज ८ घडी दिन वाँकी मा आज्ञा आइ पुग्यो सोही अर्जिखा
नागरि चलाइ पठायाको छ नजर भै जाहेर होला शुभम्

दफे श्री प्राइम मिनिष्टरका हजुरमा श्री कम्यांडर कर्णेल सनकहिं
मत वाट लेषी चलाइ पठायाको ४ पल्टन्ली कुगामा वस्नु भनी मर्जि भ
यो र आज्ञा वसी आड किध्या खजाना रा स्न्या घर वनाउन लागी रह्या
छु· आहाल डाँडी मा पक्रीयाका कुगा किध्याको वधुवा भोट्या २८ नासि

गाउमा पक्रीयाका कंहं मारयाको भोथ्यो ४ ज्माव धुवाईं लाइ नेपालपु
गनासम्मको रहद दिलाई श्री गोरख दल कंपनी का सिपाही साथ लगा
ई पठायाको छ दाखील होला आहा हामी ओ भयाका अफिसर पगरि डु
ह्या सिपाही सबैनिका आनन्द छौ मुकाम कुगाविन्द्वा शुभम् ——

प्रयेवदी ६ रोज ४ मा

नाहापछि श्री प्राइम मिनिस्टर वाट श्री जनरल धीरसमसेर जंङ कुंवरराणा
जीलाई लेखी गयाको नाहापक्रीयाका दुस्मन् भाग्या सिपाही हरु वेरानी
र घाइया वाहेक सँग लाइ वाटमा उम्कन्या नगरि आहा पठाइदिनु भ
नी हिजो लेखी पठायाको हो सो वमोजिम पठाइ दिन्याका मगर हाम्रा प
ल्टन्का घाइया हरुलाई वडुनै संभार सग बोकाइ पठाइ दिन्याका मगरडु
स्मन्लाई जिती हात लागयाका माल असवाप मध्ये कसन् नमन्का भाडा
सभु डाडुहरु पल्टन्लाई वाडी दिनु वखुहरु जौन जौन सिपाहीकाछैनन्
उनउन सिपाही लाई वाडी दिनु निसानर सिलखानामा राख्नालायेकका
वर्धी हातहतियार आहा पठाइ दिन्याका मगयावछी याहोला शुभम् ——

प्रयेधदी ६ रोज ४ मा

श्री प्राइम मिनिस्टर वाट कम्यांडर कर्णेल सनक सिंह टन्डलाई लेखी गया
को राजदल श्रीनाथ भैरवनाथ वरख महिन्द्रुदल पल्टन् ५ र पिपा ५०
कामी सार्कि कर्मि ८ तोप वम गैह्र २८ कुगाकि ध्वांमा आड पयेड वलियो
गरि वस्नु देवीदत्त पल्टन १ पिपा २५ कुकुरघाटमा वस्नु दुर्गावक्स कंपनी
१ पिपा १६ केरुंमा वस्नु भनी कटासा को छ ईन्का भान्साकेटा भरिया सै

मलाई १४म हिनासम्म लाई. आनमुगन्यारसिंहको वन्दोवस्त वाकी. अड्डा अड्डामा. मुन्याई नेपालपाहाडवाट अघी टिमुन्यागोदाम. दाखीलगन्याकोर. पछी मधेसवाट आयाको. थोका आह्वावाट रवानागरि पठायाको स्नेतआ. वाधी. तेसमस थ्ये तुलो फौजले आयाको येती दुले आवमो जिम. अटिया. कालाई १४मैह्ना सम्म आनलाई चाहिन्या येति गोदामवाकी रहन्याथे ति. भंन्याकागज तयार गरि पठाइदिन्याकामगर. मपनी आषाडवदी ४रोज २का दिन ६ घडी वाकीछदा. घरआइपुग्या. कुती तर्फ भाइजनरल ले. ख्याकर्लि भंन्याजगामा. डुस्मन्‌का फौज ४९२लाइ कतल गरि ३२जना लाइपक्री. ख्याकर्लि भंन्याजगा. सरगन्याछन्‌ नाकलाघार. छौरगुन्वाइ जगासर भयाको. २१तोपको वढाई दिन्याकामगर्न्या शुभम्.

प्र. षेवदी ६रोज ४मा

गर्नेयथाश्री मिनिस्टर जनरलवाट. मेजरकपतान्‌. महाहरुवन्तकेले खीगयाको. जेष्ट भुदी ५रोज १का दिन. कुतीका इलाकाको. मुनागुम्वा. भन्याकोजगामाडु स्मन्‌. का फौजले येतादिन आउदा. लडाईगरि आफ्ना फौजवचाइ. डुस्मन्‌का फौजलाइ कतल गरि. मुनागुम्वा दखल भयाको. २१तोपको सलामीगरि. श्रीमंन्त्री श्रीजनरल धीरसम्सेर जङ्गकुवर राणाजीवाट लेखी आउदा श्री हापनी. फक्सनामाको २१तोपको वढाइ गर्न्याकामगर्न्यौं. ताहापनी खुसीनामा को २१तोपको वढाई गर्न्याकामगर. शुभम्.

येहीवेहोराको. सिधुलीइलाम्‌. धनकुट्टा. फलाकलामाव गर. डोटी. पाल्पा. सुठाना. अरु जगाजगामा पनी लेखीगयो.

दफे श्री मिनिष्टर जनरल वाट मेजर कपतान् महारुद्र षत्रि केले षीगया को वैसाष मैह्ना का २७ दिन जाहा लडाञी नगरि मलनमैं हीरा नाकलाबार कोट सर गरि. सुसी नामाको वडाई गर्‍यौं भन्या विस्तार श्री मेजर जनरल कर्णषोज कुवर राणाजी वाट लेषी आयो जेष्ठ सुदी १० रोज ७ का दिन लडाञी गरी हुस्मन्‌का ५ जना मा नि हत लाई पक्री आफ्नु फौज वचाई हातहतियार माल असवाप गैह्रा हात लाग्यो. और गुम्वाद खल गर्‍यौं भन्या विस्तार मेजर कपतान् हरिहरसिंह वस्न्यात वाट लेषी आयो. जेष्ठ सुदी १५ रोज ५ का दिन सुना गुम्वा का नगीच आक्रमि भन्या जगामा ठुलो लडाञी गरि १५ समेत नामा नि हत्या ई कब्ज गरि वडाई गर्‍यौं भन्या विस्तार श्री भाइ जनरल धीर समसेर जङ कुवर राणाजी वाट लेषी आयो. नाकलाबार कोट और गुम्वा आक्रमि लीई २ जगा दषल भयाका सुसी नामाको. आहा पनी सुसी नामाको २१ तोपको सलामी भयो. ताहा पनी २१ तोपको सुसी नामाको सुसी नामाको वैठाई गर्‍या. कामगर औन्या हिन्या अफिसर २ लडन्या केही फौज लाई कुरा कि दामारा षीरमद गैह्रा सबै कुराको वैहोवस्त मिलाई अह्राद्‌ लिकाई केही फौज सा ष माली प्रथम आड वदी ४ रोज २ का दिन श्री प्राइम मिनिष्टर दाजेजूपनी आह्नु नेपाल दरबार मा पाउ लाग्नु भयो. शुभम्

मि धुली गढी इलाम सुठाना और गुम्वा जुमला नाकलाबार पाल्पा धनकुटा जगाजगामा पनी वैठाइ गर्नु भन्या वेहोरा लेषी गयो.

प्र थे वदी ६ रोज ४ मा

नसैविच श्री जनरल धीर समसेर जङ्ग कुवर राणाजी वाट लंगुर काठ किमा

वक्ष्या बिकट्का मालिक् के लेषी गयाको उप्रांन हामीले लंगुरकाफेदी
सम्म हाम्रो फौज पुग्दा येसै वेलामा हेनारि न् अस्वा वाट अवनिमीलेजा
हासम्म वठी मुलुक लियो लियो अव ताहादेखी नवठनु भंन्याछ कुम
आउदा लेगुरकाफेदी येसतरफ विकट् राख्याछो त्नि विकट फिकी हाल
फिकेनो भन्याछ इततरफको येकै जगा नजिकपारी फेरे येसकुराको तिमी
हरु सित लडाञी होला सो वुझी विकट् राख्या तिम्रा विकट लंगुरदेखी
परतिर राख्याका सगरः शुभम्

## प्र येवदी ७ रोज ५ मा

तसैवखत श्री प्राद्रुम सिनिसरका हजुरमा श्रीजनरल वीरसम्सेर जङ्गकु
अरराणाजी वाट लेषी चह्राइ पठायाको हजुरवाट भैरवलीगुरकाफेदी
मा गैवछु भंन्या सिक्षा अर्जि आउनी विन्तिकै ख्याकलिवाट कुचगरि
येलेप भन्याको जगा ३कोसमार हेछ येलेपदेखी पोने येककोस माला
हिं भन्याको जगामा छाउनीगरि वश्याका मगन्या आहादेखी भैरवलं
गुरकाफेदी अढाइकोसर हेछ त्यासिंदेखी ठलुङ भन्याको जगा आधा
कोसर हेछ नेसगाउदेखी ४कोससमा ख्यासि बारगाउमा ५च हजारको
ज छ भंन्या हजुरवाट सिक्षा आयो आहापनी वुरुदार्जसै भंछन् आ
हादेखी लंगुरमा फौज अव ठाई लंगुरकाफेदीमा पुग्णा पर्छ ख्यासिवा
रको फौज पालगुको वाटोगरि येक औंतरटेकी ठुलुं भंन्याजगामा
आयो भन्या हाम्रा लस्कर देखी पछाडी पर्छ लंगुरका मुखमा रह्या
को मुडुडाको फौज अगाडी वाटवठी आयो भन्या हाम्रा लस्कर वि

चमा पर्‍या जान्याछ आहा आज का १ दिन मुकामगरि लै गुरका फेदी सम्मर क्रम जगा जगा मा पनी दुस्मन को फौज काहा काहा छ भनी हेर्न पठाई ऐस्को तहकीत गरि भोली आहा वाट फौज कुच गराई भैरवलै गुर का फेदिमा वस्यागरि जान्या काम गर्दछु अघि छाकलिमालड हा भागेका भी ध्याको फौज ये ता गयो उ ता गयो भंन्या केही पत्ता छैन विचविचमा रह्याको रसद साडाका पर्लाकी भंन्या संदेह पनी लागी रहेछ रसदमा पल्टन् काप छी राखी दिउ भन्या आ ५ पल्टन् मा ऐक पल्टन् जती वेरामी छन् हा वा पानी कम हुनाले दिनपर्दिन वेरामी वढदै छन् रसद मार श्री छास्का मनी प्रसाद राणा सिंदल का पछी राख्या काले मात्र दुस्मन आइ पर्‍यो भन्या तिनले केही सार्न सक्न्या छैनन् पल्टन हिंगे राखी देउ भन्या दुस्मन को फौज धेरै रह्याको हुलो मुडडामा लडनु पर्न्या हुनाले पल्टन् फो रि रसदमा राख्नु भयेन मुकामन्या सिंड गाउं शुभम ———

प्र ऐ वदी १ रोज ५ मा

सोही वखत श्री ३ महाराज मिनिष्टर का हजुरमा श्री जनरल जगत्समसेर जङ्ग कुवर राणाजी वाट लेखी चलाई पठायाको मैले चिठी लेख्याका १ दिन भित्र चिठी न पुग्दै हान्या भन्या अघी केउ दिमा हान्याको ठहर छ १ दिन पछी हान्या भन्या चिठी पुग्या पछी हान्याको ठहर्छ मेरो चिठी पुग्या पछी लडन्या छैनन् भनी ता लेख ये संग कुरा भयाका हुन् चिठी न पुग्दै १ दिन भित्रमा ला मावगर वाट छोर गुम्वा हानी सर गस्याछन् सुना गुम्वा वाट आकलिं सर भयाको श्री कीर्ति भाई ले पठा

याको चिठी को नकल उतारि पठायाकोछ सैहले सबै विस्तार बुझीयला भनी लेषीबक्स्याका अर्थ लाई ख्याकलिसर भयाको चिठीकोनकल् पाउदाव डो षुसी लाग्यो षुप ज्मामर्द गऱ्याछन् वाफ ज्यादाको नाउ थामी निमकको हलाल गऱ्याछन् योवेहोरा कर्णेल् सिंहविर पाडे अजीज्विद्धिमान सिं राज भण्डारी लाई चाडो लेषी पठाउ भनी लेषीबक्स्याका अर्थ चिठी पुगनेमात्र निज कर्णेल् अजीज्वि लाई योतेहोराको चिठी लेषी जुगाकोवाटा कम्यारडर कर्णेललाई यो चिठी सेतोऊँडामा रात साजगरि चाडो छिगरितर्फ रमानागरि पठाउन्याकामगर भनी लेषी पठायां शुभम्

प्र. चैवदी ७ रोज ५ मा

नैसैघडी श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल कष्ण षोजकुवर राणाजी बाट लेषी चह्राइ पठायाको नक्सामा कोस हाली पठाउनालाइ नतापियाकोइ नाले कोस हालन भयेन अँनाजीकोस लेषी पठाउनुपर्न्या हो अँनाजीकोस हालन पनी अघी पठायाकोमात्र मा भुल्या छु क्लुबि निवह्राईको छु अैलेसर भयाको नाकलाबार इलाकाको जगाको अँदाजी कोस हाम्रा पारिको नागन्याको पुरानासिवामादेषी कैलास सम्म उत्तर दक्षिणाकोस २१।२२होला भँछन् वठिको सनाषी नहकिनगरि कोस ल्येत पुन्याको नक्सा उतारि चह्राई पठाउन्याकाम गऱ्हेला मुकाम नाकलाबार शुभम्

प्र. चैवदी ७ रोज ५ मा

नलेवषत् श्री मिनिष्टर जनरलका हजुरमा श्री जनरल धीरसम्सेर जङ्ग कुवर राणाजी बाट लेषी चह्राई पठायाको मैरवलैगुरमागेवछु भन्या श्री प्राई

म·मिनिष्टर·दा·जैजू·वाट लेखी·आउदा·छाकलिं आड·वाट·कुचगरि·पार·
लेप·भंन्याको·जगा·३·कोस·रहेछ·पार·लेपदेखी·पोने·ऐक·कोस·मा·त्यासि·भं·
न्याको·जगामा·छाउनी·गरि·वस्याका·मगन्या·आहादेखी·भेरवलैगुर·काफेदी·
२॥·कोस·रहेछ·त्यासिंदेखी·तुलुं·भंन्या·जगा·॥·कोस·रहेछ·नेर·गाउँदेखी·लै·
गुर·गिर·जान्या·वाटो·र·पालगु·गिर·जान्या·वाटो·फाट्याको·रहेछ·पालगुदेखी·४·
कोसमा·खासिआर·गाउँमा·५·हजार·फौज·छ·भंन्या·हजुर·वाट·सिक्षा·आया·आहाप
मी·बुझदा·उसै·भन्छन्·आहादेखी·फौज·वढाई·लैगुर·काफेदी·तुम्या·पछि·खा
सिआरको·फौज·पालगु·को·वाटो·गरि·ऐक·अंमर·टेकी·तुलुं·भन्याको·जगामा·
आयो·भंन्या·हाम्रो·लस्कर·विचमा·पर्न·जान्या·छ·आहा·आजको·१·दिन·मुकाम·गरि·भै·
रवलैगुर·काफेदि·सम्म·र·अरु·जगा·जगामा·दुस्मन्·को·फौज·काहा·काहा·छ·भंन्या·हे·
र·पठायाको·खबर·की·गरि·भोली·आहा·वाट·फौज·कुच·गराई·लैगुर·काफेदी·माव
र्चा·गरि·जान्या·का·मगर्छु·अघि·छाकलिंमा·लड्दा·भाग्याका·भोट्या·को·फौज·अ·
घेला·गयो·उता·गयो·भंन्या·पत्ता·छैन·विच·विमार·ह्याको·रसद·मा·डाकपत्ती·की·भंन्या·
कोहि·लागी·रहेछ·रसदमा·पल्टन·का·पट्टी·राखी·दिउ·भन्या·आ·पल्टन्·मा·१·प
ल्टन्·जती·वेरामी·छन्·हाल·पानी·कम·हुनाले·दिन·पर·दिन·वेरामी·वढ्दै·छन्
रसद·मार·श्री·छ·स्काम·नी·प्रसाद·पट्टी·राख्या·का·मा·चले·दुस्मन्·आई·पर्‍यो·भन्या·भि
नले·केही·गर्न·सक्न्या·छैन·पल्टन्·संगै·राखी·देउ·भन्या·दुस्मन्·को·फौज·ठौरै·रह्याको
तुलो·मुडडा·मा·लड्न·पर्न्या·हुनाले·पल्टन्·फोड्नु·भयेन·अरु·कुरा·जो·परी·आउला·
विन्ति·चढाई·पठाउन्या·काम·गरुंला·हुलो·सिका·किराती·हरुलाई·लडाऔं·गयो·भन्या·
पतिया·होला·भनी·भन्याको·हो·ति·किराती·हरुलाई·आफ्ना·मेल·नभै·खाकलांदे·
खी·भागी·गया·तिन·हरुलाई·पतियादि·न्याका·म·नगरि·वकस्या·जाला·मुकाम·त्या·
सिं·शुभम्·

प्रथेवदी ७रोज ५मा.

माहापछी श्री मिनिष्टर जनरलवाट श्री विर्गेडीयर जनरल षड्गवहादुर कुवरराणा
जी लाई लेषी गयाको वैसाष मसि नाका २४दिन जादा लडाञी न गरी मलन नै
संग नाकलाबार कोट सरगरि षुसी नामाको वठाइ गर्‍यौं भंन्या विस्तार श्री मेज
र जनरल कृष्ण धोज कुवर राणाजी वाट लेषी आयो जेष्ठ शुदी ८ रोज ५ कादिन
कोसाये नगरि छौर गुम्बा देषी १ कोस वठो वस्या वडा कै विकट जगामारी आ
ड पयेड्व लियोगरि वस्या दुस्मनका फौज संग लडाञी गरि फौजलाई कतलग
रि जेष्ठ शुदी १०रोज ७कादिन छौर गुम्बा दषल भयो षाद्न्याको थाहा भयेन दुस्म
नका फौजमा जना ५मा म्या छन् दुस्मनका फौजमा षानलागी जना ५पछी याकाछ
न बर्छी भाला च्यापसा छुरी हातहतियार गरि १५०र अरू वषु पाषी मालअस
वाप सहद थैला हरू पनी हातलाग्या छौर गुम्वा दषल गरि वठाइ गर्‍यौं भन्या
विस्तार मेजर कप्तान हरि हर सिंव छ्यान हरूवाट लेषी आयो फेरि कुतिका
ईलाका सुनागुम्वा देषी दक्षिण तिसये कदम घ्याकर्लिं भंन्याकि ध्यामा जेष्ठ
शुदी १५रोज ५कादिन चढाई गरि ६घडी दिन चढदा लडाञी जोरियो अढाई
घडीसम्म हैजरका फुटन्यागोला ३२ वमगोला २५ चार पैंनीका जगी गोला १००
गिराफ गोला ६ येक पैंनी गोला ३५ ज्मा गोला १९३ हान्दा दुस्मनवाट पनी ६१७ गोल
जजाल २० तोलाका गोली आन्या तोप २ले वरोवर फयेर गर्‍या अढाई घडीसम्म
लडाञी ऊदा दुस्मनका फौजले आड वाट येकपनी ननिस्की भित्रै दवी रह्या
अव तोपको षर्च जाना ज्यादा षर्च गरि दुस्मनलाई सिकिस्त नऊदा दाहीना वाम
का टिप्या टिप्यामा चढी फयेर गर्दा दुस्मनले पनी वैंदुक तोप जजालले येकै
वाजी फयेर गर्‍या हाम्रा फौजले हल्ला गरी मेसै दिन घ्याकर्लिं भन्या किद्या
दषल भयो किद्या पनी वडो मजबुत संग वनायाको रहेछ किद्याकोल

...म पश्चिम पट्टी हात ३२४३ पुर्व पट्टी हात ४८०० ज्माल माइहात ७५४३ रहेछ
पहलोर फौज हात हटियार अर्मजाना रसद पानी को मजगुत गरि वस्याको रहे
छ अंगेरेजी नवर सित लडाञी भयो दुस्मनको खेत पर्याको ४२२ हामीले
पक्र्याका जना ३२ औ निसान् ४ लस्करी र जजाल गरि ज्मा वंदुक २५१ वर्छा
७२४ आपसा २० छुरि ३७ सिसा गोला १०४७७ कसन नमन फलाम्या वुलासा
नागरी भाडा र वषु पासी स्मेत ज्मा थान ८५५ घोडा ८ गदाहा १६ थति हात
लाग्या हाम्रो फौजमा मर्याका ५ जना २२ घाइत्या भया यस्तारीन संग ख्याक
लिं भंन्या जगा दखल भयो भंन्या विस्तार श्री भाइ जनरल धीर स्मसेर जङ्ग
कुवर राणाजी वाट लेखी आयो खैरगुन्या १ ताकुलाथार १ ख्याकलिकि
ल्ला १ ज्मा जगा ३ दखल भयाका कुरी नामाको आहा पनी २१ तोपको वठा
ई भयो ता हा पनी २१ तोपको कुसी नामाको वठाइ गराउन्याका मगर वाकी
श्री प्राइम मिनिष्टर दाजैज्यू कुगा कि ल्लामा पाउँला गनु भयापछि नआहेता
रिन अम्वाले पठायाका ताल्वैये संग भेटघाट गरि जवाप सवाल भै आज
का १० दिन भित्रमा अम्वा वाट जवाप ल्याउछु भनी ल्हासा त फर्याका ताल्वेसे
८ दिन भित्रमा आई गोर्खाली पचायत्रा उमराउ फौज हरु आई रह्याछन उन
को मुख उज्मालो गरि दिउँला यांको वंदोवस्त मिलाई दिउँला भनी अम्वाले
१० दिनका करार भित्रमा समाचार पठाउला अव लडाञी गर्नाको जोगळे
न भनी यांको वंदोवस्त गार्न लाई कर्णेल सिंह विर पाडे सजी चि सिद्धिमान सिं
राज भडारी सरिदार खिर्जनर सिं लाई खटाई नआहेता रिन अम्वा सित प
ठाञा यामिल्यो भन्या वठीये भयो यावन्दोवस्त मिलेन भन्या हाल लडाञी ग
र्नु पर्न्या हुँदा टिगरिसम्म रसद पानी को वंदोवस्त लाई पुगी नसक्या आषौस
म्म यसालमा रसद पानीको वंदोवस्त मिलाई लडौला भनी केही फौज र

अफिसरहरुलाई ऊगा किश्नामा राखी र मदगौडकोवंदोवस्त मिलाई केही
पल्टन साथमा ली प्रथम आडवदी ४ रोज २ का दिन श्री प्राइम मिनिस्टर दाजै
आफनी आहा नेपाल दर्बार पाउलागनु भयो शुभम्

श्री मिनिस्टर जनरलबाट मेजर कपतान सुमेर सिं कुवरले लेखी पठायाको कुकुर
घाटमा आई छाउनी वनाई बस्नु भनी मर्जि आउदा फाल्याकापाल तुनतान गरी
कुकुरघाटव अजानछौं भनी लेख्याका कुरालाई निपाल तुन तालगरि निर्वाह
हुदैन ताहा काठ कटाई मजगुतीगरि घर बनाई बस्याका मगरनु तोपका कुरालाई
ऊगावाट फिकाउन पर्दैन तोप २ आहावाट गयाका छन दुइै तोप रा बन्याका मगर्नु शुभम्

प्रथम आषाडवदी ७ रोजमा कर्णेल त्रिविक्रम सिं थापा केहुं बाट फर्कि नेपालका
ठमाडौ आई पुग्या

प्रथमवदी ८ रोज ६ मा

तेसैवखत श्री प्राईम मिनिस्टरकाहजुरमा कमांडर कर्णेल सनक सिं खत्रीबाट
लेखी चह्राइ पठायाको आजका १०।११ दिन वांकीमा श्रीवर पलटन पश्चिमतो
लॉडकोवाटो गरि ऊगा किश्ना आई पुग्या इनहरुसंग वसी इनले गरि आयाका
कामैगेहू वेहोरा वुझी हाल विस्तार विंति लेखी चह्राइ पठाउन्या काम गरहूंला शुभम्

तेहीवखत श्री प्राइम मिनिस्टरकाहजुरमा श्री मेजर जनरल कृष्ण धोज कुवर
राणाजीवाट लेखी चह्राइ पठायाको हडक किश्नामा भोट्याको फौज जमा भ
याको छ भंन्या खवर अघी आउदा सो विस्तार अघी विंति गरि पठायाको हो
ठानाका छेवाहरुले हडक किश्नाका फौज उठाई ठानामा आयो अवठा

ना·वाट पनी·ताक लाघार·तर्फ जगामा आउछ भंन्या खवर·आयेर भोटयाको
फौज आयाको हो·होइन आयाको रहेछ भन्या कति फौज रहेछ कस्ता तरह संगव
स्याको रहेछ ताहादेखी पनी·वझना आउन्या·खबर छकी कसो छ भनी·मानिस खु
फन पठाई राख्याको छु जो खवर·आउला·विंति गरि पठाउन्याका मगर हैला मुकाम ताकलाघार·छु भ्न

तेसै घडी·श्री प्राइम मिनिष्टर·का हजुरमा·लेफटेन चन्दु विर विष्ट·ले·लेखी·
चढाई पठायाको·चैत्रवदी·८ रोजदेखी·रसद चल्याको·१८१२साल·वैसाखवदी·७
रोज तकसम्म रसदका धारै चल्याको विचमा १०।२०दिन सम्म·हिउ फरिपर्नेग
येर·वाटावाटैमा·भरिआ धुनी·नगया·सामल भरिल्यायाके·ले·नपुगी·रसदको
भारिमा खायाछन र·कलंपुन्याउन सकेनन·नसक्का सवालका कलंआंवाकी·क
सो भन्दा·घर पुगी·लगनै·ली आउछु·कलं पुन्याउछु·भनी·भाकाराखी·गयाका
छिलो भयो भन्या फौज पुग्याका ठाउमा·रसद पुन्याउनु पर्ला·भनी·वंदेज गरिप
ठायाको कोही लेकलम रहतावाकी·पनी·ल्याउ देछन·दाखी[illegible]को अना
ज भरि·रहीद दि·थुं·खानी गेहूमा·मुलुकका खानी गेहूले·पुग्याया भन्या हामी·
पनी·पुग्याउला·भनी·अडीयाकार ह्याका[illegible]न चारवर्ष २६ आन ले रसद आ
फना खाफना अड्डामा पुन्याउनु·भनी·सवाल दस्कत भयाको·भिच्यौ भनी·ध
र्पकर गरि समाउदा·पनी·आजसम्म·खानिवालाज त्तिले·रसद दाखील गऱ्या·
कोछैनन·खानीवालाको·रसद ढिल भयो·भन्या·फौज रह्याका·ठाउमा पुन्या
उनु पर्ला·भनी·रह्याको·वाकी कलं·फौज टिगरि पुग्या पछी·टिगरि भन्यो हो
की·आहा गोदाम मा भर्नेहो·यसै गर·भंन्याउ भयावक्ती म भया·सोमाफिकफी
रन्चढाई·ला·रसद मा गयाका सिपाही·जगा·जगा धुम धुममा·रह्याकै छन·कि

# ABOUT THE AUTHORS

| | | |
|---|---|---|
| Suresh Suras Shrestha | – | Archaeological Officer<br>World Heritage Conservation Section, DoA |
| Hari Ram Joshi | – | Research Scholar<br>Man Bhawan, Lalitpur |
| Dr. Bhabeswor Pangeni | – | History Department<br>T. U. Kirtipur |
| Shyam Sundar Rajbanshi | – | Epigraphist Officer, DoA |
| Michihiro Narita | – | Lecturer of Japanese History<br>Campus of International Languages<br>T.U. Exhibition Road, Kathmandu |

•